# पहिलो परिच्छेद

# शोध-परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक 'उदय जी.एम.को जीवनी, व्यक्तित्व तथा कृतित्वको अध्ययन' रहेको छ ।

## १.२ शोधार्थीको नाम

हरिप्रसाद भट्टराई

## १.३ शोध प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको आवश्यकता पूर्तिका लागि रहेको छ ।

## १.४ विषय परिचय

साहित्यिक क्षेत्रमा ज्यादै अगाडि रहेको मानिने रोल्पा जिल्लाबाट बसाइ सरेर ढिकपुर-७, एकलघरुवा, दाङलाई कर्मथलो बनाउदै हाल घोराही दाङमा रहेका उदय जी.एम.को जन्म वि.सं. २०२८ साल असार १६ गतेका दिन करेटी- ९, हुड्दुङ रोल्पामा भएको हो । नेपाली भाषा साहित्यको विकासमा महत्वपूर्ण भूमिका निभाइरहेका साहित्यकार जी.एम.ले सामाजिक र साहित्यिक क्षेत्रमा देखाएको सक्रियता अनुकरणीय रहेको छ । मध्यपश्चिमाञ्चलको साहित्यमा गहिरो अनुराग भएका साहित्यकार उदय जी.एम.ले साहित्यका मुख्यगरी कविता, गजल, उपन्यास र हास्यव्यङ्ग्य निबन्ध विधाहरूमा कलम चलाएर नेपाली साहित्यको बगैचालाई हराभरा बनाएका छन् । लामो समयदेखि साहित्य साधनामा लिप्त उनले वि.सं. २०४८ सालमा 'पञ्जाबदेखि रोल्पासम्म' नामक लामो कविता प्रकाशन गरेका थिए । त्यस्तै उनका अन्य कृतिहरूमा 'कालो टीका' (२०५६) उपन्यास, 'मौसमका हरफहरू' (२०५९) कवितासङ्ग्रह, 'उनका गजल' (२०५९) गजलसङ्ग्रह र 'पुच्छर नभएका हनुमान' (२०५९) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । यसका साथै प्रतिभालाई भाषाको कठबारले समेत रोक्न

सक्दैन भन्ने मान्यता राख्ने जी.एम.का थुप्रै लेखरचनाहरू विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरूमा समेत छरिएर रहेका छन् । उनका यी कृतिहरूको हालसम्म कुनै शोधकार्य गरिएको छैन त्यसैले यो शोधकार्यमा उनका साहित्यिक कृतिहरूको वस्तुगत र वैज्ञानिक ढङ्गले मूल्याङ्कन गरी निचोडमा पुग्ने प्रयास गरिएको छ ।

## १.५ समस्याकथन

सामान्यतया कुनै पनि खोज अनुसन्धान कुनै न कुनै समस्याहरूमा आधारित भइ नै रहन्छ । प्रस्तुत शोधकार्यमा पनि साहित्यकार उदय जी.एम.का कृतिको अध्ययनपश्चात् केही विषयगत आयामसाग सम्बन्धित जिज्ञासाहरू पूरा हुनसकेका छैनन् । यिनै जान्ने इच्छाहरू नै यस शोधकार्यको समस्या बन्न पुगेका छन् । साहित्यकार जी.एम.को जीवनी र साहित्यिक रचनाहरूको अध्ययन गर्दा निम्न कुराहरूलाई समस्याको रुपमा लिइएको छ :-

(क) साहित्यकार उदय जी.एम.को जीवनीवृत्त के कस्तो रहेको छ ?

(ख) उनी संलग्न साहित्यिक विधाहरू कति छन् ? कसरी निर्क्यौल गर्ने ?

(ग) उनका साहित्यिक रचनाहरूमा के कस्ता प्रवृत्तिहरू रहेका छन् ? कसरी विश्लेषण गर्ने ?

(घ) उनका कृतिहरूको साहित्यिक मूल्य के छ ?

## १.६. शोधकार्यको उद्देश्य

कुनै पनि कार्यको उद्देश्य हुन्छ । उद्देश्यविहीन कुनै कार्य गरिादैन । यदि उद्देश्यविहीन कुनै कार्य गरियो भने त्यसको खासै अर्थ र महत्व हुादैन, तसर्थ यस शोधकार्यको उद्देश्य उदय जी.एम.को जीवनीवृत्त, उनका रचनाहरूको वस्तुगत अध्ययन र विश्लेषण गरी निश्चित निष्कर्ष निकाल्नु रहको छ । बुादागत रुपमा यस शोधकार्यका उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

- साहित्यकार उदय जी.एम.को जीवनीवृत्तको विस्तृत अध्ययन गर्ने,
- उनी संलग्न साहित्यिक विधाहरू निर्धारण गर्दै सङ्कलित सामग्रीहरूका आधारमा उनी संलग्न रहेका साहित्यिक विधाहरूको निर्क्यौल गर्ने,
- उनका साहित्यिक प्रवृत्तिहरूको पहिचान र विधा तत्वका आधारमा तिनको व्याख्या विश्लेषण गर्ने,

) उनका कृतिहरूको साहित्यिक मूल्य निर्धारण गर्ने ।

## १.७. पूर्वकार्यको समीक्षा :

साहित्यकार उदय जी.एम.को जीवनी, व्यक्तित्व र हालसम्म प्रकाशित कृतिहरूको क्रमबद्ध अर्थात् सबै दृष्टिले अध्ययन-अनुसन्धान हुन सकेको छैन तापनि केही छिटपुट पुस्तक र पत्रपत्रिकाहरूमा सामान्य चर्चा-परिचर्चा गरिएको पाइन्छ । तिनै पुस्तक र पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरू यहाा प्रस्तुत गरिएको छ :-

**(क) टीकाराम उदासी, 'युगीन समवेदनाको सहयात्रा : उनका गजल', उनका गजल, अतिरिक्त प्रकाशन, काठमाडौं : २०५९ ।**

प्रस्तुत लेखमा जीवनचेतना र कालचेतनाका आलोकमा सिर्जित उदय जी.एम.का गजलहरूमा सङ्घर्ष र परिवर्तनप्रति अटूट आस्था एवम् सुन्दर भविष्यप्रतिको आशावादी स्वर गुन्जित भएको पाइन्छ भनेर उनका गजलीय विशेषताहरूको संक्षिप्त चर्चा गरिएको छ ।

**(ख) रुद्र खरेल, 'पुच्छर नभएका हनुमान : समसामयिक समाजको यथार्थ चित्र', पुच्छर नभएका हनुमान, सहस्राब्दी प्रकाशन, काठमाडौं : २०५९, पृष्ठ च, छ र ज ।**

यस शीर्षकको लेखमा उदय जी.एम.का निबन्धहरूमा रहेका प्रवृत्तिगत विशेषता, वर्तमान हाास्यव्यङ्ग्यका रचनामा उनको योगदान र उनको एक मात्र हाास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको संक्षिप्त व्याख्या विश्लेषण गरिएको पाइन्छ ।

**(ग) टीकाराम उदासी, 'राप्तीको समकालीन कविताको भावभूमि', आाखीझ्याल (वर्ष १, अङ्क १, २०५९ माघ-चैत्र), पृष्ठ १२ ।**

प्रस्तुत लेखमा छयालीस सालपूर्वभन्दा उत्तरको राप्तीको आ̃नो परम्परा सङ्ख्यात्मक र गुणात्मक दुबै दृष्टिले अत्यन्त प्रभाव रहेको र समकालीन नेपाली कविता फााटमा राप्ती क्षेत्रका प्रतिभाहरूको उपस्थिति र सक्रियता पनि अर्थपूर्ण रहेको चर्चा गर्नुको साथै प्रयोगशैली, संरचना र भावगत स्वरबाट उदय जी.एम.जस्तो कविको प्रवृष्टिले गर्दा आजको राप्तीको साहित्य समृद्ध हादै गइरहेको व्याख्या विश्लेषण गरिएको छ । उक्त लेखकै माध्यमबाट उनी गजल क्षेत्रमा पनि सक्रिय देखिएको भनी चर्चा गरिएको छ ।

(घ) अमर गिरी, 'नेपाली गीत संगीतको क्षेत्रमा रापतीको योगदान' रापतीका गीत, अतिरिक्त प्रकाशन, काठमाडौं : २०६०, पृष्ठ- ६ ।

प्रस्तुत शीर्षकको लेखमा उदय जी.एम.को सामान्य परिचयका साथै उनले गीतिक्षेत्रमा पुऱ्याएको योगदानको बारेमा छोटो चर्चा गरिएको छ ।

(ङ) एकिना अगाध, 'मोफसलका सुन्दर कविताहरू' जनएकता, २०५९ चैत्र ३, पृष्ठ- १ ।

यस लेखमा उदय जी.एम.को प्रगतिशील व्यक्तित्वको चर्चा गर्दै नेपाली भाषा र साहित्यमा उनले प योगदानको उल्लेख गर्दै लेखिएको छ- 'नेपालका पश्चिमी क्षेत्रमा रहेर राष्ट्रिय प्रतिभाको रुपमा आफूलाई स्थापित गराइसकेका उदय जी.एम.ले कविताको सागालो 'मौसमका हरफहरू' बजारमा ल्याउनु भएको छ । कविताहरू अत्यन्त समसामयिक छन् । राष्ट्रका राष्ट्रिय राजनीति, सत्तासीनहरूको कुकृत्य र जनभूमिकालाई कविताहरूले राम्ररी प्रतिविम्बन गर्न सफल छन् ।'

(च) एमपी खरेल, 'सङ्कटकालीन पीडाको प्रतिविम्ब : मौसमका हरफहरू', हााक, वर्ष ४, अङ्क २१२, २०५९ वैशाख ३, पृष्ठ २ ।

यो लेखमा उदय जी.एम.को 'नीद हराएका रातहरू' शीर्षकको कविताको र उनको कवितासङ्ग्रहको संक्षिप्त व्याख्या विश्लेषण यसरी गरिएको छ- "उदय जी.एम.ले 'नीद हराएका रातहरू' नामक कवितामा नेपालीहरूले संकटकालको घोषणाले खेप्नु परेका समस्याहरूलाई नै जोडतोडका साथ उठाएका छन् । जुन परिवशेमा शहर, बजार र गाउा जतातत‌ै कर्फ्यूको मार खेप्नुपरेको थियो । राप्ती क्षेत्र यस पीडाको अग्रस्थानमा थियो ।"

(छ) अमर गिरी : 'कालो टीका : सामाजिक यथार्थको मार्मिक प्रस्तुति' कालो टीका ,२०५६ फागुन १३ ।

युवा उपन्यासकार उदय जी.एम.ले कालो टीका उपन्यास चेलीबेटी बेचविखनको समस्यालाई मार्मिक ढङ्गले प्रस्तुत मात्र गरेका छैनन्, यसका विरुद्ध सचेत र संगठित ढङ्गले संघर्ष गर्नुपर्ने कुरा पनि उठाएका छन् ।

**(ज) एम.पी. खरेल, राजनीतिक विकृतिप्रति तिखो प्रहार : 'पुच्छर नभएका हनुमान', हााक, २०६०, वैशाख ३, पृष्ठ ६ ।**

साहित्यकार उदय जी.एम.का हाास्यव्यङ्ग्यात्मक निबन्धहरुले समग्रमा राजनैतिक एवम् सामाजिक विकृत पक्षहरुको विरुद्ध तीखो प्रहार गरेको छ । उनको लेखनमा सरलीकरणको झर्रा शब्दहरुको प्रयोगले उनका रचना अध्ययनमा पाठकहरुको लोकप्रियता बढ्दै जाने विश्वास गर्न सकिन्छ ।

## १.८. शोधकार्यको औचित्य

यस अध्यताले समस्याकथन र शोधकार्यको उद्देश्यमा उठाएका कुराहरूलाई पूर्वकार्यको अध्ययनको समीक्षाले समग्र रूपमा समेट्न नसकेको कुरा पुष्टि गरिदिएको छ । नेपाली कविता, गजल, उपन्यास र निबन्ध विधामा साहित्यकार उदय जी.एम.को महत्वपूर्ण योगदान रहेको छ तापनि हालसम्म उनका साहित्यिक कृतिहरूको सैद्धान्तिक आधारमा सङ्कलन र विश्लेषण भएको छैन । त्यसकारणले उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु नै यस शोधकार्यको औचित्य रहेको छ ।

## १.९. शोधकार्यको सीमाङ्कन

आधुनिक नेपाली साहित्यको साधनामा लागिपरेका उदय जी.एम.ले कविता, गजल, उपन्यास र निबन्ध विधाका अतिरिक्त अन्य साहित्यिक एवम् समसामयिक लेखरचनाहरूमा पनि आफ्नो कलम दौडाइरहेका छन् । उनका समग्र साहित्यिक कृतिहरूको विस्तृत अध्ययन हुन बााकी रहेको देखिन्छ । यस सन्दर्भमा प्रस्तुत शोधकार्यको सीमाक्षेत्र मुख्यतया 'साहित्यकार उदय जी.एम.को जीवनी, व्यक्तित्व र हालसम्म प्रकाशित उनका कृतिहरूमा नै सीमित रहेको छ ।

## १.१० शोधविधि :

प्रस्तुत शोधकार्य उदय जी.एम.को जीवनी, व्यक्तित्व र कृतित्वको सम्बन्धमा उल्लेख्य सैद्धान्तिक अध्ययन नभइसकेको हुादा समग्र अध्ययनका लागि उनका साहित्यिक सामग्रीहरू सङ्कलन गरिएको छ । यस सन्दर्भमा सामान्यतया पुस्तकालयीय अध्ययन तथा जीवनी र व्यक्तित्वका लागि स्वयम् शोधनायक, उनका छरछिमेक र उनीसाग सम्बन्धित व्यक्तिको सहयोग लिइएको छ । विधागत तत्वहरूका आधारमा कृतिहरूको विश्लेषण गरिनुका साथै यस शोधकार्यमा वर्णनात्मक, विश्लेषणात्मक एवम् समालोचनात्मक पद्धतिलाई आगालिएको छ । पादटिप्पणी र सन्दर्भग्रन्थसूची भने प्रचलित विधिअनुसार नै राखिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको  संरचनालाई सुव्यवस्थित र सुसङ्गठित बनाउन निम्नलिखित शीर्षक र आवश्यकताअनुसार उपशीर्षकमा विभाजन गरिएको छ :

(क) पहिलो परिच्छेद : शोधपरिचय

(ख) दोस्रो परिच्छेद : उदय जी.एम.को जीवनी

(ग) तेस्रो परिच्छेद : उदय जी.एम.को व्यक्तित्व

(घ) चौथो परिच्छेद : उदय जी.एम.को साहित्यिक यात्रा, चरणविभाजन र चरणगत प्रवृत्तिहरू

(ङ) पााचौा परिच्छेद : उदय जी.एम.का कृतित्वको अध्ययन र विश्लेषण

(च) छैठौा परिच्छेद : उपसंहार

# दोस्रो परिच्छेद

# उदय जी.एम.को जीवनी

## २.१ जन्म र जन्मस्थान

वास्तवमा उदय जी.एम.को जन्म वि.सं. २०२८ साल आषाढ २८ गतेका दिन पिता निजमान घर्ती मगर र माता खीरमाली घर्ती मगरको कोखबाट जेष्ठ सुपुत्रका रुपमा भएको पाइन्छ तर उनको नेपाली नागरिकताको जन्ममिति भने वि.सं. २०२८ असार १६ गते रहेको छ । करेटी-९, हुड्दुङ, रोल्पामा जन्मेका उदय जी.एम.को वास्तविक नाम उदयप्रसाद घर्ती मगर हो साथै विवश विरही, कुसुम लेकाली, सुम्निामा शर्मा र लल्लुराम उपनामबाट समेत थुप्रै साहित्यिक रचनाहरू उदय जी.एम.ले प्रकाशित गरिसकेका छन् ।[1]

## २.२ बाल्यकाल

पूर्वमा प्यूठान र बाग्लुङ, पश्चिममा सल्यान, उत्तरमा रुकुम र दक्षिणमा दाङ जिल्ला सिमाना रहेको करेटी-९, हुङदुङ रोल्पा नै उदय जी.एम.को जन्मस्थल हो । यही गाउामा उनले आ^नो १६ वर्षसम्मको बाल्यकाल बिताएका थिए ।[2]

पिता निजमान र माता खीरमालीबाट जन्मिएका १० तर जीवित २ छोरा र दुई छोरीमध्ये उदय जी.एम. जेष्ठ सन्तान हुन् । सामान्य किसान परिवारमा जन्मिएका उनले परिवारबाट यथेष्ट मायाममता पाएका थिए । सानोमा अलि चञ्चल स्वभावका उनी तीक्ष्ण बुद्धिका पनि थिए ।[3]

## २.३ शिक्षादीक्षा

घरैमा बसेर स्वाध्याय गरेका उदय जी.एम. अलि ठूलै उमेरमा मात्र औपचारिक शिक्षाका निम्ति श्री सिद्ध प्रा.वि. जगतिपोखरा रोल्पामा प्रवेश गरेको पाइन्छ । आ^नो तीक्ष्ण बुद्धिका कारण प्रथमपटकमै कक्षा ३ मा भर्ना भएर पनि उनी विद्यालयप्रथम भएका थिए ।[4]

---

१. शोधनायकबाट प्राप्त जानकारी ।

२. ऐजन् ।

३. शोधनायककी आमा खीरमाली जी.एम.बाट प्राप्त जानकारी ।

४. श्री सिद्ध प्रा.वि. जगतिपोखरा, रोल्पाका प्र.अ. महेन्द्रकुमार आचार्यबाट प्राप्त जानकारी ।

त्यहीबाट आ̄नो प्राथमिक तहको शिक्षा सकी उनी अन्दाजी वि.सं. २०४४ सालतिर अरनिको मा.वि. नुवागाउा रोल्पामा एकैपटकमा कक्षा आठमा भर्ना भएर कक्षाद्वितीय भएको पाइन्छ । मा.वि. हापुर बिजौरी दाङबाट डेरामा बसी नौ कक्षा पास गरेपश्चात् उनी अध्ययनका क्रममा मा.वि. लिवाङ रोल्पा, भारत एवम् महेन्द्र बहुमुखी क्याम्पस, दाङमा समेत सामेल देखिन्छन् । औपचारिक रुपमा त्यति ठूलो उच्चशिक्षा प्राप्त नगरे पनि अनौपचारिक रुपमा साहित्य, इतिहास आदि विषयको अध्ययनका साथै खोज अनुसन्धानका कार्यहरूमा उनी सक्रिय रहेका देखिन्छन् ।


## २.४ पारिवारिक पृष्ठभूमि र आर्थिक अवस्था

उदय जी.एम. आठ वर्षको हुादा उनका हजुरबुबा चित्रबहादुर जी.एम.को निधन भएपश्चात् हजुरआमा हस्ता घर्तीले नै घरको सम्पूर्ण रेखदेख गरेको पाइन्छ । सामान्य किसान परिवारमा जन्मिएका जी.एम.को आर्थिक अवस्था सन्तोषजनक रहेको छ । वि.सं. २०४८ सालमा रोल्पादेखि ढिकपुर-७, एकलघरुवा दाङमा बसाइा सरेका उनले वि.सं. २०५३ साल भदौमा घोराही प्रवेश गरेको पाइन्छ । घोराही एक वर्ष होटल व्यवसाय गरेपश्चात् उनी हाल घोराही-११, लोहासुर दाङमा एउटा सञ्चारसेवा खोली विभिन्न पत्रपत्रिकाहरू स्तम्भलेखन गरी सुखी परिवारसाग मध्यम स्तरीय जीवनयापन गरिरहेका छन् ।

## २.५ वंशपरम्परा

उदय जी.एम.को वंशपरम्परा खोज्दै जाादा राप्ती अञ्चलको पहाडी जिल्ला रोल्पाहुादै दाङसम्म पुग्नुपर्ने हुन्छ । उनको वंशपरम्परालाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ-

वंशावली तालिका




स्रोत :- उदय जी.एम.को डेस्कटप

## २.६ संस्कार

उदय जी.एम. सात दिनको छादा नामाकरण संस्कार भएको भेटिन्छ । तत्पश्चात उनको आफ्नो रीतिरिवाज अनुसार अन्य संस्कार गर्नु आवश्यक देखिादैन ।[५]

---

५. शोधनायककी आमा खीरमालीबाट प्राप्त जानकारी ।

## २.७ विवाह र सन्तान

उदय जी.एम.को विवाह वि.सं. २०५२ साल फागुन २५ गते २५ वर्षको उमेरमा गोबरडिहा-७, सुपैला दाङ निवासी बुबा जितबहादुर घर्ती र आमा तीरसना घर्तीकी एक मात्र सुपुत्री ज्ञानमाला घर्तीका साथमा भएको हो । हाल उनका दुई छोरा अजय र अभय छन् । जेष्ठ सुपुत्र अजय वि.सं. २०५४ साउन ३० मा जन्मिएका हुन् र उनी लालीगुराँस आवासीय मा.वि. घोराहीमा कक्षा ८ मा अध्ययनरत छन् भने कान्छो छोरा अभय वि.सं. २०५६ भदौ ५ मा जन्मिएका हुन् । उनी पनि हाल लालीगुराँस आवासीय मा.वि. घोराही मै कक्षा ५ मा अध्ययनरत् छन् ।

दुई छोराहरू एवम् पत्नी ज्ञानमाला जी.एम.बाट उदय जी.एम.लाई साहित्यसिर्जना एवम् पत्रकारिता क्षेत्रमा ठूलो सहयोग भएको देखिन्छ । लेखरचनाहरू साफी गरिदिने, संकलन गरिदिने आदि कार्य उनीहरूबाटै भएको बुझिन्छ ।[६]

## २.८ मावली घर

उदय जी.एम.को मावली घर रोल्पा जिल्लाको करेटी-१, सिवाङधारामा रहेको पाइन्छ । उनका कुनै पनि मामा नभएतापनि हजुरबुबा र हजुरआमाबाट पर्याप्त मायाममता प्राप्त गरेको देखिन्छ ।

## २.९ स्वभाव र रुचि

उदय जी.एम. सानोमा अलि चन्चल र निडर स्वभावका थिए । उनी सानैदेखि मिलनसार र आफ्ना मनमा लागेका कुराहरू भन्न नडराउने निडर, उदार र जिज्ञासु प्रवृत्तिका थिए । सदा आफ्नो कुलाचार धर्ममा रहने जी.एम.ले स्वतन्त्रतालाई प्यारो ठान्ने गरेको पाइन्छ । सहयोगी स्वभावका जी.एम.को साहित्यका साथैसाथै अध्ययन, पत्रकारिता, चित्रकारिता, मूर्तिकला, गीत र संगीततर्फ पनि रुचि रहेको देखिन्छ । मानवलाई मानवताकै व्यवहार गर्ने र दानवीय व्यवहार गर्ने जो कसैको पनि ठाडो विरोध गर्ने उदय जी.एम.को रुचि मानवतातिर ढलेको पाइन्छ ।[७]

---

६. शोधनायककी पत्नी ज्ञानमालाबाट प्राप्त जानकारी ।

७. ऐजन् ।

## २.१० आस्था र विचार

उदय जी.एम. मूलतः कम्युनिष्ट विचारधाराप्रति आस्थावान रहेका देखिन्छन् । प्रगतिशील विचार भएका जी.एम.को साहित्यिक लेखनमा राजनीतिको पनि प्रभाव परेको देखिन्छ । यसको मतलब उनले साहित्यमा राजनीतिक सिद्धान्तको एकोहोरो नारालाई समाजलाई समयसापेक्ष परिवर्तन गर्ने र अराजक तथा विसङ्गतिप्रति तीखो व्यङ्ग्य गरेर साहित्यको रचना गरेको पाइन्छ । उनका रचनाहरूमा राष्ट्रभक्ति र देशप्रेमका भावनाहरू छताछुल्ल भएर पोखिएको पाइन्छ ।

आफू यस समाजमा जन्मिएपछि समाजलाई केही दिन सक्नुपर्छ । समाजमा भएका विकृति र विसङ्गतिलाई साहित्यले बाहिर ल्याउन सक्नुपर्दछ भन्ने उदार विचार भएका व्यक्तिका रुपमा उनी देखा पर्छन् ।

## २.११ साहित्य क्षेत्रको संलग्नता

### २.११.१ लेखनको प्रेरणा र प्रभाव

उदय जी.एम. अध्ययनशील र प्रतिभावान व्यक्ति हुन् । सानै कक्षामा पढ्दापढ्दै र रोल्पाका जङ्गल-जङ्गल डुल्दाडुल्दै उनले आ꞊नो लेखन प्रारम्भ गरिसकेका थिए । श्री सिद्ध प्रा.वि. जगतिपोखरा, रोल्पामा अध्ययन गर्दाका गुरुहरू जीवराज आचार्य र महेन्द्र आचार्यबाट उनलाई लेखनको प्रेरणा प्राप्त भएको भेटिन्छ । आफ्ना गाउा ठाउामा हुने विभिन्न अतिरिक्त क्रियाकलापहरूबाट उनी विशेष प्रभावित देखिन्छन् । अन्दाजी वि.सं. २०४६ सालतिर भारतको पञ्जाब राज्यको भटिण्डामा पेन्ट्रीम्यानका रुपमा जागिर गर्दाका समयमा भारतीय पत्रिकाहरू कादम्बिनी, सरस सलिल र पञ्जाब केसरीमा प्रकाशित लेखरचनाहरूको अध्ययनपश्चात् उनले साहित्यसिर्जनामा कलम चलाएको भेटिन्छ । उनी धेरथोर रुपमा महाकवि देवकोटा, प्रथम गद्यकवि गोपालप्रसाद रिमाल, युगकवि सिद्धिचरण श्रेष्ठ, हास्यव्यङ्ग्यकार भैरव अर्याल र मनोज गजुरेलबाट पनि प्रभावित भएको देखिन्छ ।[८]

---

८. शोधनायक स्वयंसागको कुराकानीबाट ।

### २.११.२ लेखन प्रारम्भ

उदय जी.एम. कक्षा ८ मा पढ्दापढ्दै साहित्य सिर्जनामा लागेको देखिन्छ भने उनको पहिलो कविता ‘शुभकामना गोञ्जालो तिमीलाई’ (२०४९) हो भने २०५४ सालमा दाङबाट प्रकाशित हुने ‘नयाा युगवोध’ पत्रिकामा गजल प्रकाशन गरेपश्चात गजललेखनको प्रारम्भ गरेको पाइन्छ साथै ‘महिमा’ साप्ताहिकमा ‘अञ्जान’ उपनामबाट अन्दाजी २०५८ सालमा ‘अवसरवादीहरूको यो भ्रम किन ?’ शीर्षकको निबन्ध प्रकाशित गरेपछि उनको निबन्ध लेखनमा तीब्रता आएको देखिन्छ ।[९]

## २.१२ कार्यक्षेत्र

### २.१२.१ संस्थागत कार्यमा संलग्नता

उदय जी.एम.ले विभिन्न शैक्षिक, राजनैतिक, सामाजिक, साहित्यिक तथा अन्य संघसंस्थाहरूसाग आबद्ध भएर कार्य गरेको पाइन्छ । ती क्षेत्र एवम् संघसंस्थाहरू निम्नानुसार छन् :

- संस्थापक अध्यक्ष : नेपाल आदिवासी जनजाति पत्रकार संघ, जिल्ला तदर्थ समिति, दाङ (२०५६ कार्तिक १२)
- कार्यसमिति सदस्य : नेपाल पत्रकार महासंघ, दाङ शाखा (२०५८।११।२९ मा सम्पन्न पााचौ जिल्ला अधिवेशनदेखि २०६१ पुष २४ गतेको छैठौा जिल्ला अधिवेशनसम्म)
- केन्द्रीय उपाध्यक्ष : नेपाल आदिवासी/जनजाति पत्रकार संघ (२०५९ पुष १३ देखि २०६२ पुष ९ गतेसम्म)
- सदस्य : केन्द्रीय प्रचारप्रसार विभाग- नेपाल मगर विद्यार्थी संघ, केन्द्रीय समिति ( २०५९)
- केन्द्रीय सदस्य : अखिल नेपाल प्रेस मजदूर युनियन (२०६०)
- केन्द्रीय पार्षद् : नेपाल पत्रकार महासंघ (२०६१ पुष २४ गते सम्पन्न छैठौा जिल्ला अधिवेशनबाट)

---

९. शोधनायक स्वयंसागको कुराकानीबाट ।

- प्रबन्ध समिति सदस्य : नेपाल प्रेस इन्स्टिच्यूट, क्षेत्रीय सञ्चार स्रोतकेन्द्र, नेपालगन्ज ( २०६३ भदौ २६ गते मनोनीत ३ वर्षका लागि)
- केन्द्रीय सल्लाहकार : रक्तिम सांस्कृतिक अभियान केन्द्रीय समिति (२०६३ भदौ १३ र १४ गते बुटवलमा सम्पन्न प्रथम भेलाद्वारा)
- संस्थापक केन्द्रीय सदस्य : प्रगतिशील पत्रकार संघ (२०६४)
- केन्द्रीय पार्षद् : प्रगतिशील पत्रकार संघ (२०६४)
- महासचिव : प्रगतिशील पत्रकार संघ
- अध्यक्ष : नेपाल आदिवासी/जनजाति पत्रकार संघ, दाङ शाखा (दुई अवधि)
- केन्द्रीय सभासद् : नेपाल पत्रकार महासंघ दाङ शाखाको सातौा अधिवेशनबाट
- सहसचिव : युवा साहित्य परिवार, दाङ
- संस्थापक अध्यक्ष : श्री लालीगुरास आवासीय मा.वि., घोराही, दाङ

## २.१२.२ समाचार एवम् सम्पादन कार्यमा संलग्नता

- समाचारदाता : नयाा युगबोध साप्ताहिक, दाङ (२०५४ असोज १ देखि २०५६ फागुन ७ सम्म)
- समाचारदाता : नयाा युगवोध राष्ट्रिय दैनिक, दाङ (२०५६ फागुन ७ देखि २०५८ फागुनसम्म)
- समाचारदाता : सद्भाव दैनिक, नेपालगन्ज
- समाचारदाता : अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक, काठमाडौं
- समाचारदाता : त्जभ ज्ञबबिथबल त्ृभक ल्बतष्यलबी म्बषथि, काठमाडौं
- समाचारदाता : कााक्रेबिहार दैनिक, सुर्खेत
- सम्पादन : 'पहल' साहित्यिक सामयिक संकलन (२०५५)
- सम्पादन सहयोगी : 'नयाा युगबोध' राष्ट्रिय दैनिक (२०५८ फागुनदेखि २०६० असोज १ सम्म)
- प्रधानसम्पादक : जनजाति लहर (भारत)
- सम्पादन : 'नेपाली एकता सन्देश' (भारत)

- सम्पादन : ‘नेपाली एकता’ मासिक बुलेटिन (भारत)
- सम्पादन : ‘जनजाति आवाज (काठमाडौं)
- सम्पादन : ‘आदिवासी मञ्च, त्रैमासिक (दाङ)
- सम्पादन : ‘आखीभ्याल’ साहित्यिक त्रैमासिक (दाङ)
- सम्पादन : ‘गाउाघर’ सात दिने (दाङ)
- सम्पादन : ‘रापतीका गीत’ (रापतीका प्रतिनिधिमूलक गीतहरूको सङ्ग्रह)
- भ्मष्तप्लन ः धधध।जबपिबचब।लभत
- सगरमाथा टेलिभिजन (काठमाडौं)
- कम्युनिकेशन कर्नर (काठमाडौं)
- तिनाउ एफ. एम. (बुटवल)

### २.१२.३ पेसागत जीवन

उदय जी.एम.ले आजीविकाको क्रममा विभिन्न समयमा विभिन्न ठाउामा कार्य गरेको देखिन्छ । अन्दाजी २०४६ तिर पञ्जाबको भटिण्डामा अवस्थित एक होटलमा पेन्ट्रीम्यानका रुपमा कार्यको थालनी गरेका उनले २०५२ सालमा दाङको घोराहीमा होटल व्यवसाय सञ्चालन गरे । २०५३ सालदेखि हालसम्म पत्रकारिता पेशालाई मूल रूपमा आगालेका छन् जसअनुसार उनी कार्यरत संस्थाहरु यसप्रकार रहेका छन् :-

- समाचारदाता : ‘अन्नपूर्ण पोष्ट’ राष्ट्रिय दैनिक (काठमाडौं)
- समाचारदाता : ‘दि हिमालयन टाइम्स’ राष्ट्रिय दैनिक (काठमाडौं)
- समाचारदाता : ‘काक्रेबिहार’ दैनिक (सुर्खेत)
- समाचारदाता : ‘सद्भाव’ दैनिक (नेपालगन्ज)
- सम्पादन : ‘गाउाघर’ सातदिने (दाङ)
- सम्पादन/प्रकाशन : ‘राप्ती समाचार’ साप्ताहिक (दाङ)
- भ्मष्तप्लन ः धधध।जबपिबचब।लभत
- स्तम्भकार : ‘गाउाघर’ सातदिने (दाङ)
- स्तम्भकार : ‘नयाा युगबोध’ राष्ट्रिय दैनिक (दाङ)

- स्तम्भकार : 'नवपालुवा' द्वैमासिक बालपत्रिका (दाङ)
- स्तम्भकार : 'हाम्रो सहस्राब्दी' मासिक (काठमाडौं)

## २.१३ प्राज्ञिक सङ्गत

श्री सिद्ध प्रा.वि. जगतिपोखरा रोल्पामा अध्ययन गर्दाका गुरुहरू जीवराज आचार्य र महेन्द्र आचार्यको प्रेरणाबाट साहित्यतर्फ आकर्षित भएका उदय जी.एम.को थुप्रै साहित्यकार एवम् प्राज्ञिक व्यक्तिहरूसाग निकै घनिष्ट सम्बन्ध भएको पाइन्छ । उनले परी थापा, गिरिधारीलाल न्यौपाने, महेश जि.सी., डिल्लीराम आचार्य, चित्रबहादुर के.सी., नवराज सुवेदी, कृष्णबहादुर महरा, मधुसुदन वैद्य आदिसाग घनिष्ट सम्बन्ध आएका छन् ।

प्राज्ञिक व्यक्तिहरू डा. ओम गुरुङ, अमर गिरी, नारायणप्रसाद शर्मा, टिकाराम उदासी, नरेन्द्रजङ पिटर, डा. गोविन्द आचार्य, डा. भिमार्जुन आचार्य, विनयकुमार कसजू, यज्ञबहादुर डाागी, सुशील गौतम आदिसाग पनि उदय जी.एम.को घनिष्ट सम्बन्ध रहेको पाइन्छ । के.एल. पीडित, नवीन विभास, गङ्गा वि.सी., जापनिज महिला पत्रकार कियोको ओगुरा लगायतका प्रायः धेरैजसो साहित्य साधकहरूसाग पनि उनको मित्रता देखिन्छ भने उनी विभिन्न साहित्यिक संघसंस्थाहरूमा आबद्ध भएर कार्य गर्दै आएका छन् ।[१०]

## २.१४ उदय जी.एम.का कृतिहरूको विवरण

### २.१४.१ प्रकाशित पुस्तकाकार कृतिहरू

- पञ्जाबदेखि रोल्पासम्म - लामो कविता (२०४९)
- कालो टीका - उपन्यास (२०५६)
- पुच्छर नभएका हनुमान - हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह (२०५९)
- मौसमका हरफहरू - संयुक्त कवितासङ्ग्रह (२०५९)
- उनका गजल - संयुक्त गजलसङ्ग्रह (२०५९)

१० शोधनायकबाट प्राप्त जानकारी ।

### २.१४.२ अप्रकाशित पुस्तककार कृतिहरू

- संस्मरणसङ्ग्रह, एकवटा (नाम नखुलेको)
- मुक्तकसङ्ग्रह, एकवटा (नाम नखुलेको)

### २.१४.३ प्रकाशित फुटकर रचनाहरू

उदय जी.एम.का कान्तिपुर दैनिक, नेपाल समाचारपत्र दैनिक, स्पेशटाइम दैनिक, अन्नपूर्ण पोष्ट दैनिक, राजधानी दैनिक, सहस्राब्दी मासिक (काठमाडौं), मूल्याङ्कन मासिक (काठमाडौं) रातो लालटिन त्रैमासिक (काठमाडौं), महिमा साप्ताहिक (काठमाडौं), पृष्ठभूमि साप्ताहिक (काठमाडौं), हाक साप्ताहिक (काठमाडौं), नया युगबोध दैनिक (दाङ), गाउघर सातदिने (दाङ), राप्ती समाचार साप्ताहिक (दाङ), नौलो जनउभार साप्ताहिक (दाङ), सीमारेखा साप्ताहिक (दाङ), गणतन्त्र दैनिक, गोरक्ष दैनिक (दाङ), अटूट मासिक (दाङ), हाम्रो सहकार्य मासिक (दाङ), बहिंगा साहित्यिक पत्रिका (दाङ), पहल साहित्यिक त्रैमासिक (दाङ), अन्तर्ध्वनि साहित्यिक त्रैमासिक (दाङ), राप्तीदूत त्रैमासिक (दाङ), छहरा : स्व.वि.यू., म.ब.क्या. को मुखपत्र (दाङ), चितवन पोष्ट दैनिक (चितवन), दैनिक लुम्बिनी (बुटवल), नया दिशा दैनिक (बुटवल), काक्रेबिहार दैनिक (सुर्खेत), काठमाडौं गजलसङ्ग्रह (काठमाडौं), हलकारा डटनेट (नेपाल), नेपाली पोष्ट डटकम (अमेरिका), नेपाली एकता सन्देश : अ.भा.ने.ए.स. को मुखपत्र (भारत), नेपाली एकता मासिक (भारत) लगायतका विभिन्न पत्रपत्रिकाहरूमा विभिन्न समयमा विभिन्न कथा, कविता, गजल, गीत, निबन्ध, व्यङ्ग्य, समीक्षा एवम् समसामयिक लेखहरू प्रकाशित भएका छन् ।

### २.१४.४ अप्रकाशित फुटकर रचनाहरू

- विभिन्न शीर्षकका कविता- करिब आधा दर्जन
- नाटक- १
- गीत- करिब ५०

### २.१४.५ सम्पादित कृति

- रापतीका गीत- २०६० (राप्तीका प्रतिनिधिमूलक गीतहरूको सङ्ग्रह)

## २.१५ पुरस्कार एवम् सम्मान

- राप्ती साहित्य पुरस्कार- २०५८ (राप्ती साहित्य परिषद्बाट)
- नारायणप्रसाद शर्मा पत्रकारिता प्रतिभा पुरस्कार- २०६४ (नेपाल पत्रकार महासंघ दाङ शाखाबाट)
- आर्थिक पत्रकारिता पुरस्कार-२०६५ (दाङ उद्योग वाणिज्य संघबाट)
- गोविन्द चिस साहित्य पुरस्कार- २०६६ (प्रगतिशील लेखक संघबाट)
- पत्रकारिता प्रतिभा पुरूस्कार - २०६७ (नेपाल पत्रकार महासंघ दाङ शाखाबाट)

## २.१६ निष्कर्ष

उदय जी.एम.को जीवनी अध्ययन गर्दा उनी एक सङ्घर्षशील व्यक्तिका रुपमा देखिन्छन् । परिश्रम र साधनाबाट स्थापित जी.एम.को चालीस वर्षे जीवनकाल पत्रकारिता एवम् साहित्यिक साधनामा बितेको देखिन्छ । उनको संलग्नतालाई हेर्दा उनी बहुमुखी प्रतिभाका धनी हुन् भन्ने कुरा स्पष्ट छ । साधना र सृजनाका क्षेत्रमा समग्र मध्यपश्चिम क्षेत्र एवम् राष्ट्रियस्तरमै जी.एम.को साहित्यिक योगदानको स्थान उच्च रहेको छ ।

# तेस्रो परिच्छेद

# उदय जी.एम.को व्यक्तित्व

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा समाज, परिवार र साथीभाइहरूको सङ्गत साथै व्यक्तिमा रहेको अन्तरनिहीत गुणहरूले अत्यन्तै ठूलो भूमिका खेलेको पाइन्छ । यसकै प्रभावमा उसको व्यक्तित्वले निश्चित स्वरुप धारण गर्दछ र उसका महत्वपूर्ण कार्यहरूले व्यक्तिलाई उजिल्याउदै लैजान्छ । व्यक्तिमा निहीत गुणले वैयक्तिक व्यक्तित्व प्रस्तुत गर्दछ भने सिर्जनशील एवम् सामाजिक कार्यका उच्चताले सार्वजनिक व्यक्तित्व प्रस्तुत गर्दछ । उदय जी.एम.को बाहृय तथा आन्तरिक दुबै व्यक्तित्व निकै ओजपूर्ण रहेको पाइन्छ । यस सन्दर्भमा उनका व्यक्तित्वका विभिन्न पाटाहरूलाई प्रकाश पार्न आवश्यक देखिन्छ ।

## ३.१ बाहृय अर्थात् शारीरिक व्यक्तित्व

झट्ट हेर्दा उदय जी.एम.को बाहृय व्यक्तित्व आकर्षक देखिन्छ । चौडा निधार, हासिलो उज्यालो मुहार, हृष्टपुष्ट फुर्तिलो शरीर, विभिन्न विम्ब-प्रतीक आदिको प्रयोग गरी बोल्ने बानीले गर्दा सामान्यतया जोसुकै मानिस पनि उनीबाट प्रभावित देखिन्छन् । ५ फिट ३ इन्च उचाइ र ५५ के.जी. तौल भएका साथै धेरैजसो समय सर्ट र पाइन्ट लगाउने [११] जी.एम.को शारीरिक संरचना आकर्षक नै देखिन्छ ।

## ३.२ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिका अन्तर्निहित आन्तरिक प्रवृत्तिहरू नै उसका आन्तरिक व्यक्तित्वका परिचायक हुन् । जी.एम. साना ठूला सबै मानिसहरूसाग घुलमिल हुने व्यक्तिका रुपमा देखापर्दछन् ।[१२] आउने समयमा जस्तोसुकै मूल्य तिर्नुपरे तापनि तत्काल मानवीय उद्धारमा सदा लागिरहने बानीबाट उनको उदार व्यक्तित्व स्पष्ट देखिन्छ ।

उनी परिश्रमी, लगनशील, मिलनसार, हरेक वर्गका मानिससाग सद्भाव राख्ने र नारी जातिको सम्मान गर्न खोज्ने भएकै कारण आ^नो ठाउामा प्रतिष्ठित हुन पुगेका

---

११. शोधनायकबाट प्राप्त जानकारी ।

१२. शोधनायकको पारिवारिक स्रोतबाट प्राप्त जानकारी ।

देखिन्छन् । मृदुभाषी जी.एम. पत्रपत्रिका, पुस्तक र साहित्य भनेपछि हुरुक्कै हुन्छन् तथा आˆनो र्स्वस्व दिन पनि तयार देखिन्छन् । [१३]

## ३.३ साहित्यिक व्यक्तित्व

समाजमा देखिएका विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषण र भेदभावपूर्ण व्यवहारप्रति आफ्ना रचनाका माध्यमबाट विद्रोहको स्वर अभिव्यक्त गर्ने उदय जी.एम. मानवताप्रति अगाध आस्था र विश्वास राख्ने साहित्यकार हुन् । विद्यार्थी जीवनबाटै साहित्यतर्फ रुची राखेका जी.एम.ले २०४९ सालमा 'शुभकामना गोञ्जालो तिमीलाई' शीर्षकको कविता प्रकाशित भएपछि साहित्यतर्फ रुचि बढ्दै गएको र बिस्तारै गजल लेखनतर्फ लागेको देखिन्छ । अध्ययन गर्दाका गुरुहरू जीवराज आचार्य र महेन्द्र आचार्यसागको नियमित भेटघाट र निकटताबाट लेखनतर्फ उनलाई अझै प्रेरणा मिलेको पाइन्छ ।[१४] मुख्यतया उदय जी.एम.को कविता, गजलका अतिरिक्त मुक्तक, गीत, कथा, निबन्ध, उपन्यास साथै अन्य विविध विधामा कलम चलेको पाइन्छ । उदय जी.एम.को साहित्यिक व्यक्तित्वलाई निम्नलिखित विविध पाटाहरूका आधारमा पनि अध्ययन गर्न सकिन्छ :

### ३.३.१ कवि व्यक्तित्व

नयाा दिल्लीबाट प्रकाशित हुने नेपाली एकता मासिक बुलेटिन वर्ष ११, अंक १२, डिसेम्बर १९९२ मा 'शुभकामना गोञ्जालो तिमीलाई' शीर्षकको कविता महिमा साप्ताहिक वर्ष १०, अंक १७ मा समेत प्रकाशित गराएर उल्लेख्य मात्रामा कविता सिर्जनामा तल्लीन रहेका जी.एम.ले कविताका विविध रुपहरूमा कलम चलाएको पाइन्छ । प्रगतिवादी विचारलाई आधार बनाएर नेपाली जनजीवनले भोगेका विभिन्न विवशतामा केन्द्रित भई तमाम सामाजिक तथा राजनैतिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको पाइन्छ । उनका कविताहरूले मानवीय संवेदना, प्रेम र प्रकृतिको गहिराइलाई पनि छोएको पाइन्छ । गद्य लयमा लेखिएका उनका कविताहरूको भाषाशैली सरल, सहज र सम्प्रेष्य रहेको पाइन्छ । उनका वि.सं. २०४९ सालमा 'पञ्जाबदेखि रोल्पासम्म' शीर्षकको लामो कविता एवम् २०५९ सालमा 'मौसमका हरफहरू' संयुक्त कवितासङ्ग्रह प्रकाशित भइसकेका भेटिन्छन् ।

---

१३. पूर्ववत् ।

१४. शोधनायकबाट प्राप्त जानकारी ।

भाइचारा र राष्ट्रप्रेमको भावनालाई प्रखर रुपमा अभिव्यक्त गरिएका उनका कविता र अन्य समग्र रचनाहरूको अध्ययन गर्दा कविता विधासमेत सशक्त एवम् बेजोड रहेको देखिन्छ ।

### ३.३.२ गजलकार व्यक्तित्व

वि.सं. २०५४ सालमा दाङबाट प्रकाशित हुने पत्रिका 'नयाा युगबोध' साप्ताहिकमा गजल प्रकाशित गराएर उदय जी.एम.ले आ^नो लेखनीको केही समय गजल लेखनमा खर्चेको पाइन्छ । टीकाराम उदासी, नवीन विभास आदि व्यक्तिहरूको सानिध्यताले नै गजल लेखनमा कलम अगाडि बढेको पाइन्छ । हालसम्म उनले लगभग दुईदर्जनभन्दा बढी गजल लेखिसकेको पाइन्छ जसमध्ये 'उनका गजल' (संयुक्त गजलसङ्ग्रह- २०५९) प्रकाशित भएको देखिन्छ ।

उदय जी.एम. सफल र सचेत गजलकार हुन् । युगबोध छ उनलाई । त्यसैले उनले लेखेका धेरैजसो गजलहरू समसामयिक विषय, विचार र चिन्तनमा आधारित देखिन्छन् । देशभित्र बढ्दै गएको हत्या, हिंसा, अराजकता, नैतिकपतन, भ्रष्टाचार, नेताहरूको भ्रष्ट चरित्र, समाजमा खस्कादै गएको सामाजिक मूल्य र मान्यता साथै विकृति, विसङ्गति, बढ्दो, महंगी आदि विषयको सेरोफेरोमा जी.एम.ले चोटिलो प्रहार गरेको पाइन्छ ।

### ३.३.३ मुक्तककार व्यक्तित्व

उदय जी.एम. मुक्तककारको रुपमा समेत चिनिन्छन् । पुस्तकाकारका रुपमा कुनै मुक्तक कृति प्रकाशन नगरेतापनि उनले झण्डै १०० भन्दा बढी मुक्तकहरू लेखिसकेका छन् र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित छन् ।

विविध विषयमा मनछुने मुक्तक लेखेका जी.एम.का मुक्तकहरू समसामयिक राजनीतिक परिवेशबाट उत्पन्न परिस्थितिका प्रतिफलका रुपमा देखापर्दछन् भने प्रेम, अनुराग, विरह र बिछोडका भावहरू पनि उनका मुक्तकमा व्यक्त भएका छन् ।

### ३.३.४ निबन्धकार व्यक्तित्व

अन्दाजी वि.सं. २०५८ सालतिर 'अन्जान' उपनामबाट 'महिमा' साप्ताहिक पत्रिकामा पहिलोपटक 'अवसरवादीहरूको यो भ्रम किन?' शीर्षकको निबन्ध प्रकाशित गरेर उदय जी.एम. निबन्ध विधामा सक्रिय रहेको पाइन्छ । उनले वि.सं. २०५९ सालमा 'पुच्छर नभएका हनुमान' शीर्षकको हाास्यव्यङग्य निबन्धसङ्ग्रह प्रकाशित गराएको भेटिन्छ जसमा १६ वटा हास्यव्यङ्ग्य निबन्धहरू सङ्कलित गरिएका छन् भने विभिन्न पत्रपत्रिकाहरूमा करिब तीन दर्जन बढी निबन्धहरू प्रकाशित समेत भइसकेका छन् ।

उनका निबन्धहरू सामाजिक तथा राजनैतिक विषयवस्तुमा आधारित देखिन्छन् । मुख्य गरेर राजनैतिक र सामाजिक विकृति एवम् विसङ्गतिको भण्डाफोर उनका निबन्धमा पाउन सकिन्छ ।

### ३.३.५ उपन्यासकार व्यक्तित्व

वि.सं. २०५६ सालमा 'कालो टीका' नामक उपन्यास प्रकाशित गराएका उदय जी.एम. एक सफल उपन्यासकारका रुपमा समेत स्थापित छन् । झण्डै ८० पृष्ठको यो उपन्यास चेलिबेटी वेचविखन जस्तो आपराधिक विषयवस्तुमा आधारित छ । यसका अतिरिक्त समाजमा घट्न सक्ने र घटेका विभिन्न किसिमका घटनाहरूलाई उचित किसिमका पात्रहरूलाई समावेश गरी उपन्यासलाई सार्थक बनाएका छन् । नियतिलाई कसैले पनि रोक्न सक्दैन जे हुन्छ यो नियतिले गर्दा त हुन्छ तर समाजमा भएका विकृति विसङ्गतिको अन्त नहुादासम्म समाज सुधारतर्फ उन्मुख हुन सक्दैन भन्ने मान्यता राख्ने उनी मूलतः विसङ्गतिभित्र पनि अस्तित्व खोज्ने अस्तित्ववादी उपान्यसकार हुन् ।

### ३.३.६ गीतकार व्यक्तित्व

साहित्यकार उदय जी.एम.ले कुनै गीतिसङ्ग्रह प्रकाशन गराएको नभेटिए तापनि उनले झण्डै ४ दर्जन गीतहरू लेखेका छन् ।[१५] कतिपय गीतहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् भने कतिपय गीतहरू विभिन्न गायकगायिकाहरूको आवाजमा रेकर्ड समेत भएका पाइन्छन् ।

प्रकृतिको वर्णन, राष्ट्रको महिमा, गरिबका पीडा, प्रेम-विरह, अनुराग र विछोडका चित्रहरू उनका गीतहरूमा चित्रित भएका पाइन्छन् ।

---

१५ शोधनायकबाट प्राप्त जानकारी ।

### ३.३.७ नाटककार व्यक्तित्व

उदय जी.एम.ले आजसम्म केवल एक मात्र नाटक लेखेको भेटिन्छ । आफ्नो विद्यालय जीवनमा लेखेको नाटकको सफल निर्देशन गरी अभिनय समेत गर्न उनी पछि पर्दैनन् ।[१६] उनको यो नाटक मञ्चन समेत भइसकेको पाइन्छ ।

सरकारी दमन, तत्कालीन समाजको संस्कृति, विकृति र विसङ्गति आदिको चित्रण गरिएको उनको यो नाटकको अलावा अन्य कुनै नाट्यकृति प्रकाशित भएको पाइदैन । नाटक पौराणिक, सामाजिक र राजनैतिक कथावस्तुमा आधारित छोटो मनोरञ्जनपूर्ण साथै राष्ट्रिय भावनाले ओतप्रोत रहेको पाइन्छ । उनका अन्य विधाहरूको अध्ययन गर्दा नाटक विधा अन्य विधाको तुलनामा त्यति सशक्त देखिादैन ।

### ३.३.८ भूमिका लेखन व्यक्तित्व

उदय जी.एम. साहित्य रचनाका अतिरिक्त आˆनो अधिकांश समय साहित्यिक गतिविधि र अन्य मोफसल तथा राष्ट्रिय स्तरका विभिन्न रचनाहरूको विभिन्न विधाका विभिन्न कृतिहरूको भूमिका लेखनमा नै व्यस्त देखिन्छन् । हालसम्म जी.एम.ले लगभग आधा दर्जनभन्दा बढी साहित्यकारका कृतिहरूमा भूमिका लेखिसकेका छन् ।

### ३.३.९ कथाकार व्यक्तित्व

स्रष्टा उदय जी.एम. कथा विधामा प्रवेश मात्रै गरे तर त्यसलाई निरन्तरता नदिएको भेटिन्छ । काठमाडौंबाट रक्तिम सांस्कृतिक अभियानको पहलमा प्रकाशित हुने एक त्रैमासिक पत्रिका 'रातो लालटिन' को वर्ष १, अंक १ (साउन-असोज) २०५७ मा 'अर्थहीन युद्ध' शीर्षकको एक कथा प्रकाशित गरेका छन् । यसबाहेक उनले अन्य कथाहरू आजसम्म लेखेका छैनन् । उनले अन्य विधाहरूका तुलनामा कथा विधामा त्यति धेरै फड्को मार्न सकेको भेटिएन ।

---

१६. शोधनायकको पारिवारिक स्रोतबाट प्राप्त जानकारी ।

### ३.३.१० लघुकथाकार व्यक्तित्व

'कलियुगकी पार्वती' शीर्षकको एक मात्र लघुकथा 'साधना' मासिक, वर्ष ९, अंक ५, पूर्णाङ्क ८८, पृष्ठ ११७, २०५८ वैशाख १५, जेठ १४ मा प्रकाशित गराएर उदय जी.एम.ले अन्य कुनै लघुकथा लेखेको भेटिन्न । उनको यो व्यक्तित्व अन्य साहित्यिक व्यक्तित्वझौ बेजोड देखिन्न ।

## ३.४ साहित्येत्तर व्यक्तित्व

मानिसका इच्छा, आकांक्षाहरू अनेक हुन्छन्, जसले गर्दा मानिस सधै एउटै गोरेटोमा हिाडिरहन सक्दैन । उसका जीवनका गोरेटोहरू चारैतिर फिाजारिएका हुन्छन् । उदय जी.एम.ले पनि लगभग ३९औा वसन्त पार गरिसक्दा आˆनै प्रकारको व्यक्तित्व निर्माण गरेको पाइन्छ । उनमा साहित्यका अतिरिक्त सम्पादक, सहसम्पादक, चित्रकार, पत्रकार, खोजकर्ता, समाजसेवी, राजनीतिक आदि व्यक्तित्व रहेको पाइन्छ । जी.एम.को साहित्येतर व्यक्तित्वलाई निम्न विविध पाटाहरूका आधारमा अध्ययन गर्न सकिन्छ :

### ३.४.१ सम्पादक/सहसम्पादक व्यक्तित्व

उदय जी.एम.ले साहित्य सिर्जनाका अतिरिक्त विभिन्न पुस्तक एवम् पत्रिकाहरूको सम्पादन एवम् सहसम्पादन समेत गरेको पाइन्छ जुन निम्न प्रकार रहेका छन् :

- रापतीका गीत- रापतीका प्रतिनिधिमूलक गीतहरूको सङ्ग्रह (२०६०)
- आाखीझ्याल- साहित्यिक त्रैमासिक, दाङ (२०५९)
- पहल- साहित्यिक सामयिक संकलन (२०५५)
- नेपाली एकता- अ.भा.ने.ए.स. को मासिक बुलेटिन, भारत (२०४७)
- नेपाली एकता सन्देश- अ.भा.ने.ए.स. को मुखपृष्ठ, भारत (२०४७)
- आदिवासी मञ्च- आदिवासी जनजातिका विषयवस्तु समेटिएको त्रैमासिक, दाङ
- जनजाति आवाज- अ.ने.ज.स. को केन्द्रिय मुखपत्र, काठमाडौं (२०५१)
- जनजाति लहर- अ.ने.ज.स. (भारत शाखा) पश्चिमोत्तर क्षेत्रीय समितिको मुखपत्र, भारत (२०५२)
- गाउाघर- सातदिने, दाङ
- नयाा युगबोध- राष्ट्रिय दैनिक, दाङ (२०५८ फागुनदेखि २०६० असोज १ सम्म)
- राप्ती समाचार- साप्ताहिक, दाङ (२०६७)
- धधधाजबबिचबालभत

यी उपरोक्त पुस्तक र पत्रिकाहरूको सशक्त सम्पादन, सहसम्पादन एवम् प्रकाशनका साथै थुप्रै पत्रिकाको सल्लाह र सुझाव दिने व्यक्तित्वले गर्दा उदय जी.एम.को साहित्यिक व्यक्तित्वको विकासमा महत्वपूर्ण भूमिका खेलेको कुरालाई स्वीकार्न सकिन्छ ।

### ३.४.२ पत्रकार व्यक्तित्व

उदय जी.एम. एक सफल पेशागत पत्रकार पनि हुन् । दाङको स्थानीय पत्रिकारिताको उठान र विकासमा उनको ठूलो योगदान रहेको छ । विभिन्न साहित्यिक पत्रिकाका अतिरिक्त मोफसल र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका पत्रिकाहरूमा समेत उनले लेख, रचना, कृतिसमीक्षाका अतिरिक्त अन्य विविध खालका रचनाहरू निरन्तर रुपमा लेख्दै र प्रकाशित गराउदै आएको देखिन्छ । ‘अन्नपूर्ण पोष्ट’ राष्ट्रिय दैनिक -काठमाडौं)को स्थापना कालदेखि नै दाङ समाचारदाताका साथै गाउघर सातदिने (दाङ), नयाा युगबोध राष्ट्रिय दैनिक (दाङ) , नवपालुवा द्वैमासिक बालपत्रिका (दाङ), कात्रेबिहार दैनिक (दाङ), हाम्रो सहस्राब्दी (काठमाडौं) पत्रिकाहरूमा विगत लामो समयदेखि स्तम्भ लेखकको रुपमा कार्य गर्दै आएका भेटिन्छन् । यी विभिन्न कार्यहरूले गर्दा उनका पत्रकार व्यक्तित्वलाई देखाउन सकिन्छ ।

### ३.४.३ खोजकर्ता व्यक्तित्व

उदय जी.एम.का सामान्य लेखका साथै खोजमूलक रचना समेत रहेका छन् । उनका विभिन्न साहित्यिक र साहित्येत्तर सिद्धान्तसम्बन्धी विभिन्न समीक्षात्मक लेखहरू प्रकाशित भएका देखिन्छन् भने उनले नेपालको राजनैतिक घटनाक्रमहरूको सागालोका साथै तथ्यपूर्ण खोजहरूको पाण्डुलिपि तयार पारेको देखिन्छ ।[१७]

---

१७. शोधनायकबाट प्राप्त जानकारी ।

### ३.४.४ चित्रकार एवम् मूर्तिकार व्यक्तित्व

उदय जी.एम.को चित्रकारिताको पाटो पनि अलग्गै रहेको देखिन्छ । उनले विभिन्न जनवर्गीय सङ्गठनहरूका चुनाव चिन्ह तयार पार्नुका साथै मन हर्ने ज्यादै आकर्षक चित्रहरू कोरेका छन् । उनका चित्रहरूले पौराणिक देवीदेवताका विभिन्न भावभङ्गिमा एवम् तत्कालीन समाजको यथार्थ वर्णन गर्दछन् । उनी चित्रकारका अतिरिक्त मूर्तिकार पनि हुन् । बाल्यकालमा

माटोका अनेक मूर्तिहरू बनाएका उनले अझै पनि त्यो चाहना रहेको तर आफ्नो कार्यव्यस्तताले गर्दा त्यसतर्फ समय दिन नसकेको बताउाछन् ।[१८]

### ३.४.५ समाजसेवी व्यक्तित्व

उदय जी.एम. समाजदेखि राष्ट्रकै विषयमा चिन्ता लिने व्यक्तिका रुपमा देखिन्छन् । उनको संलग्नतालाई हेर्दा पनि समाज उत्थानका लागि उनी पछि परेको पाइादैन । श्री लालीगुरास आवासीय मा.वि. घोराही दाङका अध्यक्ष, नेपाल पत्रकार महासंघ दाङ शाखाको सातौा अधिवेशनबाट केन्द्रिय सभासद्, नेपाल प्रेस इन्स्टिच्यूट क्षेत्रीय सञ्चार स्रोत नेपालको प्रबन्ध समिति सदस्य आदि विभिन्न सामाजिक गतिविधिमा उनको अग्रस्थान रहेको पाइन्छ । वस्तुतः उनी सामाजिक सेवामा रमाउने व्यक्ति हुन् भन्ने कुरा नकार्न सकिादैन ।

### ३.४.६ राजनीतिक व्यक्तित्व

साहित्यकार उदय जी.एम.को राजनीतिक पाटोले पनि विशेष महत्व राख्दछ । उनको राजनैतिक संलग्नताले पनि उक्त व्यक्तित्वलाई झल्काएको देखिन्छ । मूलतः कम्युनिष्ट विचारधाराप्रति आस्थावान रहेका उनी राजनीतिले समाजमा सकारात्मक छाप छोड्नुपर्छ भन्ने मान्यता राख्छन् । उनी राजनीतिमा खिचातानी मन पराउादैनन् र राजनीति गर्नेले स्पष्ट र उदार नीति अगाडि ल्याउनुपर्ने तर्क राख्छन् ।

### ३.४.७ धार्मिक व्यक्तित्व

उदय जी.एम. सबै धर्म र संस्कृतिप्रति समान आस्था र महत्व राख्ने व्यक्ति हुन् । परम्परागत रीतिरिवाज र सांस्कृतिक मान्यताको जर्गेनाका साथै समयोचित परिवर्तन

१८. शोधनायकबाट प्राप्त जानकारी ।

गर्नुपर्छ । कुरीति र कुसंस्कारलाई हटाउनुपर्छ । समाजमा धार्मिकताका नाउामा कुनै प्रकारको शोषण हुनुहुादैन । मानव धर्म नै सबैभन्दा ठूलो धर्म हो भने उनको दृष्टिकोण रहेको छ ।[१९]

## ३.५ साहित्य तथा जीवनदर्शनसम्बन्धी मान्यता :

हरेक मानिसको जीवनसम्बन्धी अलग-अलग मान्यता तथा दृष्टिकोण रहेको पाइन्छ । मान्छे विवेकशील प्राणी हो तापनि ऊसागै मृत्यु पनि गाासिएर आएको हुन्छ । मरणशील जीवन

पाएको हरेक विवेकी मानिसले आफूलाई सधै सार्थक, सफल र उपयोगी बनाउन चाहन्छ । झण्डै चारदशक पार गरिसकेका उदय जी.एम.ले लामो समयदेखि साहित्य साधनामा तल्लीन रहेर साहित्य र साहित्येत्तर दुबै क्षेत्रमा कार्य गरेका छन् भने साहित्ससम्बन्धी उनको छुट्टै मान्यता पनि छ । स्रष्टाले कल्पना गरेको नयाा सुरम्य संसार नै साहित्य हो । समाजमा रहेका अन्याय, अत्याचार, विकृति र विसङ्गतिविरुद्ध आवाज साहित्यमा बुलन्द  हुनुपर्दछ र समाजलाई माथि उठाउनु पर्छ भन्ने उनको मान्यता रहेको  छ ।

जी.एम.को जीवनदर्शनसम्बन्धी आ˜नै किसिमको दृष्टिकोण रहेको पाइन्छ । उनी मानवताका पुजारीका रुपमा देखिन्छन् । उनले धार्मिक आडम्बरलाई मन पराउादैनन् र आ˜नो सभ्यता एवम् संस्कृतिप्रति आस्था राख्ने देखिन्छन् । ऐसआरामको जीवनलाई सार्थक नठान्ने जी.एम.को दृष्टिकोण आ˜नो समाज र सिङ्गो राष्ट्रको उत्थान गर्नमा समर्पित हुनु तथा असहायहरूको सेवामा रमाउन सक्नुपर्दछ भन्ने रहेको देखिन्छ । धन सम्पत्ति मात्र सबै थोक होइन, जीवन भनेको सङ्घर्ष गर्नु र सक्रिय रहनु हो । हामी कर्मयोगी बन्नुपर्छ र आफू बााचेको समाजलाई केही दिन सक्नुपर्दछ तब मात्र जीवन सफल हुनसक्छ भन्ने उनको दृष्टिकोण रहेको छ ।[२०]

## ३.६ निष्कर्ष

उदय जी.एम.को साहित्यिक लेखनमा जीवनका अनुभूति, भोगाइ, सामाजिक वातावरण, राजनीतिक परिवेश, राजनीतिक चिन्तन एवम् विद्रोही स्वभावको  प्रभाव  परेको

---

१९. पूर्ववत् ।

२०. ऐजन् ।

पाइन्छ । उनका साहित्यिक रचनाका विषयवस्तु प्रायः उनकै समाजमा विद्यमान विकृति र विसङ्गतिहरू रहेका छन् । उनका समीक्षात्मक, खोजमूलक र विश्लेषणात्मक लेखहरूले उनलाई गहन अध्ययनकर्ता एवम् गतिशील लेखकको रुपमा उभ्याएको पाइन्छ । उनमा रहेको सम्पादन व्यक्तित्वले उनको लेखनलाई विशेष रुपमा प्रेरित गरेको देखिन्छ । यसकाअतिरिक्त मानव विवशता, आर्थिक संकट, संस्कृति आदिले पनि उनको लेखनीलाई अभिप्रेरित गरेको देखिन्छ । सम्पादन र लेखन दुबै भाषा र वाङ्मयसाग सम्बन्धित भएकाले यी दुबैबीच घनिष्ट सम्बन्ध

रहेको हुन्छ । उनमा रहेको पत्रकार र खोजमूलक व्यक्तित्वले पनि उनको लेखनसाग गहिरो सम्बन्ध राखेको देखिन्छ ।

# चौथो परिच्छेद

# उदय जी.एम.को साहित्ययात्रा, चरणविभाजन र चरणगत प्रवृत्तिहरू

## ४.१ साहित्ययात्रा

उदय जी.एम.ले रोल्पाका जंगल-जंगल डुल्दाडुल्दै आफ्नो अन्दाजी तेह्र-चौध वर्षे कलिलो उमेरदेखि साहित्य सिर्जनामा पाइला टेकेका हुन् । आफ्नो जीवनमा देखेभोगेका अनेकौं घटनाहरूबाट साहित्य सिर्जना गर्न प्रेरित उदय जी.एम.को पहिलो सिर्जना वि.सं. २०४९ सालमा भारतबाट प्रकाशित हुने 'नेपाली एकता' मासिक बुलेटिनमा 'शुभकामना गोञ्जालो तिमीलाई' शीर्षकको कविता थियो । कवितालेखनबाट प्रारम्भ भएको उनको साहित्यिक यात्रा बिस्तारै गजलतर्फ आकृष्ट हुँदै गयो । विभिन्न पत्रिकाहरूमार्फत गजल लेखन कार्य गर्दै आएका जी.एम.को विभिन्न प्रतिष्ठापित गजलकारहरूसागको भेटपछि उनी यसतर्फ विशेष रुपमा आकर्षित भए । २०५४ सालमा दाङको घोराहीबाट प्रकाशित हुने 'नयाँ युगवोध' पत्रिकाबाट उनको पहिलो गजल प्रकाशित भयो भने २०५५ सालबाट उनको गजल लेखनले तीब्रता प्राप्त गऱ्यो । हाल उनको एउटा गजलसङ्ग्रह प्रकाशित भइसकेको छ ।

उदय जी.एम. कवि, गीतकार, गजलकार, निबन्धकार, उपन्यासकार, मुक्तककार, नाटककार र हास्यव्यङ्ग्यकारका रुपमा परिचित छन् । वि.सं. २०५८ सालमा महिमा साप्ताहिकमा 'अञ्जान' उपनामले प्रथमपटक निबन्ध लेखनी गरेका उनको एक हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, एक उपन्यास र एक कवितासङ्ग्रह प्रकाशित छ भने झण्डै १०० भन्दा बढी समसामयिक मुक्तकहरूको सङ्ग्रह र एक संस्मरणसङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । विद्यार्थी अवस्थामा उनले लेखेका नाटकहरू मञ्चन हुँदा तिनले तत्कालीन रोल्पाको साहित्यिक इतिहासमा छुट्टै पहिचान दिन समेत सफल देखिन्छन् ।[२१]

जी.एम.ले नेपाली साहित्यको फाँटमा विद्यार्थीजीवनदेखि अद्यावधि निरन्तरता दिइरहेका छन् । अहिलेको स्थितिसम्म आइपुग्दा मोफसलका विभिन्न पत्रिकाहरूका अतिरिक्त विभिन्न साहित्यिक पत्रिका एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दर्जनौं पत्रपत्रिकामा साहित्यिक रचना प्रकाशन गराइसकेका छन् । पुस्तकाकार कृतिलाई दृष्टिगत गर्दा उनका

---

२१. पूर्ववत् ।

निम्नलिखित कृतिहरू प्राप्त गर्न सकिन्छ :

- पञ्जाबदेखि रोल्पासम्म (लामो कविता)- २०४९
- कालो टीका (उपन्यास)- २०५६
- पुच्छर नभएका हनुमान (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह)- २०५९
- मौसमका हरफहरू (संयुक्त गजलसङ्ग्रह)- २०५९
- उनका गजल (संयुक्त गजलसङ्ग्रह)- २०५९

यी सम्पूर्ण कृतिहरूलाई नियाल्दा उदय जी.एम.ले साहित्यका कविता, गीत, गजल, मुक्तक, निबन्ध, नाटक, उपन्यास, कथा र लघुकथाजस्ता विविध विधामा कलम चलाएका छन् । यी कृतिहरू पाठकमाझ निकै नै लोकप्रिय बन्न पुगेका छन् । सानो कृतिमा पूर्णताको अपेक्षा राख्ने जी.एम.को साहित्ययात्रालाई विभिन्न चरण विभाजन गरेर हेर्न सकिन्छ ।

## ४.२ चरणविभाजनका आधारहरू

हरेक साहित्यकारको साहित्यिक रचना एउटै कोणबाट मात्र अगाडि नबढी विभिन्न परिस्थितिहरूद्वारा प्रभावित हुदै अनेक मोड तथा उपमोडहरूलाई अङ्गीकार गर्दै अगाडि बढेको पाइन्छ । यस्ता मोड तथा उपमोड सिर्जना गर्ने तत्वहरूमा साहित्यकारको सोचाइ, विचार, उमेर र अवस्थाले प्रभाव पारेको पाइन्छ ।

उदय जी.एम.को वि.सं. २०४४ देखि शुरु भएको साहित्ययात्राले अहिलेसम्मको समयावधि पार गर्दा एउटै कोणबाट मात्र अगाडि नबढी विभिन्न कोणहरूलाई आगाल्दै अघि बढेको देखिन्छ । यसरी अगाडि बढेको उनको साहित्यिक यात्रालाई एकोहोरो वर्णन गर्नुभन्दा विभिन्न चरण र उपचरणमा विभाजन गरेर अध्ययन गरिएको खण्डमा उनका सिर्जनमा प्रकट गरिएका फरक-फरक विचार अर्थात् प्रवृत्तिगत विविधतालाई समेट्न सकिन्छ । उदय जी.एम.का रचनाहरूलाई विभिन्न चरण तथा उपचरणमा विभाजन गरिनुअगावै यसरी चरण विभाजन गरिनुका आधारहरू प्रस्तुत गर्नु बढी सान्दर्भिक हुन आउाछ, जुन आधारहरू निम्नलिखित छन् :

### ४.२.१ विषयवस्तुगत आधार

उदय जी.एम.का समग्र सिर्जनाहरूलाई हेर्दा तिनमा एकै किसिमको विषयवस्तु पाइदैन । विषयवस्तुगत विविधता पाइन्छ । उनका शुरुका रचनाहरूमा बढी आत्मक्रन्दनलाई समेटिएको पाइन्छ भने २०५४ पछि लेखिएका रचनाहरूमा आर्थिक, सामाजिक तथा राजनैतिक विकृति, विसङ्गति, खोक्रो आडम्बर, विभिन्न नकारात्मक प्रवृत्ति आदि पक्षलाई समेटेको पाइन्छ । विषयवस्तुगत समानता नपाइने उनका सिर्जनाहरूलाई अलग-अलग चरणमा राखेर अध्ययन गरिंदा बढी सान्दर्भिक हुने भएकोले चरणविभाजनको प्रमुख आधारका रुपमा विषयवस्तुगत आधार लिन सकिन्छ ।

### ४.२.२ समयगत आधार

उदय जी.एम.को २०४४ सालबाट शुरू भएको साहित्यसिर्जनाको यात्राले दुईदशकको समयावधि पार गरिसकेको छ । यसरी दुई दशक लामो साहित्य सिर्जनालाई एउटै चरणमा थुप्रो लगाएर अध्ययन गरिनुभन्दा समयगत आधारमा अलग-अलग चरणमा विभाजन गरेर अध्ययन गरिनु उपयुक्त देखिन्छ ।

### ४.२.३ विधागत आधार

उदय जी.एम.का सम्पूर्ण रचनाहरू एउटा विधासाग मात्र सम्बन्धित नभई तिनले विधागत विविधता आगालेका छन् । यिनका आरम्भतिरका रचनाहरूमा प्रायः नाटक, कविता, खोजमूलक तथा जानकारीमूलक लेखहरू प्रकाशित भएका छन् भने पछिल्ला समयमा प्रकाशित रचना र कृतिहरूमा मुख्य रुपले कविताका अतिरिक्त गजल, गीत, मुक्तक, हाास्यव्यङ्ग्य, निबन्ध, उपन्याससाग सम्बन्धित रहेका कारण तिनमा विधागत भिन्नता प्रष्ट देखिन्छ । अतः विधागत भिन्नता सिर्जना भएकै बिन्दुबाट चरण विभाजन गरी अध्ययन गरिनु उपयुक्त हुने हुादा चरण विभाजनको अर्को आधार विधागत आधार पनि हो ।

### ४.२.४ शैलीगत आधार

उदय जी.एम.को साहित्ययात्राको चरण विभाजन गर्न शैलीगत आधारले पनि महत्वपूर्ण भूमिका खेल्दछ । नाटक, खोजमूलक लेखहरू र विभिन्न साहित्यिक र हवाइपत्रिकाबाट गजल लेख्न आरम्भ गरेका उनका शुरुवातका रचनाहरू कम परिष्कृत देखिन्छन् । २०५४ साल यता आएपछि उनका रचना अलि बढी परिष्कृत देखिन्छन् । यस आधारबाट हेर्दा उनको लेख्य

शैलीगत भिन्नता देखिन्छ र यही भिन्नता बिन्दुका आधारमा चरण विभाजन गर्न सजिलो पर्ने हुादा शैलीलाई पनि एक आधारका रुपमा स्वीकार्न   सकिन्छ ।

## ४.३ चरणविभाजन र चरणगत प्रवृत्तिहरू

उदय जी.एम.को लगभग २३ वर्षे (२०४४ देखि हालसम्मको) साहित्ययात्रा र त्यसभित्र देखापरेका विभिन्न आरोह अवरोहहरूको मूल्याङ्कन गर्दा जम्मा तीन चरणमा विभाजन गरेर अध्ययन गरिनु उपयुक्त हुन आउाछ । ती तीन चरणहरू यसप्रकार छन् :

प्रथम चरण - (वि.सं. २०४४-२०५३)

द्वितीय चरण - (वि.सं. २०५४-२०५९)

तृतीय चरण - (वि.सं. २०६०- हालसम्म)

### ४.३.१ प्रथम चरण (वि.सं. २०४४-२०५३)

यस चरणमा उदय जी.एम. श्री सिद्ध प्रा.वि. जगतिपोखरा, रोल्पामा अध्ययन गर्दाका आफ्ना गुरुहरू जीवराज आचार्य र महेन्द्र आचार्यका प्रेरणा र प्रभावले साहित्य लेखनतर्फ उन्मुख भएका थिए । उनको यस चरणमा 'शुभकामना गोञ्जालो तिमीलाई', 'साला उदय' जस्ता फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका थिए भने गीत, गजलका अतिरिक्त विभिन्न नाटकहरू समेत उनले लेखेको पाइन्छ । उनको यो प्रारम्भिक चरण भएकोले उनका रचनामा उत्कृष्ट भाषाशैली र कसिलो परिष्कृतपन नभए तापनि राष्ट्रियचेतना, नैतिकता, मातृभूमिप्रतीको प्रेरणा आदि व्यक्त भएको पाइन्छ । यस चरणको 'पञ्जाबदेखि रोल्पासम्म' शीर्षकको लामो कविता वि.सं. २०४९ मा लेखिएको उपलब्ध कविता कृति हो ।

आ̄नो स्कुलेजीवनमा सामाजिक, पौराणिक, राजनैतिक आदि विषयवस्तुमा आधारित नाटकको लेखन, मञ्चन, निर्देशन र अभिनय समेत गर्न कुशल उदय जी.एम. वि.सं. २०५३ भदौमा दाङ जिल्लाको जिल्ला सदरमुकाम घोराही प्रवेश गरेपछि विभिन्न पत्रपत्रिका साहित्यभन्दा बढी खोजमूलक, जानकारीमूलक र समाचारमूलक लेखनमा उनको ध्यान केन्द्रित भयो । आ̄नो पत्रकारितालाई व्यावसायिकताको रुप दिादै विभिन्न सभासमारोहमा उपस्थिति र सहभागिता जनाएपश्चात् उनको साहित्ययात्राले अभ्र नयाा मोड लिन सफल भयो जसले उनको दोस्रो चरणको ढोका खोल्ने काम गऱ्यो ।

यसरी दोस्रो चरण निम्त्याउन पृष्ठभूमिको रुपमा काम गरेको पहिलो चरणमा देखापरेका उदय जी.एम.का प्रवृत्तिहरूलाई तल दिए बमोजिम उल्लेख गर्न सकिन्छ :

- मातृभूमि र राष्ट्रप्रेमका भावनाहरूलाई साहित्य सिर्जनामार्फत अभिव्यक्त गर्नु,
- कवितामा विम्ब र प्रतीकको प्रयोग गर्नु,
- संक्षिप्त प्राकृतिक कविताका अतिरिक्त जानकारीमूलक नाटकको रचना गर्नु,
- विभिन्न खोजमूलक एवम् ज्ञानमूलक लेखलाई मध्यनजर गर्दै रचना सिर्जना गर्नु,
- कवितामा गद्यलयको प्रयोगमा जोड दिनु,
- मूलतः प्रथम पुरुष (कविप्रौढोक्ति) कथनपद्धतिको उपयोग गर्नु ।

यिनै प्रमुख प्रवृत्तिहरूका अतिरिक्त स्वच्छन्दतावादीतर्फ उन्मुख, प्रकृतिचेत, नैतिक आदर्श एवम् छन्द र भाषाशैलीका साथै संरचनामा परिष्कृतको चाहनाजस्ता साहित्यिक प्रवृत्तिहरू पनि उनका प्रथम चरणकै सिर्जनामा पाउन सकिन्छ ।

## ४.३.२ द्वितीय चरण (वि.सं. २०५४- २०५९)

उदय जी.एम.ले २०५३ देखि पत्रकारितालाई पेशागत रुपमा आगालेर कार्य गर्न थालेपछि मूलरुपमा २०५४ देखि यो द्वितीय चरण शुरु भएको पाइन्छ । शुरुमा विभिन्न साहित्यिक पत्रिकामार्फत गजल र कविता लेख्न शुरुवात गरेका जी.एम.को २०५५ पछि गजल, गीत, कविता र निबन्ध लेखनमा तीब्रता आएको पाइन्छ । फलःस्वरुप २०५८/०५९ मा यो लेखनले उत्कर्षतातिर लम्केको देखिन्छ । वि.सं. २०५४ सालमा दाङको घोराहीबाट प्रकाशित हुने 'नयाा युगबोध' साप्ताहिक पत्रिकामा पहिलो गजल, 'अञ्जान' उपनामबाट वि.सं. २०५८ सालमा काठमाडौंबाट प्रंकाशित हुने 'महिमा' साप्ताहिकमा निबन्ध प्रकाशित गरेपश्चात उनी यस विधामा सक्रिय देखिन्छन् । यस चरणमा उनले गजल, गीत, कविता, निबन्ध र उपन्यास विधाको गहन अध्ययन गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा नियमित रुपमा रचनाहरू प्रकाशित गर्न थालेको पाइन्छ । एकमात्र कथा र लघुकथा समेत उनले यसै समयमा प्रकाशित गराए । यसै चरणमा उनले तत्कालीन राजनीतिक परिवेशमा सामाजिक विषयवस्तुलाई आगालिएको 'कालो टीका' नामक उपन्यास २०५६ सालमा प्रकाशित गराएको देखिन्छ भने २०५९ सालमा त उनका उल्लेख्य मात्रामा कृतिहरूको प्रकाशन भएको पाइन्छ । 'पुच्छर नभएका हनुमान' हास्यव्यङ्ग्यसङ्ग्रह स्वच्छन्दतावादी शैली र

संरचनाको सन्तुलन गर्दै सरल, सरस एवम् हृदयस्पर्शी मार्मिक निबन्धकारिताका साथमा उनी पाठकको हातमा पस्किन पुग्दछन् । यस सङ्ग्रहमा १६ वटा निबन्धहरू सङ्ग्रहित छन् । संयुक्त कवितासङ्ग्रहका रुपमा २०५९ सालमै 'मौसमका हरफहरू' प्रकाशित भएको देखिन्छ जसमा उदय जी.एम.का केवल नौवटा कविताहरू प्रकाशित छन् । संयुक्त गजलसङ्ग्रहकै रुपमा २०५९ सालमा नै 'उनका गजल' शीर्षकको गजलसङ्ग्रह प्रकाशित देखिन्छ । यस कृतिमा विभिन्न समयमा विभिन्न पत्रकारिताहरूमा प्रकाशित उनका जम्मा १८ वटा गजलहरू सङ्ग्रहित छन् । यस चरणको मुख्य उपलब्धी फरक फरक विधामा चार कृतिहरूको प्रकाशन रहेको देखिन्छ ।

पर्याप्त मात्रामा साहित्यिक विधाहरूलाई आगालेका उदय जी.एम.ले वि.सं. २०५५ सालमा 'पहल' नामक साहित्यिक सामयिक संकलनको सम्पादन एवम् २०५९ सालमा 'आाखीभ्याल' साहित्यिक त्रैमासिक पत्रिकाको सम्पादन गरेको देखिन्छ । बहुप्रतिभाशाली व्यक्तिका रुपमा उनी यस चरणमा स्थापित हुन पुग्छन् । झण्डै १०० को सङ्ख्यामा मुक्तकहरू समेत यसै चरणमा लेखिएका हुन् ।[२२]

यसरी विविध विधामा हात हालेका उदय जी.एम.का यस चरणका प्रवृत्तिहरूलाई निम्नानुसार केलाउन सकिन्छ :

- विधागत विविधता आगाल्नु,
- स्वच्छन्दतावादी चिन्तन एवम् परिष्कृत शैलीको प्रयोग,
- कविप्रौढोक्ति र कविनिबन्धवक्तृप्रौढोक्ति दुबै कथनढाचा आगाल्नु,
- विभिन्न तत्सम, तद्भव र आगन्तुक शब्दका अतिरिक्त विम्ब प्रतीकको यथोचित स्थानमा यथोचित प्रयोग,
- विधा तत्वका आधारमा सफल कृतिको सिर्जना,

---

२२. पूर्ववत् ।

- सामाजिक एवम् राजनैतिक विषयवस्तुको सफल प्रयोग,
- जीवनको शाश्वत् पक्षको खोजी र आदर्श जीवनको परिकल्पना,
- समाजमा विद्यमान आर्थिक, सामाजिक, धार्मिक, राजनैतिक आदि विकृति र विसङ्गतिको भण्डाफोर ।

यी उपर्युक्त प्रवृत्तिहरूका अतिरिक्त मानवप्रेम, सांस्कृतिक युगबोध, राष्ट्रियताको चित्रण वीरताको रसात्मक प्रस्तुति, लोकछन्दको उचित प्रयोगजस्ता साहित्यिक प्रवृत्तिहरू समेत उनको यसै चरणमा भेटाउन सकिन्छ ।

### ४.३.३ तृतीय चरण - (वि.सं. २०६० देखि हालसम्म)

उदय जी.एम.को साहित्यिक यात्राको तृतीय चरण वि.सं. २०६० सालपछि देखापर्छ । देशमा जनयुद्धको फलःस्वरुप जनताहरूमा देखापरेका कतै आशा त कतै निराशा, कुण्ठायुक्त जीवनभोगाइ, तत्कालीन अवस्थाका विकृति, विसङ्गति र मानवीयताको ह्रासप्रति तीखो व्यङ्ग्य गर्न उनका रचनाहरू कटिबद्ध देखिन्छन् । यतिबेला जीवनदृष्टि र युगीन चित्रको प्रस्तुतिसागै अस्तित्वको खोजीतर्फ उनको कलम उन्मुख रहेको पाइन्छ ।

उनले वि.सं. २०६० सालमा ९९ जना व्यक्तिहरुको गीतिरचनाहरूलाई समेटेर 'रापतीका गीत' शीर्षकको गीतिसागालोको सहसम्पादन गरेको भेटिन्छ । पुस्तकाकारका रुपमा प्रकाशन गर्न मिल्ने एक संस्मरण एवम् एक मुक्तकसङ्ग्रहको पाण्डुलिपि प्रकाशोन्मुख रहेको छ ।[२३] सार्वजनिक संस्थामा संलग्न समसामयिक लेख, रचना प्रकाशन गर्नु जी.एम.को यस चरणका प्रमुख उपलब्धी मानिन्छ ।

तृतीय चरणमा देखापरेका यिनै साहित्यिक एवम् समसामयिक रचनाहरूको सेरोफेरोमा केन्द्रित भएर उदय जी.एम.का निम्नलिखित प्रवृत्तिहरू केलाउन सकिन्छ :

- रचनाहरूमा परिमार्जित शब्दहरूको प्रयोग
- प्रेमप्रणय र विरहदेखि लिएर जीवनका नैराश्यता, असङ्गत पक्ष, मानवीय कर्तव्य, देशप्रेम, प्रकृतिप्रेम आदिसाग सम्बन्धित विषयवस्तुको प्रयोग गर्नु,
- विविध विम्बप्रतीक, शब्दालङ्कार र अर्थालङ्कारको सान्दर्भिक प्रयोग गर्नु,

---

२३. पूर्ववत् ।

- भावगत विविधता आगाल्नु,
- श्रुतिमधुर र लयात्मक भाषाको प्रयोग गर्नु ।

यिनै उल्लेखित प्रवृत्तिहरूका अतिरिक्त राष्ट्रियता र सामाजिकताको चेतलाई तादात्म्यता प्रदान गर्नु, समसामयिक विषयवस्तुमा गतिशीलता, जीवनमाधुर्यप्रतिको सचेतना

आदि प्रवृत्तिहरू समेत उदय जी.एम.को साहित्ययात्राको तृतीय चरणमा देखापरेका प्रमुख प्रवृत्तिहरू हुन् ।

## ४.४ निष्कर्ष

वि.सं. २०४९ सालमा विवश विरही नाउाले भारतबाट प्रकाशित हुने 'नेपाली एकता' पत्रिकामा 'शुभकामना गोञ्जालो तिमीलाई' शीर्षकको कविता प्रकाशित गरेर उदय जी.एम. नेपाली साहित्यको क्षेत्रमा उदाएका हुन् । विद्यालयस्तरबाटै नाटकको लेखन, मञ्चन, निर्देशन र अभिनय गर्दै साहित्यतर्फ लागेका जी.एम.को सिर्जनशील कलम निरन्तर अगाडि बढी नै रहेको देखिन्छ । यिनको साहित्ययात्राको प्रथम चरणले खासै उल्लेख्य भूमिका निर्वाह गर्न सकेको देखिदैन तापनि यस चरणको लेखनीले यिनको साहित्यलेखनलाई निकै मार्गदर्शन गरेको पाइन्छ । वि.सं. २०५४ देखि २०५९ सम्मको यिनको साहित्ययात्राको दोस्रोचरण निकै उर्वर रहेको पाइन्छ । कविता, गीत, गजल, निबन्ध, उपन्यास आदि विधागत वैशिष्ट्यता रहेको देखिन्छ भने विभिन्न सभासमारोहहरूमा प्राज्ञ व्यक्तिहरूसागको भेट र निरन्तरको सङ्गतले रचनाहरूमा निखारता पाइन्छ । चारवटा कृतिहरूको प्रकाशन नै दोस्रो चरणका मुख्य उपलब्धी बनेर रहेका छन् ।

वि.सं. २०६० देखि हालसम्मको जी.एम.को साहित्ययात्राको तृतीय चरणमा कुनै पुस्तकाकारको कृति प्रकाशन भएको नभेटिए तापनि विभिन्न साहित्यिक कृतिहरूको भूमिकालेखन, सम्पादन आदि कार्यले उनको कार्यदक्षतालाई उचाइमा पुऱ्याएको देखाउाछ ।

सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक विषयवस्तुको सफल प्रयोग, प्रेमप्रणय, विरह, विकृति, विसङ्गति, नैराश्यता, मानवीय कर्तव्य, देशप्रेम, प्रकृतिप्रेमका साथै विभिन्न विम्ब, प्रतीक, शब्दालङ्कार र अर्थालङ्कारको उचित व्यवस्थाले यिनको साहित्यिक सुन्दरतालाई बढाएको देखिन्छ र स्वच्छन्द प्रवृत्ति, आशुलेखन, कडा नीतिनियमको अस्वीकार, यथार्थसागै कतै भावुकता र कतै काल्पनिकताको उपयोग लगायतका विशेषताका कारण उदय जी.एम. आधुनिक नेपाली साहित्यका सुधारवादी एवम् स्वच्छन्दतावादी धारा आगाल्ने एक सशक्त निर्भीक साहित्यकारका रुपमा परिचित छन् ।

# पाँचौँ परिच्छेद

# उदय जी.एम.का कृतित्वको अध्ययन विश्लेषण

थुप्रै पत्रपत्रिकाहरू फुटकर रचनाहरू प्रकाशित गरिसकेका उदय जी.एम.ले नेपाली साहित्यका कविता, गीत, गजल, निबन्ध, नाटक र उपन्यास लगायतका विविध विधाहरूमा कलम चलाएको पाइन्छ । सामाजिक, आर्थिक, धार्मिक राजनैतिक आदि विषयवस्तुहरूको सफल प्रयोग गरिएका उनका हालसम्म जम्मा पाँचवटा पुस्तकाकार कृतिहरू प्रकाशन भएका देखिन्छन् । उनका 'पञ्जाबदेखि रोल्पासम्म' लामो कविता (२०४९), 'कालो टीका' उपन्यास ( २०५६), 'नभएका हनुमान' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह (२०५९), 'मौसमका हरफहरू' संयक्त कवितासङ्ग्रह (२०५९) र 'उनका गजल' सयुंक्त कवितासङ्ग्रह (२०५९) जस्ता कृतिहरू हालसम्मका पुस्तककार रचना हुन् । यी कृतिका अतिरिक्त हालसम्म जी.एम. ले चार दर्जन जति गीतहरू एवम् झण्डै १०० भन्दा बढी मुक्तकहरू लेखेका छन् भने एउटा नाटकको समेत रचना गरेका छन् ।

साहित्यकार उदय जी. एम.को जीवनी, व्यक्तित्व र कृतित्वलाई मूल विषय बनाइएको यस शोधकार्यको प्रस्तुत परिच्छेदमा उनका विभिन्न समयमा पुस्तककार रुपमा प्रकाशित पाँचवटा कृतिहरूको विधातत्वको आधारमा अध्ययन र विश्लेषण गर्ने एवं विधाहरूको समान्य चिनारी दिने प्रयास गरिएको छ ।

## ५.१ 'उनका गजल 'गजल सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

उदय जी.एम.को हालसम्म 'उनका गजल' शीर्षकको एक मात्र गजलसङ्ग्रह २०५९ सालमा प्रकाशित भएको पाइन्छ । यो एक संयुक्त गजलसङग्रह हो । यसमा वि.सं.२०५४ सालदेखि २०५९ सम्मका जम्मा १८ वटा गजलहरू सङ्कलन गरिएको छ । गजल तत्वको आधारमा उनका गजलहरूको निम्नबमोजिम विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

### ५.१.१ गजल परिचय

**'गजल'** अरबेली भाषाको संयुक्त शब्द हो । 'गजल' शब्द ग+ज+ल यी तीनवटा अक्षरहरूको  मेलबाट तयार भएको हो । 'ग' को अर्थ बोली अथवा वाणी हो । 'ज' को अर्थ नारी हो र 'अल' को अर्थ साग वा साथ हो ।[२४] उर्दू कविताको सशक्त र सर्वश्रेष्ठ काव्यरुप

गजल अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो ।[२५] यसको शब्दार्थ मूलतः प्रेमिकासाग वार्तालाप गर्नु हो । अरबी साहित्यमा सर्वप्रथम प्रयुक्त यो शब्दले पछि फारसी हुादै उर्दू साहित्यमा आइपुग्दा सर्वाधिक लोकप्रियता प्राप्त गरेको देखिन्छ । उर्दू समालोचनाले गीतिकाव्यको एक प्रकार[२६] मानेको गजललाई हिन्दी समालोचनाको क्षेत्रमा फुटकर कविता विशेष मानी अध्ययन गरेको पाइन्छ । नेपाली साहित्यका समीक्षक डा. ताराप्रसाद जोशी, शरदचन्द्र शर्मा र कृष्णप्रसाद पराजुलीले यसलाई चिनाउने कार्य गरेका छन्  तर यसको सही चिनारी प्रस्तुत गर्न भने यिनीहरू पूर्णतः असमर्थ रहेका छन् । जोशीले गजललाई एकातिर उर्दूको छन्द[२७] र अर्कातिर फुटकर कविता विशेष[२८] मानेर परम्परा नमिल्दो एवम् विरोधाभास कुरा गरेका छन् । यस्तै शर्माका अनुसार फारसी मूलको एउटा छन्द विशेष नै गजल हो ।[२९] तर नेपाली सन्दर्भमा गजल न त उर्दूको  छन्द हो न त उर्दूको छन्द हो न त फारसी मूलको छन्द विशेष हो न त खास किसिमको छन्द नै हो । यो त नेपाली कविताको लघु रुपभित्र पर्ने एउटा कविता रुप[३०] वा फुटकर कविता विशेष[३१] हो । त्यसैले गजल उर्दूकाव्यको एउटा यस्तो विधा हो जुन सरल भइकन पनि ज्यादै गम्भीर हुन पुगेको छ । प्राचीन काव्यशास्त्रीका अनुसार गजल बाहृय शायरीसम्म फैलिएको हुनसक्छ तर नवीनतम गजलहरू तन्किएर बीस-बाइस शायरी भएका पनि देखिन्छन् । काव्यशास्त्रीय दृष्टिकोण अनुसार गजलका सम्पूर्ण शायरी एउटै भाषामा केन्द्रित भएका हुन्छन् र गजलमा प्रस्तुत भाव विशेषलाई उच्चता प्राप्त गर्नु ती शायरीको काम हो । विशेषतः प्रेमपरक विषयमा लेखिने कोमलता र माधुर्यले भरिपूर्ण हुने गजलका सङ्गीतात्मकता र प्रभावोत्परता आ̂ना निजी विशेषता हुन् ।

---

२४. डा. हिमांशु थापा, साहित्य परिचय, चौ.सं., पृष्ठ ४८ घ ।

२५. मुहम्मद मुस्तफा, (सम्पाः) उर्दू हिन्दी शब्दकोश प्र.सं. (उत्तरप्रदेश : सूचना विभाग, २०१६), पृष्ठ १७७ ।

२६. डा. रामदास 'नादर', उर्दू काव्यशास्त्रमे काव्यका स्वरुप, (नई दिल्ली कुमार प्रकाशन, २०३१), पृष्ठ ७५ ।

२७. डा. ताराप्रसाद जोशी, (सम्पा.) भूमिका नेपाली कविता सङ्ग्रह (भाग २), तृ.सं.- (काठमाडौं, २०५३), पृष्ठ २२ ।

२८. पूर्ववत्, पृ. १८ ।

२९. शरदचन्द्र शर्मा, नेपाली साहित्यको इतिहास (काठमाडौं, त्रि.वि.पा.वि.के,, २०३७), पृष्ठ २२० ।

३०. वासुदेव त्रिपाठी, 'भूमिका' महाकवि देवकोटा र उनका महाकाव्य (लेखक) कुमारबहादुर जोशी (काठमाडौं : सहयोग प्रकाशन, २०३९), पृष्ठ ५ ।

३१. भानुभक्त पोखेल, सिद्धान्त र साहित्य (विराटनगर : श्याम पुस्तक भण्डार, २०४०), पृष्ठ १४६ ।

## ५.१.२. विषयगत र गजल

गजल विभिन्न विषयवस्तुमा आधारित भएर लेख्न सकिन्छ । गजल विशेषतः प्रेमभावनालाई अभिव्यक्त गर्ने साहित्यक विधा भएकाले यसमा स्वभावतः श्रृङ्गारिक विषयवस्तु बढी हुन्छ । त्यसैले प्रारम्भिक गजलमा प्रेमभावले मात्र स्थान पाएको देखिन्छ तर उत्तरवर्ती युगमा गजल लोकप्रिय र प्रयोगधर्मी भएका [३२] कारणले गर्दा यसको विषयवस्तुमा पनि व्यापकता आयो । फलःस्वरुप समसामयिक गजलले सांसारिक प्रेमको अतिरिक्त देशभक्ति, ईश्वरभक्ति, नैतिकता, करुणा, समर्पणभाव, सामाजिक असमानता, जीवनमूल्य, समसामयिक युगबोध र दार्शनिक विचारजस्ता विषयवस्तुलाई आफूमा समाहित गरायो । यति हुदाा हादुै पनि गजलमा नारीका नखशिखवर्णन, कुनै शासनव्यवस्थाको चर्चा, व्यक्ति विशेषको निन्दा वा प्रशंसा, धार्मिक बयान गरिएका आदि विषयहरू नआउनु राम्रो मानिन्छ ।[३३] तर रुप र प्रतीकको माध्यमले यसमा धार्मिक विसङ्गति र उपदेशलाई नजानिदो रुपमा प्रस्तुत गर्न भने नसकिने होइन, सकिन्छ ।[३४]

गजलमा अभिव्यक्त विषयमा वास्तविकताको छनक हुनुपर्दछ र त्यसमा प्रभावोत्पादक पनि आवश्यक हुन्छ किनभने गजलको सफलता नै त्यसको प्रभावोत्पादकत्वमा निर्भर हुन्छ । [३५] गजलमा व्यक्त भएको विषयमा सहजता यथार्थता र सम्भावना हुनु आवश्यक छ । हुन त साहित्यक विधा भएको ले यसमा कल्पनाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ तर कोरा कल्पना गजलका लागि अफाप सिद्ध हुने हादा त्यसमा पनि केही न केही सच्चाइ हुनुपर्दछ ।[३६] साथै यसको विषयमा पाठकलाई आकर्षण गर्नसक्ने सामर्थ्य, प्रशस्त मौलिकता र नवीनता हुनु पनि उत्तिकै अनिवार्य छ ।

उदय जी.एम.का गजलहरू विषयवस्तुका आधारमा अध्ययन गर्दा बढी मात्रामा देशभक्ति र समसामयिक राजनैतिक विषयवस्तुको प्रयोग गरिएको छ । भने केही गजलहरूमा काल्पनिकताभन्दा बढी यथार्थता, नैतिकतामा बढी जोड, सामजिक असमानता, जीवनको मूल्य मान्यता , प्रेमराग , जीवनका पीडा, पीरतिका पीडा, शिक्षाचेतना, प्रगतिका

---

३२. डा. हिमांशु थापा, साहित्य परिचय, दो.सं., पृष्ठ ३०१ ।

३३. पुरी 'चानन' गोविन्द गजल एक अध्ययन (नई दिल्ली : सी.आ. पब्लिकेशन, २०४१), पृष्ठ ३५ ।

३४. ऐजन्, पृष्ठ ४० ।

३५. धीरेन्द्र बर्मा (सम्पा.), हिन्दी साहित्य कोश (प्रथम भाग), दो.सं., (वाराणशी : ज्ञानमण्डल लि. २०२०), पृष्ठ २७८ ।

३६. पुरी, 'चानन', गोविन्द, पूर्ववत्, पृष्ठ ९२ ।

आकाङ्क्षा, भ्रष्ट राजनीतिको विरोध, नेताहरूको कुकृत्य र मुखमा रामराम बगलीमा छुरा देखाउने प्रवृत्तिको विरोधका साथै सत्चरित्र निर्माण गर्न प्रेरित गर्ने विषयवस्तुको प्रयोग गरिएको छ ।

उनको पहिलो गजलको पाचौ शेयरमा नै सामाजिक असमानताको र जीवनको मूल्यमान्यता बोकेको विषयवस्तुलाई यसरी उठाइएको छ –

रातसित जुध्ने आहवान गर्दै 'उदय'ले
जरैदेखि फालौा भन्छ बसिखाने कुल ।

यस्तै विषयवस्तु उनका दोस्रो, तेस्रो र चौथो गजलहरूमा समेत पाउन सकिन्छ । त्यस्तै भ्रष्ट राजनीति र विकृति एवम् विसङ्गतिको विरोधलाई पनि उनले आˆना गजलमा झल्काइएको पाइन्छ, जस्तै-

थाङ्नाको ओछ्यानमा सुतेका छन् शहीदहरू
नेताजीका आश्वासन र ठूला-ठूला ढोल देख्छु ।

(उनका गजल-२०५९, पृ.५)

विविध विषयवस्तुलाई समेटी लेखिएका जी.एम.का गजलहरूमा प्रेम र श्रृङ्गारिक भावले उत्कृष्टताको शिखर चुम्न नसके पनि मध्यम कोटिको बिन्दुमा रहेको पाइन्छ भने मौलिकता र पाठकलाई आकर्षण गर्ने विशेषता उनका गजलमा बढी नै पाइन्छ ।

### ५.१.३ गजलका भावको स्थिति

साहित्यका प्रमुख विधा मध्येको एउटा विधा कविता हो र यसलाई चिनाउने मूल तत्व नै भाव हो । जीवनजगत्को अनुभुति वा भावलाई कवि प्रौढक्तिद्वारा भाषिक कथन गर्दा कविता जन्मन्छ अर्थात् भावको स्वभाविक अभिव्यञ्जना नै कविता हो । अतः कविताको लघुरुपभित्र पर्ने गजलका भावको बैशिष्टय स्वतः संरक्षित हुन पुग्दछ । जीवनको एक घडीलाई आˆनो विषय बनाउने गजलमा भावको अमूर्त अवस्था वा तरलता देखा पर्दछ । भावना र अनुभूतिको तरलता यसमा जति सम्भव छ, त्यति कविताका अरु रुपमा सम्भव छैन । गजलमा अनुभूति वा भावलाई आख्यानीकरण गरिएका छ हादैन तापनि सूक्ष्म आख्यानाभास पाइन्छ । खजमजिएको भावले

गजलको स्वरुपमा हानि पुऱ्याउाछ । त्यसकारण गजलमा सरल भइकन मार्मिक भावको अपेक्षा गरिन्छ । यद्यपि उदय जी.एम.ले विचार घोलिएर आएको प्राकृतिक भावप्रवाहका प्रस्तुतीकरणका श्रृङ्खलाभित्र विधाचेतलाई चनाखोपूर्ण ढङ्गले उपयोग गर्न अफै मेहनत गर्नुपर्ने स्थिति भने छादैछ, जसको खोजी यो आधारशिविरमा गर्नु सायद उनको उत्साही गजल यात्राप्रतीको घोर अन्याय नै हुनेछ ।[३७]

एदय जी.एम.का गजलहरू भवका दृष्टिले सरलता, क्रमबद्धता, पाठकलाई शीघ्र आकर्षण गर्ने भावमा तरलता, आनन्दायीभावले पूर्ण पाइन्छन् । शब्दका दृष्टिले कतै भावलाई शीघ्र बोध गर्न कठिन देखिए तापनि भावका दृष्टिले उत्कृष्ट देखिन्छन् , जस्तै : –

लुकामारी चल्यो दुई अतिको
खति निल्दैथ्यो देश तनतनि ।

(उनका गजल-२०५९, पृष्ठ १५)

## ५.१.४ रचनाविधान

साहित्यका अन्य विधाकोभैंागजलको पनि आ̆नै रचना विधान हुन्छ । जसलाई गजलको शास्त्रीय आधार मानिन्छ । यस अन्तर्गत आन्तिरिक रचना विधान छन्द र भाषा प्रयोगलाई राखी अध्ययन गरिएको छ ।

### ५.१.४.१. आन्तरिक रचना विधान

गजलको भित्री बनोट नै आन्तरिक रचनाविधान हो । यसलाई तीन भागमा बाडिएको छ । काव्यशास्त्रीय मान्यतानुसार पहिले शेर भागलाई 'मतला' भनिन्छ । दोश्रो भागलाई 'शायरी वा शायरी समूह' र तेश्रो भागलाई 'मकता' को संज्ञा दिएको छ ।[३८] गजलको पहिलो शायरीलाई मतला भनिन्छ । जसका दुबै मिसरा (चरण वा पङ्क्ति)मा एउटै 'काफिया' ( पूर्वान्त्यानुप्रास) र 'रदीफ' (तुक या अन्त्यानुप्रास) को प्रयोग भएको हुन्छ ।[३९] अर्को शब्दमा भन्दा मतलाको पहिलो मिसरामा जस्तो काफिया र रदीफको प्रयोग गरिन्छ ।

---

३७. उनका गजल, २०५९ ।

३८. डा. रामदास नादार, पूर्ववत्, पृष्ठ ९२ ।

३९. रामनाथ सुमन मरि (काशी : भारतीय विद्यापीठ, २०१६), पृष्ठ ४०० ।

दोस्रो मिसरामा पनि त्यस्तै काफिया र रदिफ हुन आवश्यक छ । एउटा मतला हुने नियम भए तापनि कहिलेकाहीा सम्पूर्ण गजल नै मतला पारेर लेखिएको हुन्छ भने कसै कसैले मतलाबिना नै गजल लेखेको पाइन्छ ।[४०] यसले गजलका पछिल्ला मिसरा वा चरण साग आ`ना सम्बन्ध राखेको हुन्छ र तिनमा प्रयोग हुने काफिया र रदीफ यसैबाट प्रजानित हुन्छन् ।

उदय जी एम.का गजलहरू रचनाविधानका दृष्टिले गजल विधाको शास्त्रीय नियमलाई कतै पालना गरेको त कतै नियमको सीमालाई ख्यालै नगरी भावनामा डुबल्की मार्दै लेखेको देखिन्छ । जसलाई केही उदाहरणका रुपमा तल प्रस्तुत गरिएको छ :

उजेलीका गीतै मात्र औसीको त्यो रात देख्छु
हिजोका नायकहरू शकुनिका साथ देख्छु ।

(उनका गजल-२०५९, पृष्ठ १५)

उपर्युक्त उदाहरणमा दुबै पङ्क्तिको अन्त्यमा 'देख्छु' शब्दको प्रयोग भएको छ । जसले गर्दा रदीफ (अन्त्यानुप्रास) को नियमपालना भएको छ भने त्यस्तै त्यसअघिको शब्द प्रयोगको क्रममा 'रात' र 'साथ' शब्दको प्रयोग भएको देखिन्छ । यसरी समान वर्ण वा अक्षर दोहोरिएकोले काफिया (पूर्वान्त्यानुप्रास) को प्रयोग भएकोले यस उदाहरणमा गजलको रचना विधान सबल रहेको छ ।

गजलका अन्तिम दुई हरफमध्ये कुनै एउटामा प्रयोग गरिने नाम वा उपनामलाई 'तखल्लुस' भनिन्छ ।[४१] उदय जी.एम.को उनका गजलभित्रका पहिलो, तेश्रो, चौथो, पााचाौ, छैठौा, सातौां, एघारौा र सत्रौा गजलहरूमा गजलकारको नाम 'उदय' शब्दको प्रयोग गरेर तखल्लुसको सृजना गरिएको छ ।

### ५.१.४.२ गजलमा छन्द र भाषाको प्रयोग (बाह्य रचनाविधान)

'गजल' परापूर्वकालदेखि छन्दमा नै लेखिादै आएको छ । ध्वनि सुसङ्गति र स्वरमय अभिव्यक्तिलाई लय भनिएको छ[४२] र त्यसको वाहक छन्द हो । यो गजलको बाह्य आकार

---

४०. रघुपति सहाय 'फिराक', उर्दू भाषा और साहित्य (उत्तर प्रदेश, सूचना विभाग, २०१९), पृष्ठ ३४७ ।

४१. देवी नेपाल, छन्द पराग (काठमाडौं : भुडी पुराण प्रकाशन : २०६३), पृष्ठ १०९

४२. डा. गोविन्द त्रिगुणायत्, शास्त्रीय समीक्षाके सिद्धान्त (भाग- २, दो.सं.), (नई दिल्ली : एस, चन्द एण्ड कम्पनी, २०२५), पृष्ठ २ ।

मात्र नभई लयको माध्यमद्वारा भावलाई गतिशील र तीव्रता बनाउने आन्तरिक तत्व हो । गजलको लय वा छन्दलाई 'बहर' भनिन्छ ।[४३] उदय जी.एम.का गजलहरूलाई बहरको दृष्टिकोणले अध्ययन गर्दा गीति छन्दको बढी प्रयोग र अन्य छन्दहरू पनि प्रयोगका दृष्टिले सफल देखिन्छन् । गजलहरूमा अक्षरसंरचना र लयबद्धता मिलाउँदै विविध अनुप्रासको सृजना गरी लयात्मकता मिलाइएको छ ।

भाषाशैली उनका गजलमा सरल र सहज प्रयोग गरिएको छ । वर्ण्यविषयानुरुपको भाषिक प्रयोग छ । प्रेमप्रणयको प्रसङ्गमा रतिरागात्मक भाषा छ । विम्ब, प्रतीक र अलङ्कारको सुन्दर समायोजन छ । तत्सम, तद्भव र आगन्तुक आदि विभिन्न भाषाश्रोतका शब्दहरूको प्रयोग भएको पाइन्छ । जसले गजललाई सरल र सुबोध बनाएको छ । अतः भाषा र छन्दका दृष्टिले जी.एम.का गजलहरू उत्कृष्ट र सफल बनेका छन् ।

### ५.१.५. निष्कर्ष

यसरी गजलकार उदय जी.एम.ले वि.सं. २०५४ सालदेखि गजल प्रकाशनमा निरन्तर लागिपरेका र 'उनको गजल'को विभिन्न दृष्टिकोणबाट अध्ययन गरिसकेपछि निष्कर्षमा उल्लेख गर्नुपर्दा शीर्षक, लय, छन्द, संरचना, भाषाशैली, उद्देश्य, सान्दर्भिक विषयवस्तु र समसामयिक समाज सापेक्षिक परिवेशानुरुप उनका गजलहरू सबल र सक्षम हुनुका साथै उनी एक कुशल स्रष्टा हुन् भन्न सकिन्छ ।

## ५.२.'मौसमका हरफहरू' कवितासङ्ग्रहको अध्ययन

अन्दाजी २०४७ देखि कविता प्रकाशन गराउँदै आएका कवि उदय जी.एम. आजपर्यन्त तल्लीन् छन् । वि.सं. २०४९ सालमा 'पन्जाब देखि रोल्पासम्म' शीर्षक लामो कविता एवम् वि.सं. २०५९ सालमा 'मौसमका हरफहरू' नामक संयुक्त कवितासङ्ग्रह प्रकाशनमा ल्याई चर्चित हुन पुगेका जी.एम.को यस सङ्ग्रहमा नौवटा कविताहरू सङ्कलित छन् । ४० पृष्ठमा बिस्तारित यस कृतिमा २०५४ देखि २०५९ सालसम्मका सम्पूर्ण कविताहरू सङ्कलन गरिएका छन् । कविता विधामा सशक्त एवम् बेजोड प्रस्तुति दिने उनको यस सङ्ग्रहको विश्लेषणपूर्व कविता विधाको सामान्य चिनारी र यसका तत्वहरूको संक्षेपमा चर्चा गर्नु समुचित देखिन्छ ।

---

४३. देवी नेपाल, पूर्ववत्, पृष्ठ १११ ।

### ५.२.१ कविता : विधागत चिनारी

‘कविता’ साहित्यको एक सर्वप्राचीन विधा हो । कवितालाई परिभाषित गर्ने क्रममा पूर्वीय एवम् पाश्चात्य साहित्यमा लामो परम्परा रहेको पाइन्छ। परिवर्तित समयसंगै कविताको परिभाषामा समेत नवीनता थपिादै गएको पाइन्छ । पूर्वीय एवम् पाश्चात्य साहित्यको आधार र आधुनिक मान्यतालाई स्पर्श गर्दै कवितालाई एउटा वाक्यमा परिभाषित गर्दा मनमस्तिष्कलाई आनन्दित तुल्याउने हृदयबाट उत्पन्न हुने रागात्मक अनुभूतिसहितको सन्तुलित पदावलीद्वारा निर्मित घनिभूत भाव नै कविता हो भन्न सकिन्छ । ‘कव् वर्णने’ धातुमा ‘इ’ प्रत्यय लागेर बनेको, कुनै पनि कुराको वर्णन गर्ने व्यक्तिको अर्थ वहन गर्ने ‘कवि’ शब्दमा ‘ता’ प्रत्यय लागेर ‘कविता’ शब्दको र ‘य’ प्रत्यय लागेर ‘काव्य’ शब्दको निर्माण भएको पाइन्छ । ‘कविता’ शब्दको शाब्दिक अर्थ कविको भाव हो भने ‘काव्य’ शब्दको अर्थ कविको सिर्जना हो । पूर्वीय साहित्यमा व्यक्त कविता वा काव्यलाई पाश्चात्य साहित्यमा एयभतचथरएयभ्र भनिन्छ जसको निर्माण रचनाकार जनाउने एयभत शब्दबाट भएको पाइन्छ । यसरी पूर्वीय सन्दर्भमा ‘कवि’ शब्दबाट उत्पन्न ‘काव्य’ शब्दले साहित्यका सबै विधालाई समेटेको पाइन्थ्यो भने हाल आएर अर्थ सङकुचन हुादै यसले कविताका लघु, मझौला र वृहत् रुपलाई जनाउने गर्दछ । त्यस्तै पाश्चात्य जगत्को ‘एयभतचथ’ शब्दले पहिले व्यापक अर्थ समेटे पनि हाल आएर फुटकर कविता ९क्जयचत एयझ्र०, खण्डकाव्य वा लामो कविता ९यिलन उयझ्र०, कलात्मक महाकाव्य ९भ्उष्अ या ब्चत०, विकसनशील वा आर्ष महाकव्य ९भ्उष्अ या न्चयधतज० जस्ता विभिन्न कविताका रुपहरूलाई मात्र समेटेको पाइन्छ । यसरी काव्यको एक भेदका रुपमा रहेको कवितालाई चिनाउने क्रममा पूर्वीय एवम् पाश्चात्य जगत्का विद्वानहरूले विभिन्न विचारहरू व्यक्त गरेका छन् :

८ शब्द र अर्थको सहभाव काव्य हो ।" - **भामह**

८ दोषरहित र गुणसहित शब्दार्थ कहीा-कहीां अलङ्काररहित भए पनि हुने काव्य हो ।"

– **मम्मट**

८ रसात्मक वाक्य काव्य हो।" – **विश्वनाथ**

८ कविता भाषाका माध्यमबाट अभिव्यक्त हुने अनुकरणात्मक कला हो ।" – **अरस्तु**

८ शान्त मनस्थिति क्षणमा उत्पन्न हुने प्रवल मनोवेगको सहज प्रवाह नै कविता हो ।"

– **वर्डस्वर्थ**

८ कविता मूलरुपमा जीवनको आलोचना हो ।" – **म्याथ्यु अर्नोल्ड**

८ भावनाको बौद्धिक कोमलता नै कविता हो ।" – **बालकृष्ण सम**

८ भावनाको हार्दिक कोमलता नै कविता हो ।"– **लक्ष्मीप्रसाद देवकोटा**

८ कविता जीवनजगत्का मूल्यवान अनुभवको काल्पनिक कलात्मक बद्ध वा मुक्त लयात्मक भाषिक अभिव्यक्ति हो ।" – **बासुदेव त्रिपाठी**

पर्युक्त परिभाषाहरूलाई केलाउादा जीवन र जगत्का कल्पना एवम् अनुभवहरूलाई बौद्धिक र हार्दिक कोमलतामा अभिव्यक्ति भावनालाई कविताको रुपमा चिनाइएको छ । समष्टिमा भन्नुपर्दा 'कविता' जीवतजगत्का विविध अनुभवहरूलाई सौन्दर्यमय भाव, भाषा र अर्थका माध्यमबाट लयात्मकताका साथ अभिव्यक्ति गरिएको हृदयलाई आनन्दित तुल्याउने साहित्यको प्राचीन विधा हो ।

### ५.२.२. कविताका तत्वहरू

विता बन्नका लागि विभिन्न अवयवहरूको आवश्यकता पर्दछ । यसरी कविता निर्माणका लागि आवश्यक मानिने अवयव वा अङ्गहरू नै कविताका तत्वहरू हुन् । मुख्य गरेर कविताका तत्वमा रुप र वस्तु रहे पनि शीर्षक, संरचना, लयविधान, भाषाशैली, कथनपद्धति, केन्द्रीय कथ्य वा भाव विधान, व्यञ्जना, विधागत स्वरुप तथा आयाम जस्ता तत्वहरूका आधारमा नै कविताको रुपको पहिचान गर्न सकिन्छ । कविताका घटक वा तत्वहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

#### ५.२.२.१ शीर्षक

शीर्षक कविताको महत्वपूर्ण तत्व हो । शीषर्कको छनौट कविताका भित्री तथा बाहिरी सबै तत्वहरूको प्रतिनिधित्व हुने खालको कलात्मक हुनु पर्दछ । शीर्षक कुतूहलता जगाउने खालको हुनु पर्दछ र शीर्षकले जगाएको कुतूहलताको बिस्तार कवितामा हुनुपर्दछ । कविताको शीर्षकले रुप तथा वस्तुका बीच कहीा साझो र कहीा साङ्केतिक सम्बन्ध राखेको हुन्छ ।

#### ५.२.२.२ संरचना

कविताको संरचना आन्तरिक र बाहृय गरी दुई किसिमको हुन्छ । कविता कृतिको बाहृय संरचनामा लयात्मक खण्ड, गण, विश्राम, चरण र पङक्तिपुञ्ज रहेका हुन्छन् । बाहृय संरचना भाषिक वा शैलीगत प्राप्ति हो र त्यो कविताको विधा उपविधागत आयामसाग पनि

सम्बन्धित रहन्छ । कविताको आन्तिरिक संरचना केन्द्रीय कथ्य, भावविचारको उठान, विकास र रोगात्मक परिणतिको यात्रापथसाग सम्बन्धित देखिन्छ । यसमा कवितामा आगालिएको कथनपद्धतिसाग सम्बन्धित सोझो कथन, आख्यानीकरण नाटकीकरणका सूक्ष्म वा स्थूल प्रक्रियालाई पनि हेर्ने गरिन्छ ।

### ५.२.२.३ लयविधान

कविताको भाषाअनुसार लयको निर्धारण गरिएको हुन्छ । वर्णगत, पङ्क्तिगत, वाक्यगत, अनुच्छेदगत वा श्लोकगत बनोटबाट लयको उत्पत्ति हुन्छ र तिनै बनोटका स्तरमा क्रमशः लय सम्बद्ध हादै जान्छ । कवितामा बद्धलय र मुक्तलयमध्ये कुनै पनि लय हुन सक्छ । बद्धलय वार्णिक, मात्रिक र वर्णमात्रिक हुन्छ भने मुक्तलय गद्य कवितात्मक  हुन्छ ।

### ५.२.२.४ भाषाशैली

भाषाद्वारा नै साहित्यकारले आ̄ना आन्तरिक भावनालाई बाह्य रुपमा प्रकाशन   गर्छ । कविता पनि भाषाकै माध्यमबाट अभिव्यक्त हुन्छ । कविताको भाषा अभिधात्मकभन्दा बढी लाक्षणिक हुन्छ । वर्ण, पद, शब्द, पङ्क्तियोजनाको चयनमा अपनाइने कुशलतालाई शैली भनिन्छ । शैलीले कवितात्मक सौन्दर्यलाई प्रकट गर्ने कार्य गर्दछ । प्रचलित शब्दको प्रयोगले सरल शैलीको निर्माण हुन्छ भने अप्रचलित शब्दको प्रयोगले जटिल शैलीको निर्माण हुन पुग्छ । यसरी कवितालाई अभिव्यक्त गर्ने माध्यम भाषा हो भने भाषालाई सौन्दर्यमय बनाउने कार्य शैली गर्दछ ।

### ५.२.२.५ कथनपद्धति (दृष्टिबिन्दु)

कवितामा कविले कुन स्थानमा आ̄नो अभिव्यक्ति प्रस्तुत गर्दछ । त्यस आधारमा कथनपद्धतिको निर्धारण गरिन्छ । कवि आफैले कविताको कथन गर्दछ भने त्यो कविप्रौढोक्ति कथनपद्धति आन्तिरिक दृष्टिबिन्दु हो । आन्तरिक दृष्टिबिन्दुमा ‘म’ र ‘हामी’ सर्वनामको प्रयोग गरिन्छ । कविले आ̄नो कथन अन्य पात्रका माध्यमबाट प्रस्तुत गरेको छ भने त्यो कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धति वा वाह्य दृष्टिबिन्दु हो । बाह्य दृष्टिबिन्दुमा ‘ऊ’,‘त्यो’ आदि सर्वनामको प्रयोग गरिन्छ । यिनका साथै आख्यानीकरणको क्रममा कविले दृश्यको चित्रण

तथा संवाद मनोवादका नाटकीकृत कथन पद्धति आगाल्दै आत्मालापको गुञ्जन समेत प्रस्तुत गर्दछ भने त्यो तेश्रो वैकल्पिक कथनपद्धति हो ।

### ५.२.२.६ केन्द्रीयकथ्य, सन्दर्भसामग्री र भावविधान

मानव जीवनका अनुभूति, विचार, भावना, धर्म, संस्कृति, परम्परा, रहनसहन, प्राकृतिक परिवेश आदि जस्ता विषयवस्तु नै कविताका सन्दर्भ सामग्री हुन् । कवितामा सिधै वा आख्यानीकृत नाटकीकृत जुन रुपमा जीवनजगत्को कथन व्यक्त गरे पनि त्यसमा केन्द्रीय कथ्य वा भाव रहेकै हुन्छ । त्यो भाषा वा विचार कवितामा कलात्मक र रागात्मक रुपमा प्रकट हुने गर्दछ । यसरी कविताको विषयवस्तुलाई सन्दर्भसामग्री, विषयवस्तुको ग्रहण प्रक्रियालाई भावविधान र मूल उद्देश्य वा सारलाई केन्द्रीयकथ्य भन्ने गरिन्छ ।

### ५.२.२.७ विम्बविधान र अलङ्करणका प्रविधि

कुनै कृतिको कथ्य अर्थको सहचर प्रतिच्छायाको रुपमा आउने अर्को अर्थलाई विम्ब भनिन्छ । जीवनजगत्का विविध सन्दर्भ सामग्रीबाट विम्ब ग्रहण गर्न सकिन्छ । कवितामा भावपरिपोषक र भावव्यञ्जक तत्व समेतको स्थान ग्रहण गर्ने विम्बले अलङ्कारविधानमा पनि महत्वपूर्ण भूमिका खेल्दछ । शब्दालङ्कार र अर्थालङ्कारले क्रमशः कविताको शब्दसौन्दर्य र अर्थसौन्दर्यको श्रीवृद्धिमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । विम्बको सन्तुलित समायोजन र अलङ्कारको उचित आयोजनले कविता सौन्दर्यमय तथा कलात्मक बन्दछ ।

### ५.२.२.८ व्यञ्जना र प्रतीक

कवितामा बाह्‍य रुपमा भन्दा आन्तरिक रुपमा अर्थसौन्दर्यको उद्‌घाटन हुनु नै व्यञ्जना हो । प्रतीक विधानले कवितालाई गहकिलो सौन्दर्य प्रदान गरेको हुन्छ । कुनै कवितामा मुख्य अर्थका रुपमा अर्को अर्थ विम्बका रुपमा प्रस्तत् नभई लाक्षणिक र व्यञ्जनात्मक अर्थका रुपमा आउनुलाई प्रतीक भनिन्छ ।

### ५.२.२.९. विधागत रुप तथा आयाम

कविताको विधागत आयाम श्रवण कला वा पठनकलाको लमाइमा आधारित हुन्छ । मुख्यतः कुनै पनि कृतिमा लम्बाइ, चौडाइ र गहराइ गरी तीनवटा आयाम देखा पर्छन ।

विधागत रुपका परिप्रेक्ष्यमा पङ्क्तिसङ्ख्या, अनुच्छेदसङ्ख्या, सर्गसङ्ख्या र पृष्ठसङ्ख्या समेतको फैलावट र बिस्तारमा कविताको लम्बाई निर्धारण गरिन्छ । यिनै लम्बाइ र चौडाइका आयाममा व्यक्त गरिएको मूल कथ्य वा भाव एवम् विचारलाई प्रभावकारी ढङ्गमा व्यक्त गर्न सकेको खण्डमा नै कृतिको उचाइ बढ्ने गर्दछ । आयामका दृष्टिले कवितामा लघुत्तम आयाम– मुक्तक कविता , लघु आयाम फुटकर कविता, मझौला आयाम– खण्डकाव्य, वृहत आयाम– महाकाव्य र वृहत्तर आयाम– आर्ष महाकाव्यसम्म फैलिएको पाइन्छ ।

## ५.२.३ 'मौसमका हरफहरू'को विश्लेषण

आधुनिक नेपाली कविताको २०३० देखि हालसम्मका समयावधिलाई चौथो मोड अथवा समसामयिक धारा भनिन्छ । प्रयोगवादी धाराको दुरुह र दुर्बोध्यतालाई पर सार्दै पाठकसितको सम्बन्धलाई अग्रसरता दिदै अगाडि बढेको नवप्रगतिवादी र नवयथार्थवादी पनि भन्नसकिने यस समसामयिक धारामा विशेष गरेर २०४६ सालको जनआन्दोलनभन्दा अघि पछिका सामाजिक, राजनैतिक, आर्थिक र अन्य क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिका टड्कारा सन्दर्भ र समस्याहरूलाई कवि उदय जी.एम.ले समेत आ̄ना कविताहरूमा समायोजन गरेका छन् ।

२०५४ देखि २०५९ सालसम्मका कविताहरू सङ्कलन गरिएको उनको ४० पृष्ठमा विस्तारित 'मौसमका हरफहरू' कवितासङ्ग्रहको प्रकाशन भएको हो । महङ्गी, गरिबी, अशिक्षा, भ्रष्टाचार, नैतिकपतन, वैदेशिक प्रभावजस्ता विविध विषयवस्तुहरू थपक्क राख्दै युगसापेक्ष रुपमा अभिव्यक्त गरी लेखिएका उदय जी.एम.का कविताहरूको विश्लेषण कविताको विधातत्व एवम् रचनासमयका आधारमा गरिएको छ । प्रथम पटक प्रकाशन भएका मितिका आधारमा उनका कविताहरूको क्रमलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गरिएको छ :-

| क्र.सं. | कविताको शीर्षक | पत्रिका वा रचनासङ्ग्रहको नाम | रचनामिति |
|---|---|---|---|
| १ | अजम्बरी आस्था | नयाा युगबोध | २०५९ बैशाख १ |
| २ | सुइना र लाङमा | मौसमका हरफहरू | २०५९ बैशाख ३० |
| ३ | सपनाहरूको लाशमाथि | मौसमका हरफहरू | २०५९ बैशाख २३ |
| ४ | फूलहरूको छातीमा | मौसमका हरफहरू | २०५९ बैशाख २३ |
| ५ | जिन्दगीको कृष्णभीर | मौसमका हरफहरू | २०५९ बैशाख २९ |

| | | | |
|---|---|---|---|
| ६ | निद हराएका रातहरू | मौसमका हरफहरू | २०५९ बैशाख २ |
| ७ | साला उदय | मौसमका हरफहरू | २०५९ बैशाख ६ |
| ८ | बुश साहेबको जुगा | मौसमका हरफहरू | २०५९ बैशाख ११ |
| ९ | बिचरा होली | मौसमका हरफहरू | २०५९ बैशाख पूर्णिमा |

**श्रोत :- मौसमका हरफहरू (२०५९)**

### ५.२.३.१ अजम्बरी आस्था

### क) विषयवस्तु र भाव

वि.सं. २०५४ चैत्रमा रचना गरिएको यो कविता २०५५ वैशाख १ गतेको 'नयाा युगबोध' राष्ट्रिय साप्ताहिक पत्रिकामा प्रकाशित र 'मौसमका हरफहरू' (२०५९) कवितासङ्ग्रमा  सङ्ग्रहित छ । अनेक दुःख-कष्ट, यातना र प्रताडना भोग्नु परे पनि सुन्दर भविष्यको सपना पूरा गर्नमा तल्लीन भई क्रान्तिमा होमिएको एक साहसी, होनहार र देशभक्त नेपालीको आवाजलाई यस कविताले विषयवस्तुका रुपमा उठान गरेको छ । प्रगतिशील विचारधाराले कम्तिमा पनि सामन्तवाद र साम्राज्यवादको विरोध गर्न र रुढि, अन्धविश्वास आदिका विपरीत उभिादै दुःखी गरीब जनताको पक्ष लिन्छ भन्ने भावभूमिमा यो कविता तयार भएको छ । शक्तिशाली वर्गले कमजोर वर्गलाई गर्ने शोषणका विपक्षमा यसमा आवाज उठाइएको छ । जनाधिकारको हनन भएको कुरातिर पनि कविले सबैको ध्यानाकर्षण गरेका छन् ।

### ख) प्रयोजन वा उद्देश्य

यस कविताको मुख्य उद्देश्य यथार्थको प्रकटीकरण होा थिचोमिचो र उत्पीडनका विरुद्ध समाजको रुपान्तरण हुनुपर्ने उद्देश्य बोकेर कविता सिर्जना भएको देखिन्छ। इतिहास प्रसिद्ध वीरता र शुरताका गाथालाई कवितामा उतारिएको छ । मानिसको मनभित्र एउटा अजम्बरी आस्था हुन्छ र मानिसको देह मरेर गए पनि त्यो आस्था अमर नै हुन्छ । आस्थाको शिकार गर्न खोजे पनि एक दिन त्यो समानता र स्वतन्त्रताको गीत गाउादै ढकमक भई फुल्ने कुरामा कवि विश्वस्त छन्। क्रुर शासकहरूको अन्याय, अत्याचार र दमनका विरुद्ध खरो रुपमा उभिएको यो कविता विश्वमाझ युद्ध हैन शान्तिको सन्देश फैलाउने प्रयोजनले रचना भएको देखिन्छ ।

ग) भाषाशैली र लय

यो एक सशक्त गद्य कविता हो । यहाा आˆनै प्रकारको काव्यभाषा छ । यहाा भावको प्रबलता तद्नुरुप आवेगपूर्ण भाषाको प्रयोग भएको छ । चकनाचुर, ढकमक्क, लपलपी आदि अनुकरणात्मक शब्दहरूले भावलाई रसिक बनाएका छन् । जङ्गे पहाड, सीसाको महल, आस्थाको शिकार गर्नु आदि टुक्काहरूको प्रयोगमा कविको विशेष रुचि देखिन्छ । तार्किकता कविताको शैलीगत विशेषता हो भने लोक छन्द र शास्त्रीय छन्दलाई नआगाली कविले यहाा गद्यलयको चयन गरेका छन् ।

घ) विम्ब, प्रतीक र अलङ्कार

'अजम्बरी आस्था'मा कविले विम्ब, प्रतीक र अलङ्कारका माध्यमबाट अभिव्यक्तिलाई बढी मात्रमा रसिलो र चमत्कारपूर्ण तुल्याएका छन् । पाश्चत्य मिथकहरूका साथै जीवनजगत् र प्रकृतिका विभिन्न क्षेत्र चहारेर कवितालाई विम्बयुक्त बनाइएको छ । चीनको फूलबारी, ग्याासच्याम्बरको इतिहास, जङ्गे पहाड, विभत्स खोल्सा आदि अनेक विम्बहरू यहाा विद्यमान छन् । प्रतीक प्रयोगका क्रममा यहाा अप्रस्तुत व्यञ्जनाका निम्ति विभिन्न प्रयोग गरिएका छन् । तीस वर्ष, सीसाको महल, सगरमाथा आदि त्यस्ता प्रयोग हुन् । 'रातै भएर फुल्ने छ– सुन्दर भएर फुल्नेछ' जस्तो अनुप्रासमय शब्दालङ्कार 'आफूलाई जङ्गे पहाड सम्भmने' जस्तो रुपक, 'सीसाको महलभmै जस्तो उपमा आदि अर्थालङ्कारको प्रयोगले कविता आलङ्कारिक बन्न गएको देखिन्छ ।

ङ) दृष्टिबिन्दु

आत्मपरक मन्मय सिर्जनामा विशेष रुचि राख्ने उदय जी.एम. स्वयम् 'अजम्बरी आस्था' कवितामा 'म' पात्रका रुपमा उपस्थित भएका छन्  र 'खुशीले उन्मत्त भएकाहरू' का रुपमा अरुलाई सम्बोधन गर्दै आˆना भनाइ र दृष्टिकोण प्रस्तुत गरेका छन् । त्यसैले प्रथम पुरुष दृष्टिबिन्दुमा यो कविता लेखिएको छ । कविको मानसपटलमा उब्जिएका भावहरूको एकालाप आत्मकथनमा आधारित सोभmो अभिव्यक्ति भएकोले कविता कविप्रौढोक्ति उक्तिढााचामा रचना गरिएको छ ।

च) शीर्षकको औचित्य

यस कविताको विषयवस्तु र शीर्षकमा पूरै मेल छ । शीर्षक 'अजम्बरी आस्था' भएअनुसार सम्पूर्ण कवितामा जतिसुकै यातना भोग्नु परे पनि कष्ट र पीडाले नमर्ने आस्थाकै वर्णन छ । शीर्षक र कवितामा विषयगत सामञ्जस्य रहेकाले एवम् कविताको आदिदेखि अन्त्यसम्म सर्वत्र अजम्बरी आस्थाकै वर्णन भएकोले शीर्षक उचित र सुहाउादो छ ।

**छ) संरचना**

'अजम्बरी आस्था ' कविता पााचदेखि पच्चीस पङ्क्तिसम्मका दुई अनुच्छेदमा वितरित लघुकविता हो । कविताको अनुच्छेदहरू पङ्क्तिका सङ्ख्याका दृष्टिले असमान भए पनि तिनको उठान, सन्दर्भसंयोजन र बैठानका दृष्टिले प्रभावपरक छन् ।

**५.२.३.२ सुइना र लाङमा**

**(क) विषयवस्तु एवम् भाव**

वि.सं. २०५९ साउन ३० मा रचना गरिएको यो कविता 'मौसमका हरफहरू(२०५९)' कवितासङ्ग्रहमा सङ्कलित छ । बिग्रदो राजनैतिक परिवेश र राष्ट्रप्रेम यस कविताको मुख्य विषयवस्तु हो । तत्कालीन समसामयिक परिवेशको चित्रण गरिएको यस कवितामा विदेशका ती ठाउाहरू जो हरेक दिन युद्धमय बनेका छन् सुन्दा पनि सपनाझैं लाग्छ आज तिनै ठाउाहरूको गति नेपालका विभिन्न ठाउाहरूले भोग्नुको यथार्थ अर्थात् विपनालाई कविले यस कवितामा समेट्दै निम्न तरिकाले चिन्ता भाव प्रकट गरेका छन् :-

सुइनाहरू
मेरो यतैतिर
परिणत भइरहेछन् लाङमा
मंगलसेल, सोलु, दाङ र देउखुरीहरू.........
भो नसोध अनगिन्ती छन् यस्ता घाउहरू ।

(मौसमका हरफहरू-२०५९, पृष्ठ १७ )

**ख) प्रयोजन वा उद्देश्य**

राष्ट्रमा देखिएको राजनैतिक उथलपुथलप्रति सचेत गराउादै विविध समस्याहरूको समाधान अर्थात् आ᷈नो कर्तव्यप्रति सजग गराउादै सुधारात्मक मार्गमा हिाड्न हरेक

नागरिकलाई आग्रह गर्ने उद्देश्यले यो कविता रचना भएको देखिन्छ । युद्धको चित्रण एवम् शान्तिको सन्देश फैलाउनु नै यस कविताको प्रयोजन हो ।

### ग) भाषाशैली र लय

यो कवितामा जटिल र दुर्बोध्य भाषाशैलीको प्रयोग भएको छ । गद्यशैलीमा लेखिएको यस कवितामा भावको अर्थगाम्भीर्यता छ । विभिन्न तत्सम शब्दका अतिरिक्त आगन्तुक शब्दको बाहुल्यता रहेको छ । छन्दमुक्त यस कवितामा सूक्ष्म अन्त्यानुप्रासको आयोजना छ ।

### घ) विम्ब, प्रतीक र अलङ्कार

यसमा कविको मनोविम्बको प्रयोग गरिएको छ भने विभिन्न ठाउाका ठाउाहरू (जापान, काश्मिर, कारगिल, मगंलसेन, सोलु आदि) प्रतीकका रुपमा आएका छन् । अनियोजित अनुप्रास अलङ्कारका अतिरिक्त उपमा र रुपक अलङ्कारको सिर्जना गरिएको  छ ।

### ङ) दृष्टिविन्दु

कवि प्रौढोक्ति उक्ति ढााचा अनुसार यस कवितामा कविले आफू सिधै कवितात्मक कथन गरेका छन् । यो कविता कविको आत्मानुभूति भएकोले सोझो अभिव्यक्ति प्रथम पुरुषमा कथित छ ।

### च) शीर्षकको औचित्य

यस कविताको शीर्षक प्रतीकात्मक रहेको छ । मगर–खाम भाषामा प्रचलित शब्द सुइना र लाङमाको प्रयोग गरिएको छ जसको अर्थ क्रमशः सपना र विपना हुने गर्छ । कविलाई सपना जस्तो लाग्ने गरेका युद्धले ग्रस्त ठाउाहरूको दुर्गति नेपालकै विभिन्न स्थानले भोग्नुपर्दा सपना विपनामा परिणत भएका भावहरू कविताभरी पाइएकोले शीर्षक सार्थक रहेको छ ।

### छ) संरचना

'सुइना र लाङमा' लघु आकारको गद्य कविता हो । बाइस हरफ र एकै अनुच्छेदमा संरचित छ यो कविता । आवेग, संवेग र भावको दौडमा आन्तरिक र बाह्य संरचना सुन्दर रहेको देखिन्छ ।

### ५.२.३.३. सपनाहरूको लाशमाथि

#### क) विषयवस्तु एवम् भाव

२३ भदौ २०५९ मा रचिएको यो कविता 'मौसमका हरफहरू' (२०५९) मा संरचित छ । नेपाली राष्ट्रियता, तत्कालीन शासकीय दमन, युद्धबाट पिल्सिएका नेपाली जनताहरूको आस्था र सत्यको पक्षमा अर्थात् देशको बर्वादीमा चिन्ता गर्ने र त्यसका विरुद्धमा एक इमान्दार देशभक्तको खबरदारी आवाजलाई यहाा कविले आ^नो कविताको विषयवस्तु बनाएका छन् । मान्छे र मान्छेले देखेका सुन्दर सपनाहरू एक आपसको लडाईले गर्दा समाप्त हुन पुगेको दुःखद परिस्थितिको चित्रण यस कवितामा छ । मृत्युगीतमा रमेका मान्छेहरू, बुद्धको शालिक अघिल्तिर पछारिएका सेता परेवाहरू आदि विसङ्गतिको चित्रण भए पनि यस कविताको मूल भाव देशभक्ति वा राष्ट्रप्रेम नै हो । जतिसुकै निराश परिस्थितिका भावलहरहरू दौडिए पनि अन्तमा आशावादी स्वरलाई भावमय बनाउदै कवि यसरी प्रस्तुत गर्दछन् –

रातलाई चिर्दै सूर्य पक्कै उदाउाछ ।
त्यसैले यो कवि
सपनाहरूको लाशमाथि उभिएरै
अझै देख्दैछ सपना
अझै कोर्दैछ कविता ।
(मौसमका हरफहरू-२०५९, पृष्ठ १३)

#### ख) प्रयोजन वा उद्देश्य

तत्कालीन यथार्थको प्रकटीकरण र सुधारको सन्देश नै यस कविताको प्रयोजन देखिन्छ । यसमा देशप्रतीकविको निश्चछन् माया र निष्कपट ममता अविरल रुपमा वगेको छ । मान्छे र उसले देखेका सपनहरू पूरा हुनुपर्छ र त्यसलाई पूरा गराउन राज्यको समेत दायित्व हो भन्ने उद्देश्यले यो कविता रचिएको हो । आफूले जस्तोसुकै विषम परिस्थितिका पीडा भोग्नु परे पनि एक दिन अवश्य सुनौलो विहानीको उदय हुने र हुनुपर्छ भन्ने राष्ट्रप्रेमको स्वर चर्को

रुपमा यहाा व्यक्त गरिएको छ । युद्धले गर्दा धेरैका सपनाहरू मरेर लाश भएको र ती लाशमाथि उभिएर भएपनि सुन्दर भविष्यको सपनालाई देखनुपर्ने दयनीय तर मर्मस्पर्शी यथार्थको वर्णन गर्नु नै कविताको उद्देश्य हो ।

### ग) भाषाशैली र लय

यो कविता सरल सहज भाषाशैलीमा लेखिएको क्रान्तिकारी आह्वान हो । युद्धले कसैको भलो हुने नभई युद्ध हैन शान्तिको पक्षमा उभिएका कविको युद्धविरोधी हुङ्कारपूर्ण उद्बोधन पनि कवितामा पाइन्छ । यसमा मौसम, क्षण, कुरुक्षेत्र, दुर्गन्ध, शालिक, सूर्योदय आदि तत्सम र कर्फ्यू , प्रतिबन्ध, लाश जस्ता आगन्तुक शब्दहरूको प्रयोग भए तापनि बाहुल्यताचाहि तद्भव शब्दहरूकै छ । यो एकालापीय शैलीमा रचिएको प्रगीतात्मक कविता हो । शब्दहरूको सुन्दर संयोजनले यस कवितालाई सहज, सम्प्रेष्य र संवेद्य तुल्याएको छ । यो रचना गद्य कविता हो र यसमा मुक्तलयको प्रयोग गरिए पनि लयको अटूट र अविरल प्रवाह छ ।

### घ) विम्ब, प्रतीक र अलङ्कार

समसामयिक घट्नाहरूको विम्ब रहेको यस कवितामा मृत्युपर्व, सपनाहरूको लाश जस्ता शब्दहरू प्रतीकात्मक रुपमा आएका छन् । बारीमा-टारीमा (अनुप्रास), सपना नै जीवन, जीवन नै सपना (उपमा), रातलाई चिर्दै सूर्य पक्कै आउाछ (समासोक्ति) आदि अलङ्कारद्वारा लयको सुन्दर सिर्जना गरिएको छ ।

### ङ) दृष्टिबिन्दु

यो प्रथम पुरुषीय दृष्टिबिन्दुमा रचिएको कविता हो । यसको समाख्याताचाहि 'रातलाई चिर्दै सूर्य पक्कै उदाउाछ, त्यसैले यो कवि सपनाहरूको लाशमाथि उभिएरै अझै देख्दैछ सपना' भन्ने कवितांशको 'कवि' हो । कविले कुनै पात्र खडा नगरिकन सोझो अभिव्यक्ति दिएकाले कविताको दृष्टिबिन्दु अर्थात् कथनपद्धति कविप्रौढोक्ति उक्तिढााचामा आधारित छ ।

### च) शीर्षकको औचित्य

प्रतीकात्मक रुपमा चयन गरिएको 'सपनाहरूको लाशमाथि ' यस कविताको शीर्षक सङ्केतात्मक छ । युद्धले गर्दा मान्छेहरूको मृत्यु सागै उनीहरूका सपना पनि लाशमै परिणत

भए तापनि बचेकाले सुन्दर सपना देख्नुपर्ने यथार्थको वर्णन कवितामा छ । जुन भाव शीर्षकमा छ त्यसैको बिस्तार कविताभर गरिएकोले यस कविताको शीर्षक उपयुक्त देखिन्छ ।

छ) संरचना

मुक्तलयमा रहेको यो कवितामा 'अझै देख्दैछ सपना अझै कोर्दैछ कविता'को चार पटक पुनरावृत्ति भएकाले यस कविताको ढाँचा वर्तुल भई तदनुरुप संरचना पनि प्रगीतात्मक हुनपुगेको छ ।

### ५.२.३.४ फूलहरूको छातीमा

क) विषयवस्तु एवम् भाव

२३ भदौ २०५९ मा रचित र 'मौसमका हरफहरू' (२०५९) कवितासङ्ग्रहमा सङ्ग्रहित छ यो कविता । यस कवितामा कविले ठूलाबडा भनाउदाले शक्ति र सामर्थ्यताको बलमा सानालाई डर धम्की दिई होच्याउने कुरीतिलाई नै मुख्य विषयवस्तु बनाएका छन् । सत्तासिनले शक्तिको उन्माद र उपद्रव प्रस्तुत गर्ने गरेकोले त्यसको प्रत्यक्ष असर निरीह बनेका जनतामाथि परेको यथार्थको वर्णन यहाँ भएको छ । जनताहरूले स्वतन्त्र भई हाँस्ने बोल्ने आदि आफ्नो व्यक्तिगत स्वतन्त्रताको उपभोग गर्न पाउनुपर्छ भन्ने भावलाई कविले प्रतीकात्मक रुपले व्यक्त गरेका छन् । सबैले शान्तिपूर्वक बाँच्न पाउनुपर्छ भन्ने भावलाई समेटेको यस कविताले व्यवस्थापकीय कुरीति कुसंस्कार आदिलाई आफ्नो विषयवस्तु बनाएको छ ।

ख) प्रयोजन वा उद्देश्य

यो कविता यथार्थको प्रकटीकरण गर्ने उद्देश्यले रचिएको हो । यसको प्रयोजन शक्तिको उन्मादले ग्रसित शासकद्वारा सोझा सीधा जनता त्रसित बन्नु परेको यथार्थ दर्शाउनु हो । कविको उद्देश्य स्वतन्त्रतापूर्वक बाँच्न चाहने विपन्न वर्गप्रति सहानुभूति जगाउनु हो । यसमा फूलका रुपमा शोषित, पीडित, निमुखा जनता र 'माली'का रुपमा शासक एवम् उनीहरूको यथार्थ चित्रलाई उतारिएको छ ।

यस कविताको मुख्य उद्देश्य मानवतावादी सन्देशको सम्प्रेषण हो । कविले अप्रत्यक्ष तवरले सौहार्द्र, सहानुभूति, बन्धुत्व र उदारताको व्यवहार गर्ने निर्देश दिएका छन् । उनको यस निर्देशमा दीनदुःखीप्रतिको असीम दया, माया, करुणा र वेदनाले संवेदनशील तथा मार्मिक अभिव्यक्ति पाएको छ । समाजमा यावत् दुःखी तथा पीडितवर्गको पक्षधरता जाहेर गर्नु पनि यस

कविताको उद्देश्य हो । कविले 'फूलहरूको अपराध एउटै हो मात्र उनीहरू फुल्न खोज्छन्' भनेर आ˜नो प्रबल पक्षधरता प्रकट गरेका छन् ।

### ग) भाषाशैली र लय

यो सरल शब्दावलीमा आबद्ध प्रभावशाली कविता हो । कवि स्वछन्दतावादी भएकाले यसमा भाववेगको तीव्र बगाइ छ र कवि आलोचनात्मक यथार्थवादी पनि भएकोले भावावेग शब्दाडम्बर मात्र नभई चेतनामूलक समेत बन्न पुगेको छ । प्रस्तुत कवितामा 'सुन्दर, सुवास , भमरा ' जस्ता तत्सम् शब्द र 'माली , अपराध' जस्ता आगन्तुक शब्दहरूको सफल प्रयोग छ भने तद्भव शब्दहरू अधिक मात्रामा प्रयोग भएका छन् । छन्दको बन्धनबाट मुक्त प्रस्तुत रचना एक सफल गद्य कविता हो जसमा मुक्तलय रहेको छ ।

### घ) दृष्टिबिन्दु

प्रस्तुत कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसका समाख्याता अरु कोही नभएर स्वयम् कवि हुन् तर यसमा उनको उपस्थिति प्रत्यक्ष नभएर अप्रत्यक्ष छ । यसमा कविले अन्तर्निहित लेखकका हैसियतबाट 'फूलहरू' अर्थात् नेपाली जनताको समाख्यान प्रस्तुत गरेका छन् ।

### ङ) विम्ब, प्रतीक र अलङकार

कवितामा मानवीय भावनाका विविध विम्बहरूको प्रयोग गरिएको छ । शीर्षक नै प्रतीकात्मक रहेको यस कवितामा 'फूलहरूको छाती' लाई नेपाली जनताहरूको स्वतन्त्रताको प्रतीक बनाइएको छ । 'फूल'लाई जनता र 'वन'लाई सामाजिक परिवेश, 'भमरा'लाई व्यक्तिगत स्वतत्रन्ता र 'माली'लाई शासकको  प्रतीकका रुपमा उभ्याइएको छ । अन्त्यानुप्रासमुक्त यस कवितामा मनहरू-तनहरू, ढल्दैछन्-गल्दैछन् आदि अनियोजित अनुप्रास र छिटपुट रुपमा बक्रोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ ।

### च) शीर्षकको औचित्य

यस कविताको शीर्षक सामञ्जस्यमूलक छ । यसको शीर्षक तथा विषयमा समन्वय एवम् एकरुपता भएकाले शीर्षकको औचित्यको पुष्टि एवम् समर्थन भएको देखिन्छ । प्रतीकात्मक रुपमा रहेको प्रस्तुत कविताको शीर्षक 'फूलहरूको छाती' भनेको जनताहरूको

स्वतन्त्रता हो । कतै पनि नेपाली जनता र स्वतन्त्रता शब्द प्रयोग गरिएको छैन तर हरेक पटक 'फूल ' शब्दको प्रयोगले नेपाली जनताको चित्रको खोलुवा गरेको छ । यस कविताको आदिदेखि अन्त्यसम्म सर्वत्र 'फूल' कै वर्णन भएको हुादा शीर्षक उचित र सुहाउादो छ ।

### छ) संरचना

'फूल' शब्दको अत्याधिक पुनरावृत्ति भएकाले यस कविताको ढाांचा वर्तुल भई तद्नुरुप संरचना समेत प्रगीतात्मक हुन पुगेको छ ।

## ५.२.३.५ जिन्दगीको कृष्णभीर

### क) विषयवस्तु एवम् भाव

'मौसमका हरफहरू' (२०५९) कवितासङ्ग्रहमा सङ्कलित र २०५९ माघ २९ मा रचित यो कवितामा कवि आफूले भोगेको जीवन र आगालेको जीवनदर्शनलाई विषयवस्तुको रुपमा प्रयोग गरेका छन् । सामाजिकता, द्वन्द्वात्मक र सौन्दर्य चिन्तन यसमा भेट्न सकिन्छ । जिन्दगीलाई हिमालभ्कौ अग्लो र दृढसङ्कल्पित बनाउने खोजे पनि सधैा सोचेजस्तो हुन्न । मानिस समय र परिस्थितिको दास बन्न पुग्छ त्यस्तै अवस्थामा जिन्दगी कृष्णभीर बाट पहिरो लडेर बाटाहरू अवरुद्ध भएभ्कौ हुनपुग्छ भन्ने भावलाई विचार, चिन्तन र कलाको संयोजनका दृष्टिले उत्कृष्ट तरिकामा व्यक्त गर्ने प्रयास गरिएको छ ।

### ख) प्रयोजन वा उद्देश्य

जीवनका अनेक पक्षलाई आ˜ना विचारका भट्टामा गलाएर कविले आ˜नो जीवन र भोगाइहरूको यथार्थ प्रकटीकरण गर्ने उद्देश्यले यो कविता रचना गरेका हुन् । सिसिफसको कथाभ्कौ अलिकति बनाए खसिदिने जिन्दगी तब मात्र अर्थपूर्ण छ जब प्रतिकूल परिस्थितिको अन्त्य हुन्छ । यही क्रान्तिकारी भाव अर्थात् यथास्थितिवादको अन्त्य र नवीन दृष्टिकोण दिने प्रयोजनका निम्ति समेत यो कविता उभिएको देखिन्छ, कवि भन्छन् –

> सपनाहरू उने पनि फुकिन्छन्
> तुने पनि भत्किन्छन्
> यस्तै हो साथी 'वर्षात्'मा

जिन्दगीको कृष्णभीर ।

(मौसमका हरफहरू–२०५९, पृष्ठ १६)

### ग) भाषाशैली र लय

यो एक सशक्त गद्य कविता हो । त्यसैअनुसार उनले तद्भव शब्दहरूका साथै उल्लेख्य मात्रामा तत्सम् शब्दको समेत प्रयोग गरेका छन् । सपना, जिन्दगी, योजना जस्ता तद्भव शब्द यहाा प्रयुक्त छन् भने गन्तव्य, वर्षात् आदि तत्सम शब्दहरू पनि यहीा प्रयोग गरिएका छन् । यी शब्दहरू बोधगम्य छन् । 'सिसिफस' जस्तो आगन्तुक शब्द कवितामै भेटिन्छ । आाखाभरी सपना, गन्तव्यतिरको दिशा, सपनाहरूको लश्कर आदि टुक्का प्रयोगमा पनि कविको विशेष रूचि देखिन्छ । भावले भिजेको विलक्षण तार्किकता कविको प्रस्तुत कविताको शैलीगत विशेषता बनेको छ । लोक र शास्त्रीय छन्दको मार्गलाई नआगाली गद्य लय वा रबड छन्दलाई कवितामा चयन गरिएको छ । तुन्यो–बुन्यो, यताबाट–उताबाट आदि समध्वन्यात्मकताले कविताको लय सिर्जनामा विशेष योगदान गरेको पाइन्छ ।

### घ) विम्ब, प्रतीक र अलङ्कार

कविले यस कवितामा विम्ब, प्रतीक र अलङ्कारका माध्यमबाट अभिव्यक्तिलाई रसिलो र चमत्कारपूर्ण तुल्याएका छन् । जीवनजगत् र प्रकृतिका विभिन्न क्षेत्र चहारेर जिन्दगीलाई विम्बयुक्त तुल्याइएको छ । रोकिएको यात्रु, सपनाहरूको लश्कर आदि विम्ब र सिसिफसको कथा, जिन्दगीको कृष्णभीर आदि प्रतीकहरूको संयोजनले कविता व्यञ्जनायुक्त भएको छ । अनुप्रासमय शब्दालङ्कार (अलिकति यताबाट–अलिकति उताबाट, योजनाहरू-सपनाजस्तै सपना-योजनाहरूजस्तै) का साथै अलिकति बनायो फेरि खसिदिन्छ (व्यतिरेकी) सिसिफसको कथाजस्तै, योजनाहरु सपनाजस्तै (उपमा) अलङ्कारको प्रयोगले कवितालाई अलङ्कारमय बनाएको छ ।

### ङ) दृष्टिबिन्दु

यस कवितामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । यो कविता भन्ने समाख्याताको भूमिकामा स्वयम् कवि रहेका छन् । यसमा सर्वज्ञ तर अन्तर्निहित लेखकत्वको प्रयोग भएको छ । आफ्नो भावमय प्रवाहमा 'वर्षात्' अर्थात् सङ्कटकालीन अवस्थाको प्रतिवाद

गर्ने कथनकला यहाा कविले व्यक्त गरेका छन् । यी कविता कविको मानसपटलमा उब्जिएका भावहरूको एकालाप आत्मकथनमा आधारित छ ।

## च) शीर्षकको औचित्य

यस कविताको विषय र शीर्षकमा प्रतीकात्मक सम्बन्ध छ । 'वर्षात' अर्थात् प्रतिकूल परिस्थिति रहेसम्म जिन्दगी कृष्णभीरसरह हुने यथार्थलाई कवितैभरी प्रस्तुत गरिएकोले यस कविताको शीर्षक र भावबीचमा सामञ्जस्य रहेको पाइन्छ । शीर्षक लाक्षणिक अर्थको द्योतक बनेर यहाा उपस्थित छ ।

## छ) संरचना

'जिन्दगीको कृष्णभीर' कविता सातदेखि तेह्र पङ्क्तिसम्मका तीन अनुच्छेदमा वितरित लघुकविता हो । कविताका अनुच्छेदहरू पङ्क्तिका सङ्ख्याका दृष्टिले असमान भए पनि तिनको उठान, बैठान र सन्दर्भसंयोजनका दृष्टिले प्रभावपरक छन् । आवेग, संवेग र भावको दौडमा कविताको आन्तरिक र बाह्य संरचना सुन्दर रहेको छ ।

## ५.२.३.६ निद हराएका रातहरू

## क) विषयवस्तु एवम् भाव

२ फागुन २०५९ मा रचित र 'मौसमका हरफहरू'(२०५९) मा सङ्कलित यस कवितामा तत्कालीन जनयुद्ध, वर्गसङ्घर्ष, दमन , राज्यआतङ्क र युद्धले सिर्जना गरेको सन्त्रासमय वातावरणलाई विषयवस्तु बनाइएको छ। भाइ-भाइ बीचमा चलिरहेको हारजितको लडाईले समग्र नेपाल र नेपालीहरूले भोग्नुपरेको कठिन परिस्थितिको वर्णन कविले गरेका छन ्। खाट, बिच्छ्यौना, सिरानी, कोठा, लालाबाला, जीवनसागी, हिमाल, आकाश आदि उस्तै र उही भए पनि अनिद्रामा बितेका मान्छेका रातहरू र मान्छेको मन निराश हुनपुगेको मार्मिक यथार्थलाई यहाा उद्घाटित गरिएको छ। गाउा र शहरभरि कर्फ्यू लागेको विषम् परिस्थितिमा कवि तीतो सत्यलाई प्रस्तुत गर्दै प्रश्न गर्न पुग्छन्–

> घाम लागेर के भो भूगोलभरि
> खै, लागेन घाम आङमा
> मन ए देशका सारथिहरू
> अझै कति दिन झेल्नुछ हामीले ?

निद हराएका रातहरू Û

(मौसमका हरफहरू-२०५९, पृष्ठ १२)

### (ख) प्रयोजन वा उद्देश्य

यस कविताको प्रमुख उद्देश्य यथार्थको प्रकटीकरण हो । यसमा यथार्थका दुई विरोधी स्थितिहरूको ज्ञापन अत्यन्त कलात्मक ढङ्गमा गरिएको छ । आपस-आपसमा भएको लडाईमा जसको हारजित भए पनि नेपालीहरूले भोग्नुपरेका पीडा कम मार्मिक छैन भन्ने सूचना दिनु नै यस कविताको प्रयोजन हो ।

यस कविताको उद्देश्य उद्बोधनद्वारा लोकमङ्गल गर्नु पनि हो । उद्बोधन भनेको जनतालाई सचेत बनाउनु हो । यसमा निरीह मान्छे, निरीह मन, निद हराएका रातहरू भनेर नेपाली जनताको उद्बोधन गरिएको छ । यस उद्बोधनभित्र देशमा प्रजातन्त्र आए पनि त्यसको प्राप्तिमा जनताको विकासको अनुभूति गर्न नपाएको र बााच्न पनि मुश्किल भएको दयनीय अवस्थालाई हटाउनुमा नै नेपाली हितको भावना लुकेको छ भन्ने कुरा समावेश गरिएको छ । सन्त्रासमय वातावरणलाई हटाउने आह्वाान गरेर कविले प्रस्तुत कवितामा लोकहितकारी यथार्थको बाटो देखाउने पूरा प्रयोजन गरेका छन् ।

### (ग) भाषाशैली र लय

यो कविता सरल र सहज भाषामा लेखिएको सशक्त रचना हो । कवि स्वच्छन्दतावादी भएकाले यसमा भावको अत्याधिक आवेग पइन्छ । यसमा निराश, सन्त्रास, निरीह, आहाल, सारथि, आदि तत्सम र कर्फ्यू, एम्बुसजस्ता आगन्तुक शब्दहरूको सफल एवम् सार्थक प्रयोग भएको छ । तर बहुलता भने तद्भव शब्दहरूकै पइन्छ । शब्दहरूको साभिप्राय प्रयोगले यस कवितालाई सार्थक तुल्याएको छ । यो एक गद्य कविता हो र यसमा मुक्तलय छ । यसमा लयको नियोजित नभएर अनियोजित विधान गरिएको छ । त्यसैले यसमा बाह्य लयभन्दा आन्तरिक लयको प्रधानता पाइन्छ । 'निद हराएका रातहरू' यी शब्दहरूको पुनरावृत्तिका कारण यस कविताको ढाांचा वर्तुल भई तद्नुरुप प्रगीतात्मक हुन पुगेको छ ।

### घ) विम्ब, प्रतीक र अलङ्कार

विविध विम्बहरूको प्रयोग गरिएको यस कविताको शीर्षक समेत प्रतीकात्मक रहेको छ । अनिश्चयक को एम्बुस, निराश पोतेर मुहार, विपनाको धरातलजस्ता प्रतीकहरूको प्रयोग र 'मानवरक्तको आहाल' जस्तो उत्प्रेक्षा अलङ्कारको सफल प्रयोग यहाा गरिएको छ ।

ङ) दृष्टिबिन्दु

यो प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएको कविता हो । यसमा प्रयुक्त 'हामी' शब्दले यसको समाख्यता 'म' हो भन्ने जनाउाछ । कविको मानसपटलमा उब्जिएका भावहरूको एकालाप यहाा प्रस्तुत भएको छ । कविको सोझो अभिव्यक्ति भएकोले कवि प्रौढोक्ति उक्तिढााचामा कविता रचिएको देखिन्छ ।

च) शीर्षकको औचित्य

यस कविताको विषयवस्तु र शीर्षकमा पूरै मेल छ । शीर्षक 'निद हराएका रातहरू' भएअनुसार युद्धले आक्रान्त भएका सम्पूर्ण नेपालीहरूका धेरैजसो रातहरू अनिद्रामा बितेका कुराहरूको वर्णन सम्पूर्ण कवितामै भेटिन्छ । शीर्षक र कवितामा विषयगत सामञ्जस्य रहेकाले शीर्षकको सार्थकता र उपयुक्तताका विषयमा कुनै पनि प्रकारको शङ्का गर्नुपर्ने देखिन्न ।

छ) संरचना

मुक्तलयमा रहेको यस कवितामा लामा–छोटा गरी जम्मा पााचवटा पङ्क्तिहरू रहेका छन् ।

५.२.३.७ साला उदय

क) विषयवस्तु एवम् भाव

६ फागुन २०५९ मा रचित यो कविता 'मौसमका हरफहरू' (२०५९) कवितासङ्ग्रहमा सङ्ग्रहित छ । चोट, पीडा र अभावले पिल्सिएको एक नेपालीको यथार्थलाई विषयवस्तुको रुपमा उभ्याइएको छ । न काम न त फुर्सदमै जीवनयापन गर्ने व्यक्तिलाई अनेक चोट र पीडाले सताउाछन् । उसले समुन्द्रपारीका कुरा सोच्नु पनि दुःखैलाई निम्त्याउनु हो किनकि आर्थिक र पारस्पारिक सहयोगको अभावमा 'कागलाई बेल पाक्यो हर्ष न विस्मात्' हुन जाने यथार्थ भाव यहाा मर्मस्पर्शी रुपमा व्यक्त गरिएको छ ।

ख) प्रयोजन वा उद्देश्य

सानो टाउकाले देशदेशावरका कुरा सोचेर असल र स्वच्छ विचार प्रदर्शन गर्नु नजाती हैन बरु ती विचारहरूले उचित स्थान नपाउादा अनेक विसङ्गति देखापर्न सक्ने अवस्थाप्रति सचेतना जगाउनु नै यस कविताको मुख्य प्रयोजन रहेको छ । समाजमा अनेक विकृति रहेकाले

यो दुनिया र आ ैनाले समेत संवेनशील व्यक्तिको मूल्याङ्कन गर्न नसकेको र दिग्भ्रमित भएको कुरालाई उजागर गर्ने उद्देश्यले कवि यस्तो विचार पोख्छन् –

खोज्छ देश देशावरको कुरा
बोकेर कुरै कुराहरूको अजङ्ग भारी
दुनियाको माझमा किचिरहेछ
साला उदय मिचिइरहेको छ ।

(मौसमका हरफहरू-२०५९, पृष्ठ १८)

कवितामा वास्तविकता र संवेदनशीलताको पहिचान नगर्ने टाठाबाठाहरूप्रति व्यङ्ग्य र समाजमा विद्यमान असमानताको अन्त्य गर्ने संवेदनशील तथा मार्मिक अभिव्यक्ति पाइन्छ ।

**ग) भाषाशैली र लय**

यस कवितामा सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोग गरिएको छ । कविता बोलचालको कथ्य भाषा निकट रहेको हुादा यसमा क्लिष्टता र दुर्बोध्यता पाइादैन । यसमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको भावानुकूल प्रयोग गरिएको छ । उदय पग्लिरहेछ, बोकेर कुरैकुराको अजङ्ग भारी जस्ता टुक्काहरूको प्रयोगले शैलीगत विशेषतालाई प्रकट गर्छ । गद्य लयलाई आगालिएको प्रस्तुत कवितामा हराइरहेछ –कराइरहेछ, किचिइरहेछ-मिचिइरहेछ आदि शब्दहरूको समध्वन्यात्मकताले लय सिर्जनामा महत्ता पाएको छ । कविताका आदि, मध्य र अन्त्यमा पनि स्वर व्यन्जन र शब्दका समानान्तरताले कवितालाई लयात्मक र श्रुतिमधुर तुल्याएको छ , जस्तो कि :

सोच्छ सागर किनारको कुरा
खोज्छ देश–देशावरको कुरा
दुनियाको माझमा किचिइरहेछ
साला उदय मिचिइरहेछ ।

(मौसमका हरफहरू–२०५९, पृष्ठ १८)

**घ) विम्ब, प्रतीक र अलङ्कार**

कविले यहाा नयाा र पुराना विम्बहरूको प्रयोगद्वारा काव्यिक उचाइ उठाउने काम गरेको छन् । वेदनाको उच्च चाप , उदय पग्लिरहेछ जस्ता विम्ब र अभावको चोक, अभावको सगरमाथा आदि प्रतीकको संयोजनले कविता व्यञ्जनायुक्त बनेको छ । हराइरहेछ–कराइरहेछ, पग्लिरहेछ–अग्लिरहेछ आदि अनुप्रास, बोकेर कुरै कुराको अजङ्ग भारी अतिश्योक्ति र आ^नाहरू मिच्छन् व्यतिरेक अलङ्कारको प्रयोगले अभिव्यक्ति रसिलो र चमत्कारपूर्ण भएको पाइन्छ ।

### ङ) दृष्टिबिन्दु

यस कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । समाख्याताचाै कवि स्वयम् हुन् । यसमा कवि अप्रत्यक्ष रुपमा रहेका छन् । यो मुख्यतः 'उदय'को यथार्थता हो यसमा विशेषतः उसकै दृष्टिबिन्दुको उपयोग गरिएको छ । असल कार्यको निरुपण 'उदय' को धारणामा गरिएको भेटिन्छ ।

### च) शीर्षकको औचित्य

यस कविताको शीर्षक र विषयमा पूरै तालमेल र समन्वय छ । असल विचार व्यक्त गर्ने 'उदय'लाई सहयोगको सट्टा 'साला' भनेर घृणित एवम् उपहासपूर्ण व्यवहार गर्ने समाजलाई अप्रत्यक्ष व्यङ्ग्य गरेकोले कविताको शीर्षक सम्बोधनात्मक भए पनि सार्थक छ ।

### छ) संरचना

छ देखि बाह्र पङ्क्तिसम्मका जम्मा तीन अनुच्छेदहरूमा विस्तारित छ यो कविता । कविताका अनुच्छेदहरू पङ्क्तिका दृष्टिले असमान छन् तर पनि प्रभावपरक देखिन्छन् । अनुभूतिका प्रवाह नखजमजिने गरी अभिव्यक्तिको बिस्तार गरिएको छ ।

## ५.२.३.८ बुश साहेबको जुगा

### (क) विषयवस्तु एवम् भाव

वि.सं. २०५९ फागुन ११ मा रचना गरिएको यो कविता 'मौसमका हरफहरू' (२०५९) मा सङ्ग्रहित छ । अमेरिकाका तत्कालीन राष्ट्रपति जर्जडब्लु बुशको व्यक्तित्व र उनका क्रियाकलापहरूलाई कविताले आ^नो विषयवस्तु बनाएको छ । अमानवीय चरित्र हटाउनु पर्ने

कुरालाई यहाा उठाएको छ । विश्व मानवतावादका पक्षमा उभिएको यो कविताले 'वसुदैवकुटुम्बकम्' को भावलाई व्यङ्योक्तिका माध्यमबाट उठाइएको छ ।

### (ख) प्रयोजन वा उद्देश्य

यो कविताको प्रमुख प्रयोजन यथार्थको प्रकटीकरण हो । यस प्रयोजनअनुरुप कविताले अमेरिकाका तत्कालीन राष्ट्रपति बुशको प्रवृत्ति र उनको कार्यप्रति इर्I‍ित गर्ने उद्देश्य लिएको छ । यो कविता खासगरी मानवतावादी सन्दर्भबाट लोककल्याणको बाटो देखाउने उद्देश्यले अभिप्रेरित भएको छ । सिङ्गो भूगोललाई रैती ठानी युद्धलाई बढावा दिइनुहुन्न, हतियारले मानिसको आस्था र विचार दमन हुादैन एवम् शान्ति र प्रेमपूर्वक भाइचाराको भावना फैलाउन सके मात्र सबैको विजय हुन्छ भन्ने भावनाले कविता लच्छप्पै भिजेको छ । कवितामा कविले देश हााक्नेहरूले पनि देशभित्रैका विद्रोहात्मक पक्षलाई शान्त पार्न नसकेको उल्टै रजाइा मात्र गरेको भनेर आक्रोश पनि पोखेका छन् Ù जस्तै–

सर्वव्यापी महाप्रभु (?) बुश साहेबको जुागा
बिर्ता ठान्छ सिंगो भूगोललाई
रैती ठान्छ सिंगो भूगोललाई

(मौसमका हरफहरू-२०५९,पृष्ठ २०)

### (ग) भाषाशैली र लय

यो सरल र सहज भाषामा लेखिएको प्रवाहमय कविता हो । यसमा भावको प्रवलतासागै आवेगपूर्ण भाषाको प्रयोग छ । खरानी, आासु, शान, चिहान, चुनौती आदि तद्भव शब्दसागै सर्वव्यापी, महाप्रभु, रामायण, अजम्बरी, जस्ता तत्सम् शब्दहरू यसै कवितामा प्रयोग भएका छन् । कविले यस कवितामा अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग नगरे पनि अफगानिस्तान, ओसामा, लादेनजस्ता उर्दू-फारसी शब्दको केही मात्रामा प्रयोग गरेका छन् । तारामण्डल जम्मै छोपेर, बेरेर जुागाले पछार्छ आदि यस्ता प्रसङ्गले कवि अर्थगत विचलनतिर समेत तानिएका देखिन्छन् । भावले भिजेको तार्किक शैलीलाई यहाा अपनाइएको छ । व्यापक मात्रामा सम्बोधन र प्रश्न चिन्हको प्रयोग गरिएको छ । यो एक गद्य रचना हो र यसमा मुक्त लय छ । यसमा लयको नियोजित हैन अनियोजित विधान छ । त्यसैले यसमा बाह्य लयको प्रधानता पाइन्छÙ जस्तै –

अपमान ठान्यो र उसले अभिमान पोख्यो ।

(मौसमका हरफहरू-२०५९, पृष्ठ २०)

### (घ) विम्ब, प्रतीक र अलङकार

यहाा नयाा पुराना अनेक विम्बहरू प्रयुक्त छन् । पूर्वीय र पाश्चात्य मिथकहरूको प्रयोग गरिएको छ । खैरो जुगा, आासुको झरी , चुनौतीका जुगा आदि विम्ब र आगालो मारेर आकाशलाई जुगाले पछ्याउँछ, चिहानघारी अफगानिस्तानजस्ता प्रतीकको संयोजनले विभिन्न कुरा र घट्नालाई सङ्केतित र ध्वनित गर्दै कवितालाई व्यञ्जनायुक्त तुल्याएको छ । 'बुश साहेबको खैरो जुगा'को हरेक अनुच्छेदमा पुनरावृति र 'अपमान ठान्यो अभिमान पोख्यो' ( अनियोजित अनुप्रास शब्दालङ्कार) तथा 'चिहानघारी बन्यो अफगानिस्तान (रुपक अलङ्कार) को प्रयोगले कविता आलङ्कारिक बनेको छ ।

### ङ) दृष्टिबिन्दु

यो कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । यो कविता भन्ने समाख्याताको भूमिकामा स्वयम् कवि रहेका छन् । सर्वज्ञ लेखकका रुपमा कविले एक शासकको व्यक्तित्व आफू कतै नदेखिई अप्रत्यक्ष ढङ्गमा प्रस्तुत गरेका छन् । भावप्रधानता छाादा छाादै पनि रमरम आख्यानको अनुभूति यस कविताको एक उल्लेख्य पक्ष हो ।

### च) शीर्षकको औचित्य

यस कविताको विषय र शीर्षकमा प्रतीकात्मक सम्बन्ध छ । शीर्षकका रुपमा प्रयुक्त 'बुश साहेबको जुगा' एउटा प्रतीक हो । कवितामा यस प्रतीकले 'क्रुर शासक'को प्रतिनिधित्व गरेको छ । सम्पूर्ण कवितामा त्यही शासकको क्रियाकलापसाग सम्बद्ध विषयको निरुपण गरिएको हुादा शीर्षकको औचित्य स्वयम् सिद्ध हुन्छ ।

### छ) संरचना

यो कविता दुईदेखि बाइस पङ्क्तिसम्मका जम्मा चार अनुच्छेदमा बिस्तारित छ । अनुच्छेदहरू पङक्तिका हिसाबले असमान भए पनि उठान, सन्दर्भ संयोजन र बैठानको दृष्टिले भने प्रभावपरक छन् ।

### ५.२.३.९ विचरा होली

### क) विषयवस्तु एवम् भाव

वि.स.२०५९ को फागु पूर्णिमामा रचना गरिएको यो कविता 'मौसमका हरफहरू' (२०५९) नामक कवितासङ्ग्रहमा प्रकाशित छ । यो कवितामा होली सम्बन्धी किंवदन्ती, होलीको महत्व र देशमा सङ्कटकालीन घडी भएको अवस्थामा होली मनाउन नसक्ने एक दुःखी मनलाई विषयवस्तुको रुपमा उठान गरिएको छ । असत्य माथि सत्यको विजय भएपश्चात् होलीको परम्परा शुरुवात भएको हो तर बुद्धको देशमा मानिसहरू एक आपसमा लडेर रगतको होली खेल्दा होलीको महत्व नै हराएको भावलाई यहाा प्रस्तुत गरिएको छ । विषम परिस्थितिको प्रसङ्ग उल्लेख गर्दै कवि भन्छन् –

दुईतिरको गोली
यथा थापा कि उता
रगतको होली ............

(मौसमका हरफहरू-२०५९, पृष्ठ १५)

### ख) प्रयोजन वा उद्देश्य

यो कविताका लोकमङ्गल वा जनहितको प्रयोजनार्थ लेखिएको हो । कविताले लोकलाई असल उपदेश दिने र लोकले अङ्गीकार गरेको कुरीतिमाथि व्यङग्य प्रहार गर्दै सुधार गर्ने उद्देश्य लिएको छ । यो कविता खासगरी मानवतावादी सन्दर्भबाट पौराणिक प्रसङ्ग कोट्याउादै लोककल्याणको बाटो देखाउने लक्ष्यले अभिप्रेरित छ ।

कविले होलीको महत्वलाई मानिसहरूले नबुझेकाले रगंहरूको रमाइलो पर्व होली अव्यवस्थित र अमर्यादित देखेका छन् । उनी मानवको खराब व्यवहारलाई सुधार गर्ने चाहना राख्छन् । यसमा प्रस्तुत 'बुद्धको देश' , 'लाशको खेती' ले हामी नेपाली शान्ति प्रेमी हैन हिंसाप्रेमी हुादै गएको कटु यथार्थको उल्लेख गरेका छन् । होली सुखद हुनुपर्छ यसलाई 'दयनीय ' र 'विचरा' शब्दले पुकारिनु हामी समग्र नेपालीहरू नै उपहासको पात्र बन्नु हो भन्ने मर्मस्पर्शी कथनलाई प्रकट गर्ने उद्देश्यले यो कविता पूरै सफल छ ।

### ग) भाषाशैली र लय

यो सहज र सरस भाषामा लेखिएको प्रवाहमय कविता हो । यसमा भावको प्रवलता छ र तद्नुरुप आवेगपूर्ण भाषाको विशेष प्रयोग छ । यस कवितामा प्रारम्भ, किंवदन्ती, राक्षस, वरदान, अग्निकुण्ड, अवसान, भष्म आदि तत्सम् शब्दको प्रयोग भए पनि दुर्बोध्यता र क्लिष्टता छैन । यसमा लयको नियोजित हैन अनियोजित विधान गरिएको छ । यो एक गद्य रचना हो र यहाा मुक्तलय छ ।

**घ) विम्ब, प्रतीक र अलङकार**

हिरण्यकश्यपु, प्रल्हाद, होलिका आदि विविध पौराणिक पात्रहरूलाई विम्बको रुपमा एवम् विष्णुभक्ति, पुत्रवध, रगतको भेल, आासुको नदीजस्ता शब्दहरूलाई प्रतीकका रुपमा उभ्याइएको यो कविता अन्त्यानुप्रासमुक्त छ तर 'बगेका आासु–झरेका मुना, बुद्ध हाासे–बुद्ध रोए' आदि अनियोजित अनुप्रास तथा 'बेहोश भई पल्टियो तातोबिनाको रातो मात्रै फागु पूर्णिमाको होली' विरोध अलङ्कारद्वारा शब्दसौन्दर्यको व्यवस्थापन गरिएको छ ।

**ङ) दृष्टिबिन्दु**

प्रस्तुत कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग छ । यसका समाख्याता अरु कोही नभएर स्वयम् कवि हुन् तर यसमा उनको उपस्थिति प्रत्यक्ष नभएर अप्रत्यक्ष देखिएको छ । कविले मुख्यतया होलीको प्रसङ्गलाई र नेपालीहरूको पीडालाई उठान गरेका छन् ।

**च) शीर्षकको औचित्य**

यस कविताको शीर्षक सङ्केतात्मक छ । कविताले 'होली' र 'बिचरा' को सन्दर्भबाट जे-जस्ता स्थितिहरूको वर्णन गरेका छन् । त्यो नै सङ्केतात्मक हुन पुगेको छ । जुनभाव शीर्षकमा छ त्यसैको बिस्तार कविताभर गरिएकाले शीर्षक औचित्यपूर्ण रहेको छ ।

**छ) संरचना**

लामो छोटा विभिन्न छवटा हरफहरूमा संरचित यो कविता मुक्तलयमा आधारित एक गद्य संरचना हो ।

### ५.२.४ निष्कर्ष

यस प्रकार कवि उदय जी.एम.को 'मौसमका हरफहरू' कवितासङ्ग्रहको अध्ययन एवम् विश्लेषण गरेपश्चात् निष्कर्षमा भन्नुपर्दा यसमा उनका जम्मा नौवटा कविताहरू सङ्कलित छन् । अहिंसा, भौतिक एवम् दार्शनिक, प्रकृतिप्रेम, राष्ट्रप्रेम, विसङ्गत जीवन, प्रेमप्रणय आदि विविध वस्तुको संयोजन गरिएको उनका कवितामा प्रायः मुक्तलयको सिर्जना गरिएको छ । स्वभाविक रुपमा व्यक्त भएका कतिपय शब्दालङ्कार र अर्थालङ्कारले उनका कवितामा सौन्दर्य थपेका छन् । कविप्रौढोक्ति कथनपद्धतिमा रचित जी.एम.का कवितामा प्रयुक्त प्रणय, मिथकीय र क्रान्तिजस्ता केही विम्ब तथा प्रतीकहरूले भावगाम्भीर्य थपेका छन् । शब्दात्मक, पदावलीयुक्त र वाक्यात्मक गरी तीन प्रकारका शीर्षकहरूको चयन गरिएका उनका कविताहरूमा विषयवस्तुअनुकूल सरल, सहज र सर्वसंवेद्य भाषाशैलीको प्रयोग देखिन्छ । यी कविताहरू आधुनिक नेपालीका कविताको श्रीवृद्धिमा उल्लेख्य योगदान दिने सामर्थ्यका छन् । यसर्थ स्रष्टा उदय जी.एम.लाई आधुनिक नेपाली साहित्यका उल्लेखनीय कविका रुपमा लिन सकिन्छ ।

## ५.३. 'पन्जाबदेखि रोल्पासम्म' लामो कविताको अध्ययन र विश्लेषण

### ५.३.१. विषयप्रवेश

कवि उदय जी.एम.को साहित्यक यात्राको पहिलो चरणमा अर्थात् वि.सं. २०४९ साल पुस १२ गते आइतवारका दिन प्रकाशित भएको यो 'पन्जाबदेखि रोल्पासम्म' १२ पृष्ठहरूमा विस्तारित एक लामो कविता कृति हो । नव गद्यकवितात्मक संरचनामा रचित यस कवितामा तत्कालीन राजनैतिक पीडामय युगीन मानवचेतलाई विसङ्गति पारामा व्यक्त गरिएको छ । वि.सं.२०१७ मा मोहन कोइरालाले प्रवर्तन गरेको लामो कविता लेखनको मान्यताअनुरुप लेखिएको यस कविताले परिणत्मक, गुणात्मक र प्रकारगत रुपमा महत्वपूर्ण योगदान दिएको छ । युगीन मानव चेतनको पीडाबोधको अभिव्यक्ति, स्वतःस्फूर्त भावविम्बको साङ्केतिक प्रस्तुति, विसङ्गतिवादी जीवनदृष्टिसागै अस्तित्ववादी भावप्रवाहका आन्तरिक अन्वित र संरचनात्मक सूक्ष्म सङ्गति, विसङ्गति अमूर्त लेखनको चेतजस्ता प्रवृत्तिहरू बोकेका उदय जी.एम.को यस लामो कविता कृतिलाई विधातत्वका आधारमा निम्न बमोजिम विश्लेषण गरिएको छ :

### क) विषयवस्तु एवम् भाव

भारतको पन्जाबदेखि घर रोल्पा आाउदासम्मको अनुभव र अनुभूतिलाई विषयवस्तुका रुपमा प्रयोग गरिएको यस कवितामा समसामयिक युगका जटिलतालाई चिर्दै अस्तित्वको खोजी गर्नुपर्ने केन्द्रीय भावलाई प्रस्तुत गरिएको छ । मान्छेका लम्बे कोरा योजनाहरूप्रति व्यङग्य गर्दै वास्तविकताको धरातलमा उभिन अभिप्रेरित गरिएको यस कवितामा वर्तमानका जटिलता, निस्सारता र गतिहीनताको बााझो धर्ती फोर्दै गुम्दै गएको मानवीय अस्मितामा प्राण भर्ने काम गरिएको छ, जस्तै–

फूलको मालामा इस्पात हुन्छ
फूलको टोकरीमा बम हुन्छ
फुक्दै पाइला चाल्नुपर्छ .............
न मानवता न त मानवको मूल्य नै
डर र त्रासले आतंकित, आˆनै छायासाग डराउादै
भागिरहेको ठाउाबाट साथीसाग बिदाई हुादै
सधैाका लागि जाादैछु ।

(पन्जाबदेखि रोल्पासम्म–२०४९, पृष्ठ १)

तत्कालीन राजनैतिक विसङ्गतिप्रति कविको आक्रोश पनि छ –

सामन्तवादी, विस्तारवादी, साम्राज्यवादी, प्रतिक्रियावादीहरूलाई
बज्र प्रहार गर्दै
श्मासानघाटमा दाहसंस्कार गर्नुछ ।

(पन्जाबदेखि रोल्पासम्म–२०४९, पृष्ठ ३)

मान्छेमा निहित ईर्ष्या, क्रोध, घृणालाई हार्दिकता, मानवता र सहिष्णुताले भिजाई मानवसमाजलाई समृद्धिपथमा अग्रसर गराउन सकिन्छ भन्ने भावलाई सूक्ष्म आख्यानीकरणका माध्यमद्वारा अभिव्यक्त गरिएको छ । नेपालीहरूको विदेश पलायन हुने प्रवृत्ति, विदेशमा नेपाली चेलीबेटीहरू बेचिएर नाटकीय जीवन बिताउनुपरेको अवस्था, स्वदेशमा नेताहरूले राष्ट्रियताप्रति देखाएको बेवास्ता, विदेशी संस्कृतिको चलखेल आदि विषयवस्तुलाई उठाउादै कवि सुधारात्मक सन्देश यसरी प्रवाह गर्दछन् :

वर्तमान समाज व्यवस्थालाई
ध्वस्त पार्दै चेतना जगाउदै
जसरी बत्ती आफै जलेर पनि
जीवन आध्यारोमा राखेर पनि
बाटो देखाइरहेछ त्यसरी नै ...............
त्याउनु छ आमूल क्रान्तिकारी परिवर्तन ।

(पञ्जाबदेखि रोल्पासम्म–२०४९, पृष्ठ १० )

## ख) प्रयोजन वा उद्देश्य

यो लामो कविताको मुख्य प्रयोजन यथार्थको प्रकटीकरण र समाजसुधारको सन्देश प्रवहण हो । पूर्वीय - पाश्चात्य दर्शनका विविध पाटालाई पस्किादै समष्टिमा राष्ट्रियता, मानवतावाद, वैचारिकता, तर्किकता, प्रगतिवादी र वस्तुवादी दृष्टिकोण, भौतिक आध्यात्मिक चिन्तन, सामाजिक विसङ्गतिप्रति तीव्र व्यङ्ग्य अर्थात् निस्सारता, व्यर्थता र अर्थहीनताका विसङ्गतिलाई चिरेर आकाश छेड्ने चेतनामय अस्मिताको स्वर आदिलाई प्रष्फुटन गर्ने उद्देश्यले कविता रचना भएको दखिन्छ । देशप्रेमको भावना र गुम्दै गएको नेपालीपनप्रति कवि भन्छन् –

मेरो आत्मा मसागै प्रश्न गर्छ
खोई तेरा नेपाल आमाका सन्तान
आजसम्म वीर जवान नेपाली भन्दै
शीर बडो पार्दै मञ्चमा
भाषण छााट्ने
खोई तेरा वीर नेपाली ?

(पञ्जाबदेखि रोल्पासम्म-२०४९, पृष्ठ ९)

यसरी सामाजिक चेतना, समाजसुधारोन्मुख, स्वच्छ र पूर्वाग्रहरहित नेतृत्वको खोजी, दमन, उत्पीडनका विरुद्धमा आवाज र जनहितका स्वरहरू, भावनात्मक एकता, सामाजिक, राजनैतिक विसङ्गति एवम् समाजसेवा र राष्ट्रसेवामा समर्पित हुादै सबै नेपालीमा एकताको माला गाास्दै राष्ट्रप्रेमको भावना जगाउनु नै कविताको उद्देश्य रहेको देखिन्छ ।

## ग) भाषाशैली र लय

यो सरल र सहज भाषामा लेखिएको प्रवाहमय लामो गद्य कविता हो । यहाा वर्ण्यविषयानुरुपको भाषिक प्रयोग गरिएको छ । क्रान्तिकारी भाव र वीर रसको समाविष्टिले भाषा केही प्रौढ र प्राञ्जल खालको छ । विभिन्न भाषिक स्रोतका शब्दद्वारा कवितालाई यथासम्भव सर्वसंवेद्य र स्वभाविक बनाइएको छ भने कहीा-कहीा दुर्बोध्य, क्लिष्ट र द्वयर्थक शब्दजालद्वारा जटिलता समेत थपिएको छ । श्रृङ्खलित एवम् विश्रृङ्खलित आख्यानको प्रयोग गरिएको यस कवितामा आवेगपूर्ण भाषा छ ।

चिन्तन, विश्व, श्मसान, हिमाल आदि तत्सम शब्द साथै इस्पात, उग्रवादी, रेल, तानाशाही, पूाजीपति आदि आगन्तुक शब्दहरूको प्रयोग भएको छ तर बाहुल्यता भने तद्भव शब्दहरूकै रहेको छ । मुक्त लय रहेको यस कवितामा बाह्य लयभन्दा आन्तरिक लयको प्रधानता पाइन्छ ।

## घ) विम्ब, प्रतीक र अलङ्कार

यहाा नयाा पुराना अनेक विम्बहरू एवम् सामाजिक राजनैतिक जीवनजगत्का विविध प्रतीकहरूको प्रयोग गरिएको छ । फूलको माला, फूलको टोकरी जस्ता विम्ब र फहराउादो निशान, कैम्पियरगञ्जको केरा, १९५० को सन्धि आदि प्रतीकका रुपमा उभिएका छन् । उत्प्रेक्षा, उपमा, विरोध आदि अलङ्कार एवम् सलक्क परेका पङ्क्तिहरूले विलक्षण आकर्षक चमत्कृति प्रदान गरेका छन् । कतै कतै भाषिक विचलन हुनु , शब्दगत अर्थ नलाग्नु, श्रृङ्खलाविहीन हुनु, दुर्बोध्य र क्लिष्ट हुनु यस कविताको कमजोरी हुन् भने यस प्रकारको शैली संरचनाले कविता प्रयोगावादी धाराको एक उत्कृष्ट रचना बनेको छ ।

## ङ) दृष्टिबिन्दु

प्रस्तुत कविताको प्रथम पुरुषीय 'म'को आत्मलापीय कथनढाािचामा रचिएको छ । यसका समाख्याता अरु कोही नभएर स्वयम् कवि नै हुन् । पञ्जाबदेखि रोलपासम्म आउादा कविको मानसपटलमा उब्जिएका भावहरू यहाा एकालाप रुपमा प्रस्तुत भएका छन् । कविको सोझो अभिव्यक्ति रहेकोले कविप्रौढोक्ति उक्तिढाािचामा कविता रचिएको देखिन्छ ।

### च) शीर्षकको औचित्य

यस लामो कविताको शीर्षक र विषयवस्तुमा पूरै सामन्जस्य रहेको छ । अर्थका दृष्टिले हेर्दा शीर्षक अभिधेयार्थक छ भने बनोटका दृष्टिले पदावलीयुक्त रहेको छ । वर्ण्य विषयलाई पूर्णतः प्रतिनिधित्व गरेकोले शीर्षक सार्थक रहेको छ ।

### छ) संरचना

मुक्त छन्दका लामा, छोटा र मझौला आयामका धेरै पङ्क्तिपुन्जमा संरचित यो कविता जम्मा बाह्र पृष्ठहरूमा रचिएको एक लामो कविता हो ।

### ५.३.२ निष्कर्ष

कवि उदय जी.एम.को 'पञ्जाबदेखि रोल्पासम्म' लामो कविताको अध्ययन गरेपछि निष्कर्षमा उल्लेख गर्नुपर्दा विषयवस्तु बढी मात्रामा सामाजिक र राजनैतिक क्षेत्रबाट लिइएको छ । शीर्षक, भाव र उद्देश्यका दृष्टिले यो कविता सबल छ भने भाषाशैलीका दृष्टिले वाक्यगठन शब्दको अर्थबोध, दार्शनिक पारा र घुमाउरो प्रस्तुतिजस्ता विशेषता रहेका छन् । परिमाणात्मक, प्रकारगत र गुणात्मक रुपमा लामो कवितामा योगदान दिएकाले गुणस्तरीय उच्च आख्यानात्मक लामो कवितामा कलम चलाउने एक उल्लेखनीय कविका रुपमा उदय जी.एम.लाई लिन सकिन्छ ।

## ५.४. 'पुच्छर नभएका हनुमान' निबन्धसङ्ग्रहको अध्ययन

उदय जी.एम. आँनो स्कुले जीवनदेखि नेपाली साहित्यमा अप्रत्यक्ष तवरमा प्रवेश गरेका अद्यावधिपर्यन्त साहित्य सिर्जनामा लागि परेका निबन्धकार हुन् । समसामायिक परिस्थिति लगायतका विविध विषयवस्तुको वर्णनमा उनको कलम चलेको देखिन्छ ।

वि.सं. २०५९ सालमा 'पुच्छर नभएका हनुमान' निबन्धसङ्ग्रह प्रकाशमा ल्याई चर्चित हुन पुगेका जी.एम.को यस निबन्धसङ्ग्रहमा सोह्रवटा निबन्धहरू सङ्कलित छन् । ६७ पृष्ठमा विस्तारित यस कृतिमा तत्कालीन सामाजिक, राजनैतिक, आर्थिक आदि विविध पक्षको यथार्थ चित्रण गरिएका निबन्धहरू सङ्कलन गरिएका छन् । यस क्रममा पहिले निबन्ध विधाको समान्य चिनारी र यसका तत्वहरूको सङ्क्षेपमा चर्चा गर्नु उचित देखिन्छ ।

### ५.४.१ निबन्ध : विधागत चिनारी

'बन्ध' धातुमा 'नि' उपसर्ग र 'घञ' प्रत्यय लागेर 'निबन्ध' शब्द बनेको छ ।[४४] यसको अर्थ राम्ररी बााध्नु वा कसिएको भन्ने हो । साहित्यको विविध विधामध्ये निबन्ध विधा सबैभन्दा कान्छो विधा हो । नेपाली भाषामा यो ल्याटिन भाषाको 'एजिजिएर' (निश्चिततापूर्ण परीक्षण गर्नु) शब्दबाट निस्केको फ्रान्सेली भाषाको 'एसाइ' र अङ्ग्रेजीको 'एस्से' शब्दको पर्यायवाचीका रुपमा आएको छ । यसको शब्दगत अर्थ परीक्षण, प्रयत्न र प्रयोग गर्नु हो ।[४५]

निबन्ध विधामा कुनै निश्चित विषय वा शीर्षकअन्तर्गत रही विविध दृष्टिकोणबाट व्याख्या विश्लेषण गरिने भएकोले यसलाई राम्ररी कस्नु, बााध्नु तथा प्रयोग गर्नु भन्ने अर्थमा लिईन्छ । निश्चित विषय वा शीर्षकमा व्याख्या विश्लेषण भएर भाव उत्पन्न भएपछि निबन्धको निर्माण हुन्छ । यसमा थोरै-धेरै भाव प्रकट गर्ने प्रयत्न गरिने हुनाले यो छोटो र कसिलो हुन्छ ।[४६] यसैले निबन्धलाई राम्ररी कसिएको बन्धन भन्न सकिन्छ ।

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग साहित्यक विधा जनाउने अर्थमा भएको पाइदैन तसर्थ निबन्ध पाश्चात्य जगत्को देन हो र यसको जन्म तथा विकास पनि त्यहीा भएको हो । निबन्धलाई विषयवस्तु, आकार, प्रकार, भाषाशैलीजस्ता विभिन्न आधारमा विद्वानहरूले परिभाषित गरेका छन् तापनि यो आत्मपरक विषय भएकोले सहज स्पष्ट रुपमा परिभाषा हुन सकेको देखिदैन । यहाा निबन्धका विषयमा विद्वानहरूका केही विचार प्रस्तुत गरिएका छन् :-

- "म नै मेरा निबन्धका विषयवस्तु हुा किनकि मलाई राम्ररी चिन्ने व्यक्ति म नै हुा ।" - मोन्तेन

४४. वापन शिवराम आप्टे, संस्कृत हिन्दीकोश (वाराणसी : मोतीलाल बनवारीदास, २०५०), पृष्ठ ५२७ ।
४५. धीरेन्द्र बर्मा (सम्पा.), हिन्दी साहित्यकोश द्वि.सं. (वाराणसी, ज्ञानमण्डल लिमिटेड, २०२०), पृष्ठ ४४५ ।
४६. रघुनाथ पौडेल, बालकृष्ण पोखेलको निबन्धकारिता (त्रि.वि. मा प्रस्तुत एम.ए. शोधपत्र, २०५१), पृष्ठ ११ ।

- "निबन्ध भनेको मनको उन्मुख विचरण हो । यो त्यस्तो अनियमित र अपरिपक्व रचना हो, जसमा कुनै नियम वा क्रम रहादैन ।" – डा. जोन्सन
- ''कुनै एक निश्चित विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखेको रचना नै निबन्ध हो ।" - जोहनगरे ( न्यु अक्सफोर्ड डिक्सनरी )
- "हलुका पारा तथा सरल ढङ्ग र लेखक एवम् पाठकबीच विश्वास सम्बन्ध रहेको आदर्श रचना हो ।" – हृयुवाकर

õ “सुसंयुक्त र रुचिकर वार्ताका स्वर तथा पद्धतिमा कुनै विषयवस्तुसाग आˆनो सञ्चारी सम्बन्धको आह्लादिनी अभिव्यक्ति एवम् अन्वितिलाई निबन्ध भनिन्छ ।”

– डा. हरिहरनाथ द्विवेदी

õ ”निबन्ध एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो । यो टेबिलगफ हो , चश्मादार अध्यापकको व्याख्यान होइन न त बमन वेदान्त ।”

– लक्ष्मीप्रसाद देवकोटा

õ ”सबैभन्दा माथिल्लो तहको निबन्ध निजात्मक निबन्ध हो र हरेक निजात्मक निबन्ध लेखकले आˆनो हृदयभित्र लुकेर बसेका अदृश्य श्रोतालाई सुनाएको गन्थन हो ।”

- बालकृष्ण पोखेल

õ “निबन्ध स्फुट रचना हुनुका साथै विचार वर्णन वा भावनालाई स्फुट रुपमा व्यक्ताउने प्रयासबिना यो रचना हुन सक्दैन ।” - बासुदेव त्रिपाठी

õ “कुनै विषयलाई लिएर कल्पनात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यक रचना वा साहित्यक एक गद्य विधा नै निबन्ध हो ।”

– नेपाली वृहत् शब्दकोश

उपर्युक्त सम्पूर्ण परिभाषाहरूलाई केलाउादा जीवनजगत्का कुनै पनि विषयवस्तुमा विशिष्ट उद्देश्य राखेर लेखिएका गद्यात्मक साहित्यक रचना वा अभिव्यक्ति नै निबन्ध हो भन्न सकिन्छ । यस्तो रचनामा लेखक आˆना अनुभूति र विचारलाई नम्रतापूर्वक सरल, सहज र सुमधुर शैलीमा व्यक्त गर्दछ । यसमा स्वतन्त्रतापूर्वक भोगिएका जीवनका आत्मिक तथा वस्तुपरक अनुभवलाई समेटिन्छ । सङ्क्षेपमा भन्नुपर्दा स्वयम् पूर्ण सङ्क्षिप्त र प्रशस्त वैयक्तिक पुट भएको गद्यात्मक साहित्यक रचना नै निबन्ध हो ।

### ५.४.२ निबन्धका तत्वहरू

सोह्रौा शताब्दीमा पाश्चात्य साहित्यजगत्मा विकसित भएको साहित्यक गद्य विधा नै निबन्ध हो । यसका जन्मदाता मोन्तेन हुन् । निबन्ध विधाको परिभाषा गर्न कठिन भएझै विषयगत व्यापकता र गहनताले गर्दा निबन्धका तत्वहरू यति नै हुन्छन् भनेर भन्न कठिन छ किनकि हरेक साहित्यक विधा समयानुकूल परिवर्तन हुने भएकोले पहिलेका अनिवार्य तत्वहरू आज आएर गौण हुन सक्छन् । आज निबन्ध विधामा पनि निकै परिवर्तन आइसकेको छ । निबन्धका तत्व भन्नाले निबन्ध संरचनाका लागि आवश्यक पर्ने सामग्री वा उपकरणलाई

जनाउाछ । जसरी अन्य साहित्यक विधाको रचनामा आवश्यक तत्वको विशेष भूमिका रहन्छ, त्यसैगरी निबन्धात्मक तत्वको पनि निबन्ध रचनामा महत्वपूर्ण स्थान रहेको हुन्छ । निबन्ध तत्वका सम्बन्धमा विद्वानहरूका बीचमा मतैक्य नभए तापनि धेरै विद्वानहरूबाट मान्ने तत्वहरू तीन छन् – वस्तु, शैली र उद्देश्य ।[४७]

### ५.४.२.१ विषयवस्तु

विषयवस्तु नै निबन्धको प्राण भएकाले वस्तु बिना निबन्धको रचना हुन सक्दैन । वस्तु भनेर यहाा बाह्‍य सामग्रीलाई नभनी मानव मस्तिष्क र हृदयसाग सम्बन्धित वस्तुलाई भन्न खोजिएको हो । यसमा दुई कुरा प्रमुख हुन्छन् – बुद्धित्व र भावतत्व ।[४८]
मानव मस्तिष्कको खारिएको प्रतिभा बुद्धि हो । यसअन्तर्गत चिन्तन, विचार, कार्यकारण, तर्क, गहिराइ र औचित्य निर्वाह गर्न आउदछन् भने भावतत्वअन्तर्गत सुकुमार संवेदना, रागात्मक गाम्भीर्य, ध्वन्यान्मकता र चित्तको तरलता आउदछन् । [४९] कल्पनाको आवरणले भावतत्वलाई सजाएको हुन्छ । यसर्थ बुद्धि र भाव दुबै निबन्धका अनिवार्य तत्व हुन् । असल निबन्ध रचनाका लागि भाव र बुद्धिको समन्वय हुनु अपरिहार्य छ । निबन्धको विषयवस्तु जीवनजगत्साग सम्बन्धित प्रकृति, ईश्वर, धर्म, राजनीति, इतिहास तथा राष्ट्रियता आदि जे पनि हुन सक्छन् अर्थात् यी विषयवस्तुमध्ये जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिन्छ ।

---

४७. गोपीकृष्ण शर्मा, नेपाली निबन्ध परिचय, पाा.सं. (काठमाडौं : रत्न पुस्तक भण्डार, २०४८), पृष्ठ २१ ।
४८. ऐजन्, पृष्ठ २२ ।
४९. गोपीकृष्ण शर्मा, पूर्ववत्, पृष्ठ २२ ।

### ५.४.२.२. शैली

निबन्धकारको निजीपन र व्यक्तित्वको परिचायक शैली हो । यो भाव र भाषाको सङ्गमबाट निर्मित हुन्छ । विचार वा भाव निबन्धको आत्मा, भाषा शरीर र शैली निबन्धको जीवनमा प्राण हो ।[५०] शैलीले नै निबन्धलाई प्राणवान वा जीवन्त बनाउन सक्दछ । यसलाई गतिशील बनाउन सार्थक शब्दहरूको प्रयोग गर्नु अनिवार्य छ । सरलता, स्पष्टता, प्राञ्जलता र प्रभावकारिता शैलीका विशेष गुण हुन् । [५१] जसलाई निरन्तर अभ्यासबाट मात्र प्राप्त गर्न सकिन्छ । वस्तुतः भाव र भाषालाई एकै स्थानमा समन्वित गर्ने तरिका नै शैली हो । क्रम, सङ्गति, सङ्गठन र अन्विति यसका आन्तिरिक गुण हुन् ।[५२] प्रत्येक निबन्धकारका निबन्धमा

पृथक-पृथक शैली पाइन्छ । कुनै निबन्धको भाव र भाषा सुबोध्य हुन्छ भने कुनैको दुर्बोध्य हुन्छ । यिनै शैलीगत पृथकताका दृष्टिले भाव, भाषा र प्रस्तुतिका आधारमा शैलीको वर्गीकरण गर्न सकिन्छ ।

### ५.४.२.२.१ भावका आधारमा

मूलतः भावका आधारमा शैली तीन किसिमका छन् - सयंत शैली, भावुक शैली र व्यङ्ग्य शैली ।[५३] यिनका अतिरिक्त वर्तमान अवस्थामा तार्किक शैलीलाई पनि महत्वपूर्ण मानिने भएको ले शैली चार किसिमका देखिन्छन् - सयंत, भावुक, व्यङ्ग्य र तार्किक ।

### ५.४.२.२.२. भाषाका आधारमा

भाषाका आधारमा शैली दुई प्रकारका हुन्छन्, ती हुन् - प्रसाद शैली र समास शैली । प्रसाद शैलीलाई सरल शैली पनि भनिन्छ । जस्तोसुकै गहन विषयवस्तुलाई पनि सामान्य किसिमले सरल, समधुर र सहज भाषामा प्रस्तुत गर्नसक्नु प्रसादशैलीको विशेषता हो ममतापूर्ण आकर्षण, स्वच्छता र भाषामा मधुरता भएको शैलीलाई प्रसाद शैली भनिन्छ ।[५४] त्यसैगरी कठिन शब्द, लामा वाक्य र दुरुह संरचना समास शैलीका मूलभूत

---

५०. जयनाथ नलिन, हिन्दी निबन्धकार (दिल्ली : रामलाल पुरी एण्ड सन्स, १९६४), पृष्ठ २९ ।

५१. केशवप्रसाद उपाध्याय, साहित्य प्रकाशन, पा.सं. (काठमाडौं : साझा प्रकाशन, २०४९), पृष्ठ २०६ ।

५२. गोपीकृष्ण शर्मा, पूर्ववत्, पृष्ठ २४ ।

५३. ऐजन्, पृष्ठ २३ ।

५४. जयनाथ नलिन, पूर्ववत्, पृष्ठ ३२ ।

विशेषता हुन् ।[५५] यस शैलीमा तत्सम् शब्द एवम् मिश्र वाक्य र सयुंक्त वाक्यको आधिक्यता रहन्छ । उक्त शैलीमा एउटै शब्दमा क्रिया, कर्ता, करण, अधिकरण आदिको समाहार पाइन्छ ।[५६] यसमा भाषाको विस्तार एवम् भावको शून्यता बढी रहन्छ । भाषिक शब्दजाल विच्छ्याएर पाठकलाई अलमलमा पार्नु समास शैलीको निजी विशेषता हो ।

### ५.४.२.२.३ प्रस्तुतिका आधारमा

प्रस्तुतिका आधारमा निबन्धको शैली दुई किसिमको हुनसक्छ– प्रथम पुरुष शैली र तृतीय पुरुष शैली । यसलाई कसै कसैले कथन ढाचाका रुपमा पनि चर्चा गरेका छन् । प्रथम

पुरुषको प्रस्तुतिअन्तर्गत व्यक्ति निबन्धकार 'म' वा 'हामी' जस्ता प्रथम पुरुष सर्वनामको प्रयोग गरी प्रकट हुन्छ । यसमा निबन्धकार स्वयम् कथावाचकजस्तो गरी निजी अनुभव, विचार र दर्शन जस्ता विषय वस्तुलाई रोचक ढङ्गले पाठकलाई सुनाईरहेको हुन्छ । तृतीय पुरुष प्रस्तुतिअन्तर्गत भने निबन्धकारको निजत्वभन्दा बढी विषयवस्तुलाई प्रधानता दिइएको हुन्छ । यसमा निबन्धकार स्वयम् प्रस्तुत नभई अन्य कुनै पात्रलाई प्रयोग गर्दछ । यसर्थ यो तृतीय पुरुष कथन ढााचामा निबन्धकारको आत्मालाप, एकालाप वा आत्मकथाको प्रयोग नभई कुनै विषयवस्तुको वर्णन विवरण पाइन्छ ।

### ५.४.२.३ उद्देश्य

निबन्ध रचना गद्य साहित्यकै एक प्रमुख विधा भएकोले त्यसको मूल उद्देश्य स्वान्तसुखाय भनिए पनि त्यतिमै सीमित रहन सक्दैन । त्यसैले गद्य साहित्यकै प्रमुख विधा निबन्ध रचनाको मूल उद्देश्य वा प्रयोजन अल्प समयमै गृहित विषयका माध्यमबाट निबन्धकारको व्यक्तित्व परिचय दिनु हो भन्न सकिन्छ । अझै भन्ने हो भने निबन्धलेखनको मूल उद्देश्य पाठकलाई उपदेश दिनु नभई निबन्धकारले आˆनो विचार र भावना निर्भीकतापूर्वक पाठकसामु राखी अनुनय, विनय गर्नु तथा कुनै विषयका माध्यमबाट पाठकसाग सम्पर्क गरी आत्मप्रकाशन गर्नु तथा सूचना प्रदान गर्नु हो । यसरी निबन्ध रचनाका दुई उद्देश्य हुन्छन् – आत्मप्रकाशन र सूचना वा विचारप्रवाह ।


---

५५. गोपीकृष्ण शर्मा, पूर्ववत्, पृष्ठ २४ ।

५६. जयनाथ नलिन, पूर्ववत्, पृष्ठ ३१ ।

## ५.४.३. निबन्धको वर्गीकरण

विषयवस्तु, भाषाशैली तथा व्यक्तित्वको प्रधानता र गौणताका आधारमा निबन्धलाई दुई भागमा वर्गीकरण गरिएको छ । निजात्मक र परात्मक । शैलीका आधारमा निजात्मक निबन्धका पुनः तीन भेद भावात्मक, विचारात्मक तथा व्यैक्तिक छन् भने परात्मक निबन्धका वर्णनात्मक र विवरणात्मक गरी दुई भेद छन् । विशेषगरी निबन्धमा शैली र प्रवृत्तिभन्दा अधिक व्यक्तित्वमा प्रभाव पर्ने भएकोले व्यक्तित्वको प्रधानता र गौणताका आधारमा गरिएको वर्गीकरण नै स्वभाविक तथा वैज्ञानिक देखिन्छ । यस आधारमा निबन्धलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :-




## २.४.४ 'पुच्छर नभएका हनुमान' निबन्धसङ्ग्रहको विश्लेषण

नेपाली भाषा तथा साहित्यका एक अथक साधक उदय जी.एम. सानै उमेरदेखि अध्ययनको महत्व बुझ्नाका साथै साहित्य रचना गर्ने प्रेरणा समेत पाईसकेका देखिन्छन् । प्राचीनतम् लेख्य रुपमा दुल्लुस्थिति सम्वत् १०३८ को दामुपालको अभिलेखबाट प्रारम्भ भएको नेपाली साहित्यको कान्छो विधा निबन्धले धेरै समय पार गरेको अवस्थामा सामाजिक प्रगति र जनचेतनालाई अगाडि बढाउन धेरै निबन्धकारको विशेष योगदान रहेको छ । तीमध्ये उदय जी.एम.ले वर्णनात्मक तथा विवरणात्मक र आत्मपरक वा निजात्मक लेख एवम् निबन्धरचनाका दृष्टिले वि.सं. २०५८ सालदेखि सक्रिय रही आधुनिक नेपाली निबन्ध यात्रामा प्रवेश गरी निरन्तरता दिएको देखिन्छ ।

जी.एम.का केही निबन्धहरू 'पुच्छर नभएका हनुमान' निबन्धसङ्ग्रहमा सङ्कलित छन् भने केही विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । नेपाली साहित्यको निबन्धयात्रामा सरल भाषाशैली, नवीन शिल्प प्रयोग र स्वछन्द प्रगतिवादी प्रवृत्तिलाई निरन्तरता दिने निजात्मक निबन्धकार हुन् उदय जी.एम. । यिनका निबन्धमा विषयगत विविधता र निजात्मकताको बाहुल्यता पाइन्छ । समाज, देशभक्ति, दर्शन, शिक्षा, राजनीतिक, आर्थिक, सामाजिक समस्याजस्ता विविध विषयवस्तुहरू समेटिएका निबन्धहरू 'पुच्छर नभएका हनुमान' मा समेटिएका छन् । निजात्मक वा आत्मपरक अभिव्यक्तिको प्रचुरता, व्यङग्यात्मक तथा तार्किक प्रस्तुति र ऐतिहासिक, संस्मरणात्मक, संवादात्मक एवम् प्रश्नात्मक कथनढाचालाई यहा आगालिएको छ । उनको साहित्ययात्राको दोस्रो चरणमा प्रकाशित 'पुच्छर नभएका हनुमान' निबन्धसङ्ग्रहको प्रकाशन २०५९ सालमा भएको हो । यो समसामयिक विषयवस्तुलाई समेट्दै मानवको मूल्य र अस्तित्वका विषयमा हाासो अनि व्यङ्ग्य मिश्रण गरी लेखिएको उत्कृष्ट कृति हो । नेपाली निबन्धको विश्लेषण पद्धति क्रमशः विकशित भइरहेको छ  र यसका

निम्ति इश्वर बराल, रामलाल अधिकारी, गोपीकृष्ण शर्मा र राजेन्द्र सुवेदी लगायतका विद्वानहरूको पूर्ण योगदान रहेको छ ।[५७] यसैगरी डा. बासुदेव त्रिपाठी, मोहनराज शर्माजस्ता वरिष्ठ विद्वानका साथै अन्य केही शोधार्थीले समेत निबन्धको विश्लेषण सम्बन्धी आधार, दृष्टिकोण र आधारहरूको गहन अध्ययन गरी निबन्धकार उदय जी.एम.का समग्र निबन्धहरूलाई विषयवस्तु, उद्देश्य र भाषाशैलीका आधारमा यहाा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा जी.एम.का 'पुच्छर नभएका हनुमान' निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको मात्र विश्लेषण गरिएको छ ।

### ५.४.४.१ भुाडीफोर अभियान जिन्दावाद

#### क) विषयवस्तु

राजनीतिका विविध पक्षहरूका अतिरिक्त भ्रष्टाचार र पदासक्तिजस्ता विषयहरूलाई समेटिएको यो निबन्ध 'ुच्छर बिनाको हनुमान' (२०५९) हाास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सङ्कलित र २०५७ माघ २९ को स्पेसटाइम दैनिक एवम् २०५७ माघ २८ को गाउाघर सातदिनेमा प्रकाशित छ । समाजमा विद्यमान विविध अराजकता र विसङ्गतिलाई निबन्धकारले यस निबन्धमा हाासो र ठट्टाका प्रसङ्ग लिएर व्यङ्ग्यात्मक रुपमा प्रस्तुत गरेका छन् । रहर वा बाध्यता भन्ने कुरा मानिसका धेरै हुन्छन्, तिनै बाध्यता र रहरहरूले गर्दा मान्छे लोभी र लालची समेत बनी अन्तमा अपराधसम्म गर्न पुग्छ भन्ने भावभूमिमा यो निबन्ध सिर्जना भएको देखिन्छ ।

---

५७. कल्पना लुइटेल, कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता (त्रि.वि. प्रस्तुत एम.ए. शोधपत्र, २०५३), पृष्ठ २९ ।

#### ख) उद्देश्य

मानिसका इच्छाहरू असीमित हुन्छन् ती असीमित इच्छाहरु पूर्तिका लागि सीमित साधनले भ्याउन सक्दैन त्यस्तो अवस्थामा अपराधिक मानसिकताले जन्म लिन पुग्छ । राज्यले असल शिक्षा दिएर समाजका विकृतिहरूको अन्त गर्नुपर्छ भन्ने नै यस निबन्धको उद्देश्य रहेको छ ।

#### ग) भाषाशैली

यस निबन्धमा अलङ्कारयुक्त र अनुप्रासमय भाषाको सघन प्रयोग छ  तर यसको अभिव्यक्ति जटिल एवम् अबोधगम्य नभई सरल तथा स्पष्ट रहेको छ । भाषाको सामान्य प्रयोगसागै विशिष्ट प्रयोगको छटा देख्न पाइन्छ , जस्तै- आधा किलोको भुाडी आधा किलोकै

छाला आदि । यो निबन्ध निजात्मक निबन्ध हो र यसको प्रस्तुति वार्तालापीय शैलीमा गरिएकोले यसमा बहुलताका साथ नाटकीय उत्पन्न भएको छ र अत्याधिक मात्रामा रोचकता बढेको छ । अरुलाई अरुको रन्को घर ज्वाइलाई खानको रन्को, काचो कचिलो म खान्छु ईन्द्रको भुाडी दुखोस्जस्ता उखान एवम् भुाडी फोर्नु,बाटो फुकी पाईला चाल्नु आदि टुक्का र जीवनजगत्का विभिन्न विम्ब प्रतीकको प्रयोग समेत उल्लेख्यै गरिएको छ । लामा छोटा गरी जम्मा नौ अनुच्छेद र पााच पृष्ठमा यो निबन्धको आयतन फैलिएको छ । कतै स्थूल त कतै सरल रुपमा वाक्यको गठन गरिएको छ ।

### ५.४.४.२ यमराज मामालाई चिठी

#### क) विषयवस्तु

'पुच्छर नभएका हनुमान' (२०५९) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सङ्ग्रहित यो निबन्धले आधुनिकताका नाममा विकृति र विसङ्गति फैलाउने रीतिरिवाजलाई विषयवस्तु बनाएको छ । देशको कुरुप र विसङ्गत राजनैतिक र सामाजिक पक्षहरूलाई निबन्धले समातेको देखिन्छ । आजको युगको मान्छेको जीवन, उसका आशा, मूल्य र सीमाका बारेमा यहाा चर्चा गरिएको छ । पृथ्वीका मानिसले नै मानिसका कुरा नसुन्दा 'यमराज' लाई सम्बोधन गर्दै आ^ना दुःखदायी पीडालाई प्रस्तुत गर्नुपर्ने करुण भाव यहाा भेट्न सकिन्छ ।

#### ख) उद्देश्य

वर्तमानका यथार्थ माथि अर्थात् विकृत मानसिकताको खेदो खन्ने उद्देश्य लिएर यो निबन्ध रचना भएको देखिन्छ । मानिसलाई देखेर मानिस नै डराउनुपर्ने दयनीय अवस्थाको चित्रण र त्यसलाई सुधार गर्दै विश्वमाफ भाइचाराको सन्देश फैलाउनुपर्ने कुरा निबन्धकार राख्छन् । बााच्ने अर्थमा अनेक समस्याका चाप प्रतिचापमा पिल्सिएको अवस्था नै आजको मान्छेको जीवन बनेको कुराप्रति निबन्धकार इङ्गित गर्दै फाासीवादी हिंसालाई अन्तय गर्ने उद्देश्य साथ लेख्छन् । हजार दुःख गरेर आमाबुवाले जन्माए हुर्काए, यहााका यमराजहरू त ड्याम्म गोली हान्छन्, एकै छिनमा खल्लास ।[५८]

#### ग) भाषाशैली

यो सरल र सहज भाषामा लेखिएको प्रभावकारी निबन्ध हो । यसमा प्रयुक्त शब्दहरू भावलाई उकास्ने खालका र मनमा दिगो प्रभाव पार्ने खालका छन् । यस निबन्धको ठाउा-

ठाउामा भाषाको विशिष्ट प्रयोग गरिएको छ, जस्तै सकिनसकी फिस्स हाास्छु, झुटको खेतीमा फल मजाले लटरम्म आदि । निजात्मक ढङ्गमा लेखिएको यो पूरै निबन्ध एउटा एकालाप हो । यसमा एकालाप पत्रात्मक शैलीको राम्रो प्रयोग छ । 'म' को आत्मकथात्मक शैली अवलम्बन गरिएको छ । प्रथम पुरुषका रुपमा 'म' र तृतीय पुरुषका रुपमा 'यमराज मामा'लाई उभ्याएर क्रमशः दीनहीन नेपाली र ठूला बडा शासकको सङ्केत गरिएको छ । यहाा सरल रुपमा वाक्यहरूको गठन गरिएको छ । बीच बीचमा प्रश्नवाचक र आश्चर्यबोधक चिन्हको प्रयोग पाइन्छ । दुई शब्दले बनेका अत्यन्तै छोटा र लामा गरी सत्र अनुच्छेद र पााच पृष्ठमा यस निबन्धको संरचना फैलिएको छ ।

### ५.४.४.३ जता जता काफल पाक्यो

#### क) विषयवस्तु

नेपाली समाजको बौद्धिक, सांस्कृतिक एवम् राजनैतिक कुरुपता र अवसरवादीलाई अभिव्यन्जन गर्ने विषयवस्तुलाई आगालेको यो निबन्ध 'पुच्छर नभएका हनुमान' (२०५९) मा सङ्कलित र २०५७ चैत्र १० को स्पेशटाइम दैनिकमा प्रकाशित छ । निबन्धकारले यस

---

५८. उदय जी.एम., पुच्छर नभएका हनुमान, पृष्ठ ९ ।

निबन्धमा भ्रष्ट मानसिकता त्यागन नसक्ने र जता अवसर मिल्छ त्यतैतिर लहासिने खराब प्रवृत्ति आगालेकाहरुप्रति हाासो र ठट्यौला प्रसङ्ग लिएर व्यङ्ग्य गरेका छन् । आफ्नो धर्मविरुद्ध नजाने आग्रह गरिएको यस निबन्धमा राम्रो काम गरे राम्रो फल मिल्छ भन्ने कर्मवादी विचार पनि पाइन्छ ।

#### ख) उद्देश्य

आजको मानिसमा गुम्दै गएको मनुष्यताको भावनाप्रति मानवताका लहर दौडाउने उद्देश्य लिएर यो निबन्ध सिर्जना भएको देखिन्छ । यसमा नेपालीको दरिद्रता, स्वार्थीपना, जयजयकारी चाकडीपूर्ण संस्कार आदिप्रति व्यङ्ग्य गर्दै ती प्रवृत्ति त्याग्नुपर्ने कुरा बताइएको छ । 

#### ग) भाषाशैली

आलङ्कारिक भाषाशैली, उखान-टुक्का, अनुप्रासीयता आदिले यस निबन्धको भाषा रोचक बनाउादै प्रभावकारी व्यङ्ग्य निर्माण गरेका छन् । भाषालाई अत्यन्त सहज रुपमा चलाएको र खेलाएको पाइन्छ । निबन्धमा प्रयुक्त भाषा सहज, सम्प्रेष्य र ओजस्वी रहेको छ ।

ठेट र झर्रा नेपाली शब्दको प्रयोगले सम्प्रेष्य एवम् परिष्कृत बनाएको छ भने विवरणात्मक शैलीले समाजका यथार्थलाई ठीक रुपमा चित्रण समेत गरेको छ । निबन्धमा नितान्त निजात्मक एवम् मौलिक पाराको आत्मकथात्मक शैली अवलम्बन गरिएको छ । भोदुराम नामको पात्रले भने पञ्चेहरू, जोगीहरू आदिको भित्री चरित्रको उद्घाटन गरेको छ । विभिन्न उखान, टुक्का, विम्ब, प्रतीक आदिको प्रयोगले निबन्धको संरचना बेजोड बन्नपुगेको छ । पाठकलाई पेट मिची–मिची हासाउन सक्ने शब्द संगठन यहाा भेट्न सकिन्छÙ जस्तै- तेरो नाम के हो ? खाने । उसको नाम के हो ? खाने । त्यसको नाम के हो ? खाने । मेरो नाम के हो ? खाने । हे प्रभु Û सबै खानेहरूका बीचमा रहेको यो भोदुराम कहाा जाने ।[५९] तीन पृष्ठमा मुद्रित प्रस्तुत निबन्ध साना ठूला गरी नौ अनुच्छेदमा संरचित छ ।

---

५९. पूर्ववत्, पृष्ठ १२ ।

### ५.४.४.४. पुच्छर नभएका हनुमान

#### क) विषयवस्तु

समाजका कथित बुद्धिजीवीहरूको भ्रष्ट मानसिकलाई विषयवस्तुको रुपमा ग्रहण गरेको यो निबन्ध २०५८ बैशाख २९ को गाउाघर सात दिनेमा प्रकाशित एवम् 'पुच्छर नभएका हनुमान' (२०५९) हाास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सङ्ग्रह गरिएको छ । यस निबन्धको मुख्य भाव समाजमा बौद्धिक वर्गहरूको अभाव छ भन्ने तथ्यसाग गाासिएको छ ।

#### ख) उद्देश्य

सरकारी कार्यालय, राजनैतिक पार्टी, कारखाना, टोल, गाउा, शहर, जिल्ला, अञ्चल र केन्द्रसम्म भइरहेको विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहारका माध्यमद्वारा समाज सुधारको उद्देश्य लिएर यो निबन्धको रचना भएको हो ।

#### ग) भाषाशैली

भाषिक प्रयोगका दृष्टिले यस निबन्धमा केही अङ्ग्रेजी शब्दको प्रयोग भएको पाइन्छ । नाटकीय तरिकाले प्रस्तुत गरिएको यस हाास्यव्यङ्ग्य निबन्धमा छरिएका विषयलाई अनुक्रमहीन

तरिकाबाट प्रस्तुत गरी यथार्थलाई देखाइएको छ । शब्दहरू प्रभावकारी बनेर आएका छन् । ठाउा-ठाउामा अनुप्रासीयताको प्रयोग र हाास्यका तुलनामा व्यङ्ग्य प्रधान भएको यो एक सफल रचना हो । यहाा आलङ्कारिक र संवादात्मक भाषाशैलीको प्रयोग गरिएको छ । प्रथम पुरुष र तृतीय पुरुषका रुपमा क्रमशः भोदुराम 'म' र पुच्छर नभएका हनुमान (कथित स्वामी भक्ति गर्ने) हरूलाई सङ्केत गरिएको छ । यसमा 'म' को आत्मकथात्मक शैली छ । चार पृष्ठ र नौ अनुच्छेदमा संरचित यो निबन्धमा सरल, संयुक्त र मिश्र वाक्यको समुचित प्रयोग भएको छ ।

### ५.४.४.५ प्रचण्डपथपछि भोदुरामको गोरेटो

#### क) विषयवस्तु

'पुच्छर नभएका हनुमान' हाास्यव्यङ्ग्य सङ्ग्रहमा सङ्कलित यस निबन्धमा राजनैतिक विषयलाई सरस र आह्लादकारी बनाएर प्रस्तुत गरिएको छ । राजनीतिका विभिन्न पक्षहरूका अतिरिक्त भ्रष्टाचार र पदाश्रित एवम् जसरी भए पनि आ~नो पक्षमा मानिसहरूलाई पार्ने खराब मानसिकताले घटाएका विभिन्न घट्नाहरूलाई यहाा विषयवस्तुका रुपमा उठान गरिएका छन् ।

#### ख) उद्देश्य

नियमकानूनको सबैले पालना नगरी अरुको देखासिकी गरेर हिाडदा समाजमा विकृति फैलन पुग्छ तसर्थ समाजसुधारको नीति लिएर यो निबन्ध सिर्जना भएको छ । राजनैतिक क्षेत्रमा देखिएको विकृतिले समाजमा बढ्दै गएका दुराचार, दुष्प्रवृत्ति, मानवीय मनोवृति एवम् कुव्यवहारप्रति निबन्धकारले तीखो व्यङ्ग्य गर्ने काम यहाा भएको छ । हाास्यभन्दा बढी व्यङ्ग्यको मात्रालाई प्रस्तुत गरी नैतिक सन्देश दिनु यस निबन्धको प्रयोजन देखिन्छ ।

#### ग) भाषाशैली

यस निबन्धमा अलङ्कारयुक्त अनुप्रासमय भाषाको सघन प्रयोग देखिन्छ । अभिव्यक्ति जटिल एवम् अबोधगम्य नभई सरल तथा स्पष्ट रहेको छ । भावको प्रधानताका आधारमा हेर्दा यो विचारात्मक निबन्ध हो । यहाा हाास्यव्यङ्ग्य शैलीको प्रयोग गरिएको छ । विभिन्न उखान टुक्का हरूका अतिरिक्त प्रकृति र समाजका विभिन्न यथार्थ विम्ब प्रतीकहरूले निबन्धलाई रसिक बनाएका छन् । आ~ना मानसपटलमा उब्जिएका भावहरू निबन्धकारले सोझै अभिव्यक्त गरेकोले यो निजात्मक शैलीमा लेखिएको प्रथम पुरुषात्मक दृष्टिबिन्दु आगालिएको आत्मपरक

निबन्ध हो । पाँच पृष्ठ र साना ठूला गरी जम्मा नौ अनुच्छेदमा संरचित यो निबन्धभरी नै सरल र संयुक्त वाक्यको समुचित प्रयोग देखिन्छ ।

### ५.४.४.६. संवैधानिक प्रक्रिया

**क) विषयवस्तु**

'पुच्छर नभएका हनुमान' हास्यव्यङ्ग्य सङ्ग्रहमा प्रकाशित यो निबन्धमा देशको कुरुप र विसङ्गत राजनैतिक पक्षहरूलाई असाध्यै सफलताका साथ प्रतिविम्बन गरिएको छ । राजनीतिबाहेक सामाजिक जीवनका अरु पक्षहरू समेत यहाँ समेटिएका छन् । जुन नेताहरूले राजनीतिमा संवैधानिक प्रक्रियाको कुरा गर्छन तिनै नेताहरूको नियमको उल्लङ्घन गर्ने छाडा प्रवृत्तिले गर्दा जनताले दुःख पाएका छन् भन्ने सामाजिक एवम् राजनैतिक वस्तुलाई यहाँ आगालिएको छ ।

**ख) उद्देश्य**

सत्तामा बसेर संविधानको पालना नगर्ने राजनेताहरूप्रति व्यङ्ग्य र नेताहरूकै कुकृत्यले गर्दा जनताले सास्ती पाएको यथार्थको प्रकटीकरण गर्नु नै यस निबन्धको उद्देश्य हो । चेतनाको प्रकाश पाएकाहरूले चेतना पाएपछि हुनुपर्ने आचरणमा बाँच्न सक्नुपर्छ भन्ने सन्देश दिनु नै यस निबन्धको मूल प्रयोजन देखिन्छ ।

**ग) भाषाशैली**

निबन्धमा सरल र सहज भाषाको प्रयोगद्वारा हास्यभन्दा बढी व्यङ्ग्यको गहिरो प्रभाव उत्पन्न गरिएको छ । यो निजात्मक निबन्ध हो र यसको लेखन वार्तालापीय शैलीमा गरिएको छ, जस्तै- तपाईंहरूले महाकाली नदी भारतलाई बुझाएको कुरा निकाल्नुहोला त्यो तर्कमा कुनै तुक छैन् ।[६०] यहाँ प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस निबन्धको समाख्याताको रुपमा 'म' अर्थात् भोदुराम पात्र रहेको छ । उसले मुख्यतया आफूले देखेका यथार्थ घट्नाहरूलाई अभिव्यक्त गरेको छ, भने कतै-कतै अरुलाई सम्बोधन गरेकोले र अरु पनि बोलेको आभास यसमा पाइनुले तृतीय पुरुष कथनलाई समेत आगालेको भेटिन्छ । आकारको दृष्टिले साना ठूला आठ अनुच्छेद र चार पृष्ठमा संरचित यस निबन्धमा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग बढी पाइन्छ ।

### ५.४.४.७ संसदीय महाजात्रा–२०५७

#### क) विषयवस्तु

यो 'पुच्छर नभएका हनुमान' (२०५९) हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहमा सङकलन गरिएको निबन्ध हो । यही निबन्ध २०५७ फागुन २४ का् स्पेसटाइम दैनिकमा समेत प्रकाशित छ । यस निबन्धको मूल विषयवस्तु राजनीति हो । समसामयिक राजनीतिको कुहिगन्धे पाटाहरूलाई यसले अभिव्यञ्जित गरेको छ । परिवारका समस्यालाई ठूला नठानेर देश र जनताका लागि परेको बेलामा आत्मबलिदान गर्ने वीर पुर्खाका सन्तान भनेर गर्व गर्ने तर आ िनो स्वार्थपूर्तिका लागि सत्ताको छिनाझपटीमा लागिपर्ने नेताहरूका लागि गतिलो झापड हो यो निबन्ध । यहाा भ्रष्ट राजनीतिलाई विषयवस्तुका रुपमा उठाइएको छ ।

---

६०. पूर्ववत्, पृष्ठ २५ ।

#### ख) उद्देश्य

आजको विसङ्गत राजनीतिक जीवनप्रति व्यङ्ग्य गरिएको एक व्यङ्ग्यप्रधान सफल निबन्ध हो यो । जनताका हकहितका निम्तिमा जनताले नै चुनाव गरेर पठाएका जनप्रतिनिधिहरूले आ िनो स्वार्थ पूर्तिका लागि नैतिकता गुमाएका कुरालाई उठाएर नैतिकता, आदर्श, सद्विचार, नीति र सिद्धान्तका बारेमा उपदेश दिनु निबन्धको लक्ष्य देखिन्छ । यसमा यथार्थको प्रकटीकरण गरिएको छ ।

#### ग) भाषाशैली

आलङ्कारिक र व्यङग्य शैली, उखान– टुक्काको प्रयोग आदिले यस निबन्धको भाषालाई रोचक बनाउादै व्यङ्ग्यलाई  प्रभावकारी बनाएको छ । यहाा विवरणात्मक अभिव्यक्ति पाइन्छ । यो उत्तम पुरुषात्मक दृष्टिकोण भएको रचना हो । यसमा समाख्याताका रुपमा 'म' अर्थात् भोदुराम देखा परेको छ । प्रस्तुत रचनामा भोदुराम वक्ताका भूमिकामा आएको छ र नेतालाई भ्रष्ट, पतीत र स्वार्थी व्यक्तित्वका रुपमा प्रंस्तुत गरेको छ । निबन्धात्मक तत्वका दृष्टिले कमजोर देखिए पनि मानवीय सत्आचरणको कमी कमजोरी पक्षको वर्णन भएकोले यो वर्णनप्रधान निबन्ध हो । चार पृष्ठ र साना ठूला पन्ध्र अनुच्छेदमा संरचित यस निबन्धमा सरल तथा शुद्ध भाषा र प्रगतिवादी विचार एवम् राजनैतिक परिवेशलाई समेटेको शीर्षक समेत समयानुकूल छ ।

### ५.४.४.८ बस छोरी ऐना हेरेर

#### क) विषयवस्तु

यो निबन्ध 'पुच्छर नभएका हनुमान' (२०५९) निबन्धसङ्ग्रहमा आठौा क्रममा सङ्कलित छ । यो निबन्ध पुरुषको हैकमवादी सोचको पर्दाफास गर्दै लैङ्गिक भेदभावपूर्ण कानूनी वितण्डाको कालो पर्दालाई छ्याङ्गै उघारिदिएको सामाजिक एवम् समसामयिक विषयवस्तुलाई समेटेर लेखिएको छ । राज्यले छोरीलाई पनि छोरासरह अंश पाउनुपर्ने कानूनको घोषणा गरेपछि व्यवहारमा परिवर्तनको रुपरेखा जो हुनु पर्ने हो त्यो नभई छलकपट, स्वार्थसिद्ध, द्वन्द्व, 'स्वसुख : संसारको सुख' भन्ने भावनाको विरोध यहाा पाइन्छ । छोरीलाई केवल घरमा मात्रै सीमित राख्ने अमानवीय, विसङ्गतिपूर्ण, घृणित सोच आदि नराम्रा पक्षको यथार्थ प्रस्तुति यसमा पाइन्छ ।

#### ख) उद्देश्य

यस निबन्धको मूल प्रयोजन छोरीलाई पनि छोरासरह पैत्रिक सम्पतिमा अधिकार छ र कानूनले घोषणा गरिसकेका कुरालाई व्यवहारमा समेत उतार्नुपर्छ भन्ने भावनाको विकास गर्नु हो ।

#### ग) भाषाशैली

भाषाशैलीका दृष्टिले शुद्ध, सरल र सुमधुर छ यो निबन्ध । यहाा व्यङ्ग्य शैलीको प्रयोग गरिएको छ, जस्तै – छोरी भएर जन्मेपछि छोरी कसै न कसैकी आमा पनि हुन्छिन् । आमा 'भगवान' हुन् । भगवानको काम त केवल दिनु मात्र हो लिनु हैन[६१] निबन्धकारले वर्णानात्मक कथनढााचा एवम् तार्किक शैलीमा निजात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । 'छोरीको काम ऐना हेर्नु हो । छोरीलाई दिइएको अंश पनि ऐनामा देखिएको प्रतिविम्ब हो[६२] जस्ता वाक्यगठनले निबन्ध प्रतीकात्मक छ भन्न सकिन्छ । तत्सम , तद्भव र आगन्तुक शब्दका साथै भगवान, ऐना, कोरीबाटी आदि प्रतीकहरूको प्रयोग भएका छन् । साना ठूला गरी जम्मा सात अनुच्छेद र चार पृष्ठमा विभाजित यस निबन्धको महत्वपूर्ण पक्ष भनेको हकहित र स्वतन्त्रतामा लगाइएका जंजिरलाई तोड्नुपर्छ  भन्ने सन्देश दिनु हो ।

### ५.४.४.९ हराएका बुद्धको खोजीमा

#### क) विषयवस्तु

यो 'पुच्छर नभएका हनुमान' निबन्धसङ्ग्रहमा सङ्कलन गरिएको नवौा क्रममा रहेको निबन्ध हो । यो निबन्धको विषयवस्तु अभिधा अर्थमा खोज्ने हो भने बुद्धले दिएको शान्तिको सन्देशलाई व्यवहारमा उतार्नुपर्ने कुराको वर्णन गर्नु नै हो । लडाईले अशान्त भएको नेपालको चित्रण, राजनैतिक अस्थिरता र अनिर्णयको परिणामप्रति तीखो व्यङ्ग्य हानिएको यस निबन्धले समाजका खराब पक्षको उद्घाटन गरेको छ ।

---

६१. पूर्ववत्, पृष्ठ ३३ ।

६२. पूर्ववत्, पृष्ठ ३४ ।

**ख) उद्देश्य**

यस निबन्धको मूल उद्देश्य भगवान गौतम बुद्धले दिएका उपदेशहरूलाई व्यवहारमा उतार्न लगाउनु हो । बुद्धको शान्तिभूमि वा शान्तिक्षेत्र नेपाल अहिले युद्धको चपेटमा परी अशान्त विश्वमाझ नै लज्जित भएको अवस्थामा एक पटक पुनः बुद्धदर्शनका गुणगान यहाा गाइएको छ । हतियारको बलमा निर्धालाई वशमा पारे पनि विचार कहिल्यै मर्दैन एवम् युद्ध हैन शान्तिले नै हरेकको मन जित्न सकिन्छ भन्ने भावनाको विकास गराउादै सत्मार्गमा हिाडने प्रेरणा दिनु नै यस निबन्धको प्रयोजन देखिन्छ ।

**ग) भाषाशैली**

भाषाशैलीका दृष्टिले यो निबन्ध सरल समधुर र सुबोध छ । निजात्मक अभिव्यक्ति तथा तार्किक प्रस्तुति रहेको यस निबन्धमा तृतीय पुरुष कथन ढााचा पाइन्छ । निबन्धमा बुद्रदर्शनप्रति निबन्धकारको पवित्र दृष्टिकोण पाइन्छ । 'हामी अहिंसाका पुजारी र वीरताको पुजारीका सन्तान भएकोले जय गौतम बुद्ध भन्यो अनि ठोक्यो । यसो गर्दा गौतम बुद्धको पनि चित्तबुझ्ने अमरसिंह थापाको पनि चित्तबुझ्ने [६३] आदि वाक्यहरूको उपस्थितिले भन्न सकिन्छ कि यहाा व्यङ्ग्य शैली अपनाइएको छ । निबन्धमा सरल तथा शुद्ध भाषा र प्रगतिवादी विचार र दार्शनिक भाव पाइन्छ । धर्ती, अग्रदूत, बुद्धत्व जस्ता तत्सम, भौतिक, त्याग, एकता जस्ता तद्भव र रेडियो, टेलिभिजन, मट्टीतेल जस्ता आगन्तुक शब्दहरूका प्रयोग गरिएको यस निबन्धमा शीर्षक समेत प्रतीकात्मक रुपमा आएको छ । यहाा लेखकले सम्बोधन शैलीको पनि

प्रयोग गरेका छन् । आकारका दृष्टिले लामा-छोटा विभिन्न चौध अनुच्छेद र पाच पृष्ठमा संरचित यो निबन्धमा विचार एवम् विषयवस्तुको राम्रोसाग संयोजन भएको पाइन्छ ।

### ५.४.४.१० नक्कलीदेखि सावधान

#### क) विषयवस्तु

समाजका हरेक क्षेत्रमा देखिएका विसङ्गत पाटाहरूलाई विषयवस्तुको रुपमा उठान गरिएको यो निबन्ध तेस्रो सहस्राब्दी मासिक, वर्ष १, अंक ४, असोज २०५८, पृष्ठ ३७ मा प्रकाशित एवम् 'पुच्छर नभएका हनुमान' (२०५९) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सङकलित छ । आ^नो स्वार्थपूतिका लागि सक्कलीको बुर्इा चढेर मान्छे ठग हुादै गइरहेका विविध घटनाहरूको यहाा खेदो खनिएको छ । हरेक क्षेत्रमा मिसावट र त्यो मिसावटले निम्त्याएका दुखद् घटनाहरूको चित्रण एवम् त्रासदीपूर्ण जीवन बिताउने व्यक्तित्वहरूप्रति यस निबन्धले तीखो व्यङ्ग्य प्रहार गरेको छ ।

६३. पूर्ववत्, पृष्ठ ३७ ।

#### ख) उद्देश्य

कला, साहित्य, संस्कृति, राजनीति, ज्ञानविज्ञान, भौतिक, आध्यात्मिक आदि विभिन्न क्षेत्रमा नक्कल गर्ने परिपाटिको अन्त गरिनुपर्छ भन्ने सन्देश फिजाउनु नै प्रस्तुत निबन्धको उद्देश्य देखिन्छ । जहाा चेतनाको पत्र छर्लङ्ग हुन्छ त्यहीाबाट प्रतिनिधि जन्मन्छ । चेतना पाएपछि हरेकलाई सचेतना प्रदान गर्नुपर्छ, तब मात्र राष्ट्र सम्मुन्नत हुन्छ भन्ने प्रयोजन यसको रहेको छ ।

#### ग) भाषाशैली

सरसरती निबन्धलाई पढ्दा भाषाशैलीका दृष्टिकोणले सरल वाक्य गठन भए तापनि बोधगम्यतामा सरलता पाउन कठिन देखिन्छ । शीर्षक र समयानुकूल व्यङ्ग्यात्मक दृष्टिकोण भने उत्कृष्ट देखिन्छ । राजनीति, इतिहास र पौराणिक कथावस्तुको प्रसङ्ग प्रयोगले निबन्ध रोचक देखिन्छ । मानवीय आचरणको बारेमा निबन्धकारको निजात्मक र सन्देशमूलक प्रस्तुति रहेको छ । यो एक वर्णनप्रधान निबन्ध हो । विषयवस्तु अनुकूल शीर्षक को चयन गरिएको छ ।

'कानो गोरुलाई औसी न पूर्ने', 'कुरा खुइलिसके', 'दिमाग खाइराछ' आदि टुक्का , 'टुप्लुक्क, खिर्लिप्पै, सुटुक्कै' आदि अनुकरणात्मक शब्द, 'सावधान, सर्वव्यापी' आदि तत्सम शब्द, लोˆफर, तस्कर, काग्रेस, ग्याङ्' आदि आगन्तुक शब्दका साथै विभिन्न विम्ब प्रतीकहरूले निबन्धलाई रोचक तुल्याएका छन् । छ पृष्ठ र लामा नौ अनुच्छेदमा संरचित यो निबन्ध संरचनाको दृष्टिकोणको साथै भावले समेत सफल भएको देखिन्छ ।

### ५.४.४.११ रक्सीज्यूको भूमिगत यात्रा

#### (क) विषयवस्तु

'पुच्छर नभएका हनुमान' हास्यव्यङ्ग्यसङग्रहको एघारौ क्रममा सङ्कलित छ यो निबन्ध समसामयिक विषयवस्तुहरू मात्र समेटे र निबन्धकारले यो निबन्धको रचना गरेका हुन् । समाजमा खराब तत्वलाई जति नियन्त्रण गर्न खोजे पनि त्यो कुनै न कुनै माध्यमद्वारा प्रष्फुटित भई चलखेल गर्ने जुन परिपाटी छ त्यसप्रति निबन्धकारले चिन्ता व्यक्त गरेका छन् । रक्सी अर्थात् मदिराले समाजमा फैलाएको विसङ्गतिको चित्रण यहा गरिएको छ ।

#### (ख) उद्देश्य

यो व्यङ्यात्मक निबन्ध हो । राम्रो कुरा गर्न खोज्दा नराम्रोप्रति लहसिने समाजको जुन खराब मानसिकता छ त्यसलाई हटाउनुपर्ने उद्देश्य लिएर यो निबन्ध रचना भएको देखिन्छ । मदिराले समाजमा शान्ति बिथोलाउने र आर्थिक पक्ष समेत कमजोर बनाउने भएकोले यसको सेवन नगर्नुमा नै सबैको भलाइ छ । राज्यलाई मदिराबाट पर्याप्त राजस्व संकलन भए तापनि त्यसको नकारात्मक असर जनतामा पर्ने भएकोले त्यस्ता नराम्रा र जनताको स्वास्थ्यसाग प्रत्यक्ष सम्बन्ध गासिएको वस्तुहरूमाथि बन्देज लगाउनु राज्यको दायित्व हो भन्ने उद्घोष निबन्धमा गरिएको छ ।

#### (ग) भाषाशैली

उद्देश्य, विषयवस्तु, भाषाशैलीको दृष्टिकोणमा पद, पदावली र वाक्यगठन सरल रहेको यस निबन्धमा निजात्मक अभिव्यक्ति तथा तार्किक एवम् वार्तालापीय शैलीको प्रयोग गरिएको छ । चर्चित व्यक्ति, पार्टी, घटना आदिको प्रयोगले निबन्धमा जीवन्तता ल्याइदिएको छ । ऋषिमुनि, अनुकूलजस्ता तत्समको शब्दको प्रयोग कम भएको पाइए तापनि घुस, कम्निष्ट,

काम्रेड, ट्वाइलेट, बडिगार्ड, डिस्टीलरीजस्ता आगन्तुक शब्दहरू यहाा उल्लेख्य मात्रामा प्रयोग भएका छन् । विभिन्न क्षेत्रमा देखिएका कमजोर पक्षको वर्णन भएकोले यो वर्णनात्मक निबन्ध हो । आकारका दृष्टिले पााच पृष्ठ र दश अनुच्छेदमा यो संरचित छ । निबन्ध तत्वका दृष्टिले भने यो निबन्ध सवल र सक्षम रहेको छ ।

### ५.४.४.१२ मुसाज्यूलाई नमस्कार

#### क) विषयवस्तु

हेर्दामा सानो लाग्ने चिज होस् वा विचार त्यो खराब भइदिए सारा वातावरण नै दूषित पार्छ भन्ने विचार यस निबन्धको विषयवस्तु बनेर आएको छ । 'पुच्छर नभएका हनुमान' हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सङ्कलित यो निबन्धले राजनीतिदेखि विभिन्न सरकारी कार्यालयमा देखिएको कार्यक्षमताको आभाव एवम् त्यसले सिर्जना गरेको भताभुङ्गपूर्ण स्थितिलाई आˆनो विषयवस्तु बनाएको छ ।

#### ख) उद्देश्य

हरेक क्षेत्रमा अदूरदर्शी व्यक्तिहरू रहादासम्म अमूल्य विचार एवम् वस्तु समेत मूल्यहीन हुन गई देश समेत बर्बाद  हुनपुग्छ तसर्थ बर्वादीबाट बचाउनु  हाम्रो कर्त्तव्य हो भन्ने कुराको जानकारी गराउनु नै यस निबन्धको उद्देश्य देखिन्छ । कुनै पनि वस्तु मूल्यवान छ भने समयानुसार त्यसको महत्व अवश्य हुन्छ । जुन वस्तु उपयोग गरिन्छ त्यही वस्तुको घृणा अ˚ नामेट बनाउने मानवीय प्रवृत्तिको आलोचना निबन्धकारले गरेका छन् । समाजका हरेक तप्काका व्यक्तिहरूलाई सचेत गराउनु र कार्यशैलीमा परिवर्तन गर्न लगाउनु निबन्धको उद्देश्य देखिन्छ ।

#### ग) भाषाशैली

भाषाशैली र वाक्य गठनका दृष्टिले निबन्ध सरल र बोधगम्य छ । शीर्षक, विषयवस्तु र उद्देश्यानुसार निबन्ध सबल भएको देखिन्छ । दृष्टिकोणलाई व्यक्त गर्न व्यङ्ग्य शैलीलाई अपनाइएको छ । शीर्षक प्रतीकात्मक रुपमा आएको छ । 'मूसा' अर्थात् तुच्छ विचार बोकेका समाजका हरेक तप्का अनि वर्गका मानिसहरूलाई नमस्कार गर्ने प्रवृत्तिले नै समाजमा उन्नति हुन नसकेको कुराहरूप्रति निबन्धकार यसरी व्यङ्ग्य गर्छन् – 'मुसाहरू एक ठाउामा मात्रै

छैनन् । कहाा छैनन् मुसाहरू । त्यसैले त मेरो देश मुसाहरूको देश भएको छ । त्यसैले त मेरो देश धुजा-धुजा भएको छ ।'[६४]

६४. पूर्ववत्, पृष्ठ ५३ ।

प्रथम पुरुष दृष्टिबिन्दु आगालिएको यस निबन्धमा तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक शब्दहरूका साथै विभिन्न उखान-टुक्काहरूको समुचित प्रयोग भएको देखिन्छ । आकारका दृष्टिले तीन पृष्ठ र छोटा-छोटा छवटा अनुच्छेदमा निबन्ध मुद्रित छ । निबन्ध सूक्ष्म भए तापनि विचार एवम् विषयवस्तुको राम्रोसाग संयोजन भएको पाइन्छ ।

### ५.४.४.१३ झिलिमिली झिलिमिली फुईखाजा

### क) विषयवस्तु

'पुच्छर नभएको हुनमान' (२०५९) हाास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा रहेको यो निबन्धले आकर्षक विचार एवम् वस्तु देखाएर धोका दिने मानवीय अभद्र अर्थात् खराब चालालाई आ̂नो विषयवस्तु बनाएको छ । राजनीति, इतिहास, समाज आदि विभिन्न क्षेत्रमा समय समयमा धोका दिने कार्य भईरहेको छ । हारजीतको लडाईमा जसले हारे पनि वा जिते पनि न जित्ने सुखी छ एवम् न त हार्ने नै सुखी छ यही कुराको यथार्थ चित्रण यहाा गरिएको छ ।

### ख) उद्देश्य

कुनै पनि व्यक्ति विपन्नबाट सम्पन्न हुन चाहन्छ । दास स्वामी बन्न चाहन्छन् तर स्वामी दास हुन चाहदैनन् । सबै आरोह नै रुचाउाछन् । एकको पतन अर्कोको उत्थान नियतिवश हुने गर्दछ भन्दै पछाडि परेकालाई अगाडि बढाऔं तर अगाडि बढेकालाई लगाम लगाएर आफ भनौ कि धोका दिएर पछाडी नखिचौा भन्ने सन्देश प्रवाह गर्नु नै निबन्धको उद्देश्य देखिन्छ । झिलिमिली तामझाम र रमझम देखाएर धोका दिने प्रवृत्तिले भोलि आउने विकाराल स्थिति र चिन्तालाई प्रकट गर्दै निबन्धकार लेख्छन्–'डर यसैमा छ– कतै हाम्री नेपाल आमालाई नै 'फुईखाजा ' बनाउने त हैनन्'[६५] केही गुनासाहरू व्यक्त गर्नु र केही आदर्शहरू रोप्नु एवम् समाजसुधारको सन्देश दिनु निबन्धको ध्येय देखिन्छ ।

## ग) भाषाशैली

समसामयिक विषयवस्तु अनुरुपको प्रतीकात्मक शीर्षक, उद्देश्य, भाव र सरल भाषाशैली रहेको यो निबन्ध प्रथम पुरुष दृष्टिबिन्दुमा रचना भएको छ । 'फुईखाजा' अर्थात्

---

६५. पूर्ववत्, पृष्ठ ५७ ।

लोप्पा खुवाउने (धोका दिने) प्रवृत्तिमाथि प्रहार गर्न यहाा व्यङग्य शैलीको प्रयोग भएको छ । समाज, इतिहास, प्रकृति, राजनीति आदि विभिन्न क्षेत्रबाट अनेक विम्ब र प्रतीकहरू लिइएका छन् । 'तुम शेर हो तो हम शवा शेर है' जस्ता हिन्दी उखान-टुक्काको प्रयोग गरिएको छ । चार पृष्ठ र आठ अनुच्छेदमा संरचित यो निबन्ध सूक्ष्म भएर पनि उत्कृष्ट छ ।

## ५.४.४.१४ साला लामखुट्टे Û

## क) विषयवस्तु

परजीवी अर्थात् अर्काको सहारामा बााच्नेले पनि अति गर्न थालेपछि निबन्धकारको आक्रोश नै यस निबन्धको विषय वस्तु हो । 'पुच्छर नभएका हनुमान' हाास्यव्यङ्ग्य निबन्धसङ्ग्रहको चौथो क्रममा रहेको यस निबन्धमा नेपाली जनताले विदेशीको हैकमवादी सोचले निम्त्याएका दुःख कष्ट भोग्नु परेको यथार्थ देखाउन खोजिएको छ ।

## ख) उद्देश्य

आ˜नो हठलाई परित्याग गरी नेपालीलाई शान्तिपूर्ण तरिकाले बााच्न देऊ भन्ने सन्देश प्रवाहको प्रयोजनार्थ निबन्ध रचना भएको देखिन्छ । हामी एक आपसमा मिलेर सचेत हुन सक्यौा भने कुनै पनि शक्तिले हाम्रासामु घाुडा टेक्न पुग्छ । एकता नै शक्ति हो भन्ने विचारको उद्घोष निबन्धको उद्देश्य बनेर आएको छ ।

## ग) भाषाशैली

सरल, सहज एवम् सम्प्रेष्य भाषा तथा व्यङ्ग्य शैलीमा रचना भएको यस निबन्धमा आक्रामक प्रस्तुति पाइन्छ । शीर्षक सङ्केतात्मक एवम् प्रतीकात्मक रहेको छ । भविष्य, विश्व, उच्च जस्ता तत्सम शब्दहरूको साथै देर, लभ, लेट, कच्छा जस्ता थुप्रै आगन्तुक शब्दको खानी नै रहेको छ निबन्धैभरी । मही माग्ने, भुर्की लगाउने, कुरा गर्नु देखाई भात खानु टेकाई, नरहेगी

बाास नबजेगी बाासुरी आदि नेपाली-हिन्दी उखानसागै उपमा गुत्थनु, शिखर चुम्नु आदि टुक्काको प्रयोग पनि भेटिन्छ । प्रथम पुरुष दृष्टिबिन्दु रहेको यस निबन्धमा साना-ठूला गरी सात अनुच्छेद र चार पृष्ठ रहेका छन् । लघु आकारको भए पनि विचार पक्ष यसको अव्वल रहेको छ ।

### ५.४.४.१५ आउनुहोस् हामी पनि धोती लगाऔा

#### क) विषयवस्तु

यो निबन्ध 'पुच्छर नभएका हनुमान' (२०५९) हाास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सङ्कलित छ । नियमकानुन, आचार विचार, सिद्धान्त र मूल्यमान्यताजस्ता महत्वपूर्ण कुराहरूलाई पन्छाएर अर्थात् पाखा लगाएर समाजमा कुरीति फैलाउने खराब मानसिकतालाई निबन्धले विषयवस्तुका रुपमा ग्रहण गरेको छ । खराब कुरालाई त्याग्नु त ठीकै हो तर असल कुरालाई नआगाल्ने प्रवृत्तिप्रति निबन्धकार आक्रोशसागै व्यङ्ग्य प्रहार गर्छन् । यो समसामयिक राजनैतिक विषयवस्तुलाई समेटेर लेखिएको एक राजनैतिक व्यङ्ग्यात्मक निबन्ध हो ।

#### ख) उद्देश्य

'नियमकानून , आचारविचार, सिद्धान्त र मूल्य मान्यताहरू सबैलाई धोती लगाइयो । भ्रष्टाचार न गर भन्ने नियम , अन्याय नगर भन्ने कानून , शोषण नगर भन्ने नैतिकता, सुमार्गमा हिाड भन्ने सिद्धान्त सबैलाई समान देख भन्ने संविधान धोती बने अरु के चाहियो ?'[६६] आदि विचारहरू व्यक्त गरिएको यस निबन्धको मूल उद्देश्य खराब प्रवृत्तिको त्याग र असल कुरालाई व्यवहारमा लागु गराउनु रहेको छ । नियमकानुनको पालना नगरी केही व्यक्तिहरूलाई त वर्तमानमा फाइदा होला तर त्यसले भविष्यमा गलत नतिजा आउाछ भन्ने कुराको उद्घोष यहाा गरिएको छ । 'आउनु होस् हामी पनि धोती लगाऔं' व्यङ्ग्यात्मक रुपमा प्रस्तुत गरिएको छ । यसको उद्देश्य हामी सबैले खराब आचरणको अनुपालना गरौा भन्ने नभई खराब कुरा त्यागौं र असल विचार व्यवहारमा लागु गरी देखाऔा भन्ने रहेको छ । मानवीय दुर्बलताको आलोचना गर्दै निःस्वार्थपूर्ण समाजको निर्माणको प्रयोजनार्थ निबन्धको रचना भएको देखिन्छ ।

#### ग) भाषाशैली

भाषाशैलीका दृष्टिले यो निबन्ध सरल, सुमधुर र सुबोध छ । निजात्मक अभिव्यक्ति

६६. पूर्ववत्, पृष्ठ २४ ।

तथा तार्किक एवम् व्यङ्ग्यात्मक शैली रहेको यस निबन्धमा असल सिद्धान्तप्रति निबन्धकारको पवित्र दृष्टिकोण पाइन्छ । चर्चित घट्नाहरूको प्रयोगले निबन्धमा जीवन्तता ल्याएको छ । मानवीय सत्आचरणको कमीकमजोरी पक्षको वर्णन भएकोले यो वर्णनात्मक निबन्ध हो । आकारका दृष्टिले तीन पृष्ठ र स–साना एघार वटा अनुच्छेदहरूमा रहेको यो लघु निबन्ध हो । निबन्धतत्वका दृष्टिले यो कमजोरी भए तापनि  विचार पक्ष प्रबल छ ।

### ५.४.४.१६ लोहनी लोहनीको मोहनी

#### क) विषयवस्तु

'पुच्छर नभएका हनुमान' (२०५९) हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सोह्रौं क्रममा रहेको यो अन्तिम निबन्ध हो । मूलतः यस निबन्धको विषयवस्तु राजनीति हो । राजनैतिक विकृति, नेतृत्वको कुसंस्कार, सत्तामोह, पीडाबोध आदि विभिन्न कुराहरूलाई निबन्धले उठाएको छ । 'सोर्स र फोर्सको यो जमाना नै हो । सोर्स र फोर्स नभएकाहरू यो दुनियाामा मरे हुन्छ ।'[६७] आदि कुराको उल्लेख गर्दै निबन्धकारले सोर्स लिने र दिनेहरूप्रति प्रहार गरेका छन् । मानवले गर्ने व्यवहारप्रति व्यङ्ग्य गर्दै राजनैतिक नेतृत्वमा सहभागी हुनेहरूलाई छेड हान्न पुगेको देखिन्छ । मानवीय विकृति, विसङ्गति आदि नराम्रा पक्षको यथार्थ प्रस्तुति यसमा पाइन्छ ।

#### ख) उद्देश्य

यो निबन्धको मूल उद्देश्य घुस लिने र घुस दिने प्रवृत्तिले गर्दा सक्षम व्यक्तिले भोग्नुपरेका निराशालाई व्यक्त गर्दै समाज सुधारको सन्देश प्रवाह गर्नु हो । सक्षम व्यक्तिले सोर्स-फोर्स आदिबिना नै अवसर पाउनुपर्छ । आफूले चुनावमा भोट हालेर जिताएको नेताले प्रजातन्त्रको नाममा अप्रजातान्त्रिक व्यवस्थाको शुरुवात गर्दा देश र जनताले भोग्नुपरेको राजनैतिक पीडा एवम् नेताहरूले उब्जाएको समस्याको समाधानको बाटो पहिल्याउनु निबन्धको प्रयोजन देखिन्छ । खराब संस्कारलाई राजनैतिक दलहरूले पृष्ठपोषक रुपमा नलिई त्यस्ता कार्यक्रमप्रति निरुत्साहित हुनुपर्छ भन्ने सन्देश यहाा व्यक्त गरिएको छ ।

६७. पूर्ववत्, पृष्ठ ६५ ।

### ग) भाषाशैली

भाषाशैलीका दृष्टिले यस निबन्धमा शुद्ध, सरल भाषा, स्पष्ट अभिव्यक्ति र व्यङ्ग्य शैली पाइन्छ । निजात्मक प्रस्तुति, तार्किक अभिव्यक्तिसागै वक्तव्यप्रधान कथनढााचा भएको यस निबन्धमा व्यङ्ग्यात्मक प्रस्तुति रहेको छ । वैयक्तिक जीवनका सूक्ष्म अनुभूति र विविध संस्मरण, सामाजिक , व्यवहारिक तथा राजनैतिक यथार्थको सन्दर्भ जोडेर निबन्धलाई सशक्त र सफल बनाइएको छ । निबन्धमा धरोधर्म, नरेशजस्ता तत्सम शब्दसागै सोर्सफोर्स, टेलिफोन, मिनेट आदि आगन्तुक शब्दको प्रयोग गरिएको छ, बाहुल्यता भने तद्भव शब्दहरूकै रहेको छ । जनजिब्रोमा पचिसकेका वाक्यांशहरूको प्रयोग गरी निबन्ध लेखिएकोले मिठास थपेको छ । आकार सानो भए पनि निबन्ध तत्वका दृष्टिले यो निबन्ध सफल र सशक्त छ । वार्तालापीय शैलीको समेत प्रयोग गरिएको छ । निबन्धमा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग छ । प्रस्तुत निबन्ध साना-ठूला गरी जम्मा बाह्र अनुच्छेद र तीन पृष्ठमा संरचित छ । निबन्धमा भाव र कल्पना पक्षभन्दा विचार पक्ष सुदृढ र सशक्त छ एवम् शीर्षक सङ्केतात्मक रहेको छ ।

### ५.४.५ निष्कर्ष

वि.सं. २०५९ सालमा 'पुच्छर नभएका हुनमान' निबन्धसङ्ग्रह प्रकाशनमा ल्याई साहित्यक क्षेत्रमा निरन्तर लागिपरेका साहित्यकार उदय जी.एम का निबन्धहरूको अध्ययन गरिसके पछि निष्कर्षमा उल्लेख गर्नुपर्दा विषयवस्तु बढी मात्रामा समसामयिक राजनीतिबाट लिइएको पाइन्छ । शीर्षक, उद्देश्य र भाषाका दृष्टिले उनका निबन्धहरू सबल छन् भने भाषाशैलीका दृष्टिले सरल, मिश्रित र सयुंक्त वाक्यगठन, दार्शनिक प्रस्तुति, घुमाउरो व्यङ्ग्य शैली जस्ता प्रवृत्ति पाइए तापनि समसामयिक समाजसापेक्ष र परिवेशअनुरुप उनका निबन्धहरू सबल र सक्षम भएकाले उदय जी.एम. एक कुशल निबन्धकार हुन भन्न सकिन्छ र उनको योगदानको कदर गर्न सकिन्छ ।

## ५.५. 'कालो टीका' उपन्यासको अध्ययन

अहिंसा, प्रकृतिप्रेम, राष्ट्रप्रेम, विसङ्गत जीवन, प्रेमप्रणय आदि विविध विषयवस्तुलाई अवलम्बन गरेर साहित्य सिर्जना गर्ने उदय जी.एम.ले वि.सं. २०५६ सालमा 'कालो टीका' उपन्यास प्रकाशनमा ल्याएको देखिन्छ । झण्डै ८० पृष्ठमा विस्तारित यो एक सामजिक उपन्यास हो । बहुविधा र क्षेत्रमा समान रुपमा स्थापित भएका जी.एम.को यस उपन्यासमा

चिन्तन र तर्कहरूको मार्मिक रुप प्रकट भएको छ । उदय जी.एम.मा दर्शन छ, भावना छ र स्पष्ट भाषा एवम् जीवनको बोध छ । उनको व्यक्तित्व नै मर्म र विचारको सङ्गम भएकाले धेरै रुप र रङ्गलाई नियालेको पाइन्छ । उनले जीवनका धेरै कोण, प्रतिकोणलाई नियालेपछि उपन्यासमा कलम चलाएको भेटिन्छ । 'कालो टीका' उपन्यासको अध्ययन गरेपछि के प्रष्ट हुन्छ भने उनले यस उपन्यासमा मनोविज्ञान, मानवतावाद, मिथकीय प्रयोग, अस्तित्वाद, विसङ्गतिवाद, दार्शनिक चिन्तन आदि पक्षको समावेश गरेका छन् । यसैअनुसार उनलाई मनोवैज्ञानिक, अस्तित्ववादी उपन्यासकार भन्न सकिन्छ । 'कालो टीका' उपन्यासको विस्तृत विश्लेषणपूर्व उपन्यास विधाको सामान्य चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

### ५.५.१ उपन्यास : विधागत चिनारी

जीवनको सम्पूर्णतालाई आत्मसात् गर्दै सकेसम्म सुन्दर भाषाशैलीका साथ आख्यानात्मक रुपमा व्यक्त गरिएको साहित्य विशेषलाई आजको विश्व साहित्यले उपन्यासका रुपमा अध्ययन गरेको पाइन्छ । 'उपन्यास' शब्द संस्कृत भाषाबाट नेपाली भाषामा आएको पाइन्छ । 'उपन्यास' शब्द 'उप' र 'न्यास' पदहरूको योगबाट बनेको देखिन्छ । संस्कृतको 'अस्' धातुबाट 'उप' र 'नि' उपसर्ग तथा 'घञ' प्रत्यय लागेर 'उपन्यास' सिङ्गो शब्दको संरचना तयार हुन्छ । जसलाई पाश्चात्य साहित्यमा ल्यखभ्ा भनिन्छ ।

समाजका विविधखाले उल्झनहरू र व्यक्तिमनमा अन्तर्द्वन्द्व र कुण्ठाहरूको बीचमा अनेकौा आरोह र अवरोहहरूलाई छिचोलेर अगाडि बढेको पात्रको आˆनै सशक्तता तथा अशक्तताको घारीभित्र उपन्यासको काल्पनिक वा पृष्ठभूमि निर्माण हुन्छ । मानवजीवनको आद्योपान्त परिदृश्यलाई सामाजिक तथा युगीन संस्कृतिको आलोकमा यथार्थताको पहिचान गर्न सकिन्छ ।

उपन्यासले ग्रहण गर्ने कथात्मकले मोहकता, विस्तृतिले व्यापकता, मुक्त स्वाभावले गतिशीलता, युग र जीवनको अङ्कनले यथार्थता र प्रयोगधर्मी स्वाभावले नवीनताजस्ता अनेकन क्षेत्रलाई आफूभित्र समाहित गरेको हुन्छ । आफैमा अर्थपूर्ण तर छुट्टाछुट्टै अस्तित्व बोकेको संरचक अवयव हरूको परिपुर्णतामा एउटा निश्चित आकृतिका साथ उपन्यास सिर्जना भएको पाइन्छ । असल गुणहरूले युक्त व्यक्ति र समाजको अन्तर्बाह्य परिपूर्णताका साथ भावकहरूका माझमा मौलाएको एक वृहत् विधा उपन्यास हो । उपन्यासजस्तो विस्तृत, व्यापक र गतिशील विधाको प्रकृति र स्वभावलाई पूर्ण रुपमा निरुपण गरी परिभाषा दिन जटिल मात्र नभएर

असम्भवप्रायः नै हुन्छ  तापनि अध्येता तथा वरिष्ठ समालोचकहरूका विचार तथा वर्णनहरूबाट केही प्रमुख परिभाषाहरू समावेश गर्नु उपयुक्त हुने हुनाले सोहीअनुसार गरिएको छ ।

- "युक्तिपूर्ण  ढङ्गले अभिप्राय प्रस्तुत गर्नु उपन्यास हो ।" –भरतमुनि
- "धेरै अध्याय वा खण्डमा लेखिने लामो साहित्य कथा उपन्यास हो ।" -नेपाली वृहत् शब्दकोश
- "उपन्यास गद्यमा रचिएको दीर्घ कलेवर भएको कथात्मक साहित्यक रुप हो ।" – नेपाली साहित्यकोश
- "कुनै शाश्वत् मानवीय मर्मको अविस्मरणीय कलात्मक नै उपन्यास हो ।" –बासुदेव त्रिपाठी
- "पूर्वापर तारतम्यमा सुसम्बन्ध गरेर लेखिएको अख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।'' –राजेन्द्र सुवेदी ।"

माथिका सबै परिभाषालाई केलाउादा उपन्यासलाई निम्नानुसार पहिचान गर्न सकिन्छ - 'जीवन र जगत्मा शाश्वत् मूल्यहरूलाई रागात्मक अनुभूतिले सजाएर सिर्जना गरिएको र दीर्घ आख्यानात्मक संरचना भएको गद्यात्मक कृति नै उपन्यास हो ।'

### ५.५.३ उपन्यासका तत्वहरू

उपन्यास आफैमा पृथक् अस्तित्व राख्ने तर आफू एक्लैमा अपूर्ण रहने विभिन्न प्रकारका संरचक अवयवहरूको जम्माजम्मीमा निर्माण हुन्छ । उपन्यासका संरचक अवयवहरूलाई यसरी नै प्रयोग गर्नुपर्छ भन्ने बाध्यकारी विधान त छैन तर तिनीहरूको प्रयोगमा कार्यहरूको आधार र सत्यापनको अपेक्षा भने निसन्देह राखिन्छ । उपन्यासका तत्वहरूका सम्बन्धमा विचारकहरूमा यथेष्ठ मतभेद भएका कारण भरसक सबैलाई समेट्ने र अनिवार्यतालाई समेत मनन गर्ने प्रयत्न गर्दा निम्न तत्वहरू आजका उपन्यासका संरचक अवयवहरू हुन् :-

कथानक, पात्र, परिवेश, भाषा, शैली, उद्देश्य, र दृष्टिबिन्दु ।

### ५.५.२.१ कथानक

कथानक उपन्यासको सबैभन्दा महत्वपूर्ण तत्व हो । यसकै केन्द्रीयतामा अन्य तत्वहरू यात्रारत रहन्छन् । उपन्यास आख्यानसाहित्य भएकाले यो कथाकै टेको समाएर उभिन्छ । कुनै पनि उपन्यासको कथानक निर्माण गर्ने कार्यमा इतिहास, यथार्थ, रागभाग र स्वैरकल्पना चारवटा स्रोतहरू हुन सक्छन् । यीमध्ये दुई वा सोभन्दा बढी श्रोतहरूको मिश्रणबाट मिश्रित कथानकको पनि निर्माण हुनसक्छ । विगतमा घटेका घटनाहरुलाई आधार बनाएर कथानकको निर्माण गर्नु ऐतिहासिक  श्रोतमा आधारित हुनु हो भने समाजमा देखेका, सुनेका, भोगेका र घटेका वा घट्नसक्ने दैनिक जीवनवृतमा आधारित कथानक यथार्थ स्रोतमा उभिएको हुन्छ । यस्तै घटनाहरुमध्ये पनि स्थूल घटनाहरुबाट प्राय : सामाजिक यथार्थवादी र समाजवादी उपन्यासको कथानक निर्माण हुन्छ भने विभिन्न घट्नाहरूबाट मनोवैज्ञानिक उपन्यासको कथानक तयार हुन्छ ।

### ५.५.२.२ पात्र वा चरित्र

निश्चित अवस्थामा शून्य प्रायः स्थितिमा रहेका विविध विषयहरूलाई गति प्रदान गर्दै अनुकूल र प्रतिकूल अवस्थाहरूबाट द्वन्द्व सिर्जना गरी निश्चित अवस्थासम्म पाठकलाई समेत डोऱ्याउने अग्र पङ्क्तिका रुपमा उपन्यासमा पात्रको अनिवार्यता रहन्छ । विषयवस्तुले गति प्राप्त नगरुन्जेल द्वन्द्वको सृजना सम्भव छैन र पात्रको विकल्प खोज्न सकिन्न । पात्र वा चरित्र भन्नाले त्यो मानव वा मानवेत्तर संवाहक शक्तिलाई बुझाउाछ, जसले कथावस्तुका सम्पूर्ण सन्दर्भ र अवस्थाहरूलाई बोकेर आद्योपान्तको यात्रा गर्छ र सो यात्राको समष्टिबाट उपन्यासको निर्माण हुन्छ ।

### ५.५.२.३ परिवेश

उपन्यास शून्यमा सिर्जना हुन सक्दैन । उपन्यासमा प्रयुक्त हुने स्थान, समय र पात्रको सामजिक र मानसिक अवस्था आदिको संयोजनलाई नै देश, काल, वातावरण र परिवेश वा कार्यपीठिका भनी नामाकरण गरिएको पाइन्छ । परिवेशअन्तर्गत समेटिन आउने स्थान, समय, रीतिरिवाज, रहनसहन, भेषभुषा, विचार, चिन्तन तथा प्राकृतिक पृष्ठभूमि सबैलाई दृश्यात्मकताका आधारमा आन्तरिक र बाहृय गरी दुई भागमा विभाजन गर्न सकिन्छ । आन्तरिक परिवेशअन्तर्गत पात्रका मनोलोकमा देखिन आउने डर, त्रास, पीडा, क्रोध, रिस, हाासो, उत्तेजना, निराशा, चिन्ताजस्ता कुराहरू पर्दछन् । बाहृय परिवेशलाई प्राकृतिक वा

धरातलीय, सामजिक, सांस्कृतिक आदि भागमा उपविभाजन गर्न सकिन्छ । हिमाल, तराई, गरिबी, समानता, वर्गीय विभाजन, द्वन्द्व आदि सामाजिक परिवेश हुन् । त्यसैगरी उपन्यासले वहन गरेको सम्पूर्ण समय र त्यसभित्रको योगलाई कालिक र भावजगत्का सम्पूर्ण परिवेश समय र त्यसभित्रको योगलाई कालिक परिवेश मान्न सकिन्छ । परिवेश आफैमा एक स्वतन्त्र तत्व नभए पनि उपन्यासको कथाधारलाई यथार्थ, वास्तविक वा विश्वसनीय तुल्याउने एक अपरिहार्य तत्व भने पक्कै हो ।

### ५.५.२.४. भाषा

उपन्यास एक भाषिक कला भएकोले भाषाका माध्यमबाट जीवनजगत्लाई बुझ्न र बुझाउनु उपन्यासकार र उपन्यासको आफ्नै धर्म हो । उपन्यासकारले आफ्नो उद्देश्य स्वतन्त्र भएर भाषाको प्रयोग गर्ने हुनाले सामान्य जनजीवनबाटै त्यस्ता भाषिक स्वरुपको उपयोग गर्नसक्छ, जसले बाह्य रुपमा सामान्य भएर पनि सूक्ष्म रुपमा विशिष्ट स्वरुप ग्रहण गर्न पुग्छ । भाषिक संरचनामा विद्यमान ध्वनि, शब्द, पदावली, वाक्यांश आदिको एक वा अनेक पटक आवृतिद्वारा समानन्तरताका माध्यमबाट छुट्टै भाषिक सामर्थ्यको प्रदर्शन समग्र रुपमा गर्न सकिन्छ ।

### ५.५.२.५ शैली

भाषिक कलाको अभिव्यक्त गर्ने सन्दर्भमा सर्जकको कथनढाँचा वा ढङ्गलाई शैली भनिन्छ । उपन्यासको एउटा तत्वका रुपमा शैलीको चर्चा गर्दा सर्जकको यस्तो विशिष्ट रचनाकला वा प्रस्तुतिलाई शैली भनिन्छ, जसको सम्पूर्ण सौन्दर्यबोध पूर्ण रुपमा झल्किन्छ । शैली उपन्यासको त्यो गहना हो, जसले निर्धारित लक्ष्य प्राप्तिसम्मको यात्रामा सौन्दर्यको अभिवृद्धि गर्दछ । निश्चित मूल्यहरूका आधारमा कुनै पनि सर्जकको शैलीलाई नियन्त्रण गर्न नसकिने हुनाले हरेक स्रष्टाको आफ्नै शैलीगत विशिष्टता रहन्छ । कुनै पनि उपन्यासको शैलीलाई विश्लेषण गर्नका लागि उपन्यासमा प्रयुक्त भाषाको प्रयोगत ढाँचा र संरचक अवयवहरूको संयोजनगत ढाँचालाई हेर्नु जरुरी हुन्छ ।

### ५.५.२.६ उद्देश्य

उपन्यासका माध्यमबाट लेखकले जीवन र जगत्सम्बन्धी दिन खोजेको अभिव्यक्ति नै उपन्यासको उद्देश्य हो । त्यसकारण उद्देश्यका अभावमा हुरीको पतिङ्गरजस्तो भएर उपन्यासको

सिर्जना सम्भव छैन । धर्म, अर्थ, काम, मोक्ष, आनन्दानुभूति, शिक्षा जस्ता कुरालाई पूर्व र पश्चिम दुबैतिरका विचारकहरूले साहित्यको प्रयोजनका रुपमा स्वीकार्दै आएका छन् । उपन्यासकारले जीवन र जगत् सम्बन्धी धारणालाई आ̮नो कृतिमा समाहित गरेर विचार वाक्यका रुपमा उद्देश्यलाई प्रत्यक्ष रुपमा देखाउन पनि सक्छ र कथानक, परिवेश, चरित्रचित्रण, भाषा आदि तत्वको संयोजनबाट अघोषित रुपमा अन्तरतहबाट घोषित गर्न पनि सक्छ । त्यसैगरी सर्जकले एकभन्दा बढी विचार दिनका लागि मुख्य उद्देश्यका आलावा गर्भित उद्देश्यलाई पनि प्रकाशन गर्न सक्छ ।

### ५.५.२.७ दृष्टिबिन्दु

सर्जकले कथानक, पात्र, परिवेश आदिको वर्णन गर्नका लागि रचेको कथनभूमि वा स्थान नै दृष्टिबिन्दु हो अथवा उपन्यासका सम्पूर्ण घटनाक्रमलाई देखाउने विन्दुका रुपमा कसले, कहाा बसेर भनिरहेको छ भन्ने कुराको पहिचान नै दृष्टिबिन्दु हो । उपन्यासमा प्रयुक्त कथायिताले कतै 'म' वा 'हामी' बनेर 'म' वा 'हामी' कै कथा भनिरहेको हुन्छ भने कतै 'ऊ', 'उनी' , 'राम', 'श्याम' आदिको कथा भनिरहेको हुन्छ । यस आधारमा वा वक्ता (वाचक) का आधारमा दृष्टिबिन्दु प्रथम पुरुष वा आन्तरिक अनि तृतीय पुरुष वा वाह्य गरी दुई प्रकारका हुन्छन् ।

प्रथम पुरुष दृष्टिबिन्दु भएको उपन्यासको कथावाचका रुपमा 'म' वा 'हामी' पात्र आएको हुन्छ । यस्तो पात्र उपन्यासको प्रमुख, सहायक वा गौण जे भए पनि उसले आफू लगायत अरुको पनि कथा भन्न सक्दछ । यसमा पनि 'म' वा 'हामी' पात्र यदि उपन्यासको प्रमुख पात्र छ र उसले आ̮नै कथा सबैभन्दा धेरै भनिरहेको छ । भने त्यो प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दु हुन्छ र 'म' वा 'हामी' पात्र उपन्यासको प्रमुख पात्र होइन उसले केवल प्रत्यक्ष प्रसारणको रुपमा आएको थोरै र अरुकै कथा धेरै भनिरहेको छ भने त्यो प्रथमपुरुष परिधीय दृष्टिकोण हुन्छ । उपन्यासको कथालाई उपन्यासभन्दा अलग्गै बाहिरपट्टि बसेर कुनै वाचकले 'ऊ', 'उनीहरू', 'सीता', 'विमला' आदिसाग जोडेर प्रत्यक्षदर्शीकै रुपमा भनिरहेको छ भने त्यो तृतीय पुरुष दृष्टिबिन्दु हुन्छ ।

### ५.५.३ उपन्यास वर्गीकरण

विषयवस्तु, औपन्यासिक तत्व, शैली, विचार वा प्रवृत्ति एवम् आयामका आधारमा उपन्यासको वर्गीकरण गर्न सकिन्छ । विषयवस्तुका आधारमा उपन्यासलाई सामजिक, ऐतिहासिक, राजनीतिक, मनोवैज्ञानिक, दार्शनिक, जासूसी, आञ्चलिक र पौराणिक गरी आठ भागमा विभाजन गर्न सकिन्छ भने औपन्यासिक तत्वका आधारमा घट्नाप्रधान, चरित्रप्रधान,

नाटकीय र मिश्रित गरी चार प्रकारका उपन्यास हुने गर्दछन् । शैलीका आधारमा वर्णनात्मक, आत्मकथात्मक, पत्रात्मक, दैन्दिनी (डायरी) चित्रात्मक र चेतनप्रवाहात्मक गरी छ प्रकारका उपन्यासहरू रहेका छन् । विचार वा प्रवृत्तिका आधारमा उपन्यासलाई तेह्र प्रकारमा विभाजन गरेर अध्ययन गरिएको पाइएको छ, ती हुन – आदर्शवादी, आदर्शोन्मुख-यथार्थवादी, सामजिक-यथार्थवादी, आलोचनात्मक-यथार्थवादी, सामाजिक-यथार्थवादी-प्रगतिवादी, स्वछन्दतावादी, अस्तित्ववादी, मनोविश्लेषणात्मक, विसङ्गतिवादी, अतियथार्थवादी, प्रकृतवादी, प्रयोगवादी र मिथकीय । आयामका आधारमा उपन्यासलाई लघु र वृहद् गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

### ५.५.४. 'कालो टीका'

प्राथमिक र माध्यमिककालीन अतिरञ्जित लेखनप्रणालीका विपरीत नेपाली समाजकै यथार्थ वातावरण र पात्रहरूका साथमा वि.सं.१९९१ मा सरदार रुदराज पाण्डे 'रुपमती' उपन्यास प्रकाशित भएपछि उपन्यास विधाले आधुनिकता प्राप्त गर्दछ र विश्वसाहित्यमा देखिएका जीवन र जगत् सम्बन्धी विभिन्न प्रकारका दर्शनहरू क्रमशः एक पछि अर्को गर्दै भित्रिन आउछन् । यसरी आएका सैद्धान्तिक अवधारणालाई धारागत प्रवृत्तिका आधारमा वि.सं. १९९१ देखि वि.सं. २०२० सम्म प्रथम चरण एवम् २०२१ देखि हालसम्म दोश्रो चरणमा बाँडिएको पाइन्छ । यसै दोश्रो चरणमा विसङ्गतिवादी, आस्तित्ववादी र समाजिक-यथार्थवादी धारालाई अगाालेर उदय जी.एम.ले वि.सं. २०५६ सालमा 'कालो टीका' उपन्यास प्रकाशन गराएकाछन् । उनी मूलतः सामाजिक-यथार्थवादी र अस्तित्ववादी उपन्यासकारका रुपमा परिचित छन् । भविष्यप्रति आशा जाहेर गर्दै समाजका विकृति, विसङ्गति, रुढि, अन्धविश्वास, वर्गीय र जातीय उचनीचको भावनाजस्ता कुराहरूको विरोध गर्नुका साथै सामन्तवादी र प्रतिक्रियावादी शासनसत्ताका विरुद्धमा चेतना जगाई आमूल परिवर्तनका निम्ति उनले उद्घोष गरेका छन् । उनले यस उपन्यासमा अभाव, पीडा, भोक, रोग, कुण्ठा, अतृप्ति, सन्त्रास, घृणा, निरर्थकता, क्रुरताजस्ता जटिलताहरूका बीचमा पनि मान्छेले आफ्नो अस्तित्व रक्षाको लागि सङ्घर्ष गर्दै बाँच्ने पर्ने यथार्थलाई चित्रण गरेका छन् । उनकाअनुसार अस्तित्व रक्षाका लागि मान्छे सधैंभरी आफ्नो अस्मितालाई प्रमाणित गर्न लडिरहन्छ र त्यस क्षणमा उसले लिएका सम्पूर्ण निर्णयहरू उसका सुख वा दुःखका कारक हुन्छन् जसको जिम्मेवारी व्यक्ति स्वयम्ले लिनुपर्छ भन्ने रहेको छ । नारी र निम्नवर्गीय, जनताहरूलाई शोषणबाट मुक्त गर्न मार्क्सवादी दृष्टिकोणलाई समेत यहाँ विभिन्न पात्र र घट्नाहरूका माध्यमद्वारा व्यक्त गरिएको छ । मूलतः

परम्परागत संरचनामा आबद्ध यो उपन्यास १७ परिच्छेद र ६८ पृष्ठमा संरचित छ । औपन्यासिक तत्वका आधारमा यस उपन्यासलाई निम्न बमोजिम चर्चा गरिएको छ ।

## क) कथानक (कथावस्तु)

'कालो टीका' जटिल कथावस्तु भएको घटनाप्रधान उपन्यास हो । जुन उपन्यासमा प्रासङ्गिक घटनाका साथै समानान्तर रुपमा गइरहेको उपकथा पनि छ  जसले आधिकारिक कथावस्तुलाई सहयोग पुऱ्याउनुका साथै आ˜नो छुट्टै उद्देश्य पनि छ भने त्यस्तो कथावस्तुलाई जटिल भनिन्छ । यस 'कालो टीका' मा खलवीर र लछिमासाग सम्बन्धित कथा आधिकारिक कथावस्तु हो भने यसकै समानान्तरमा हरिशंकर र सीमाको उपकथा पनि छ । हरिशंकर र सीमाको कथाले मूल कथालाई अघि बढाएको छ वा बढाउन सहयोग गरेको छ, साथै आ˜नो पनि एउटा छुट्टै उद्देश्य बोकेको छ ।

कुनै पनि आख्यानात्मक रचनामा पूर्णताको अपेक्षा गरिएको हुन्छ । पाठकको जिज्ञासा तृप्त गर्नका लागि उक्त कथावस्तु आदि मध्य र अन्त्यको श्रृIला मिलेको हुनुपर्छ । 'कालो टीका' पनि आख्यानात्मक रचना भएकोले यसको कथावस्तुमा पनि आदि मध्य र अन्त्यको क्रमिक विकास भएको छ साथै कथानक पूर्णतया टुङ्गिएको छ । यसको परिच्छेद ४ सम्मको कथावस्तु आदिअन्तर्गत पर्दछ । यस भागमा प्रमुख पात्र खलवरि ,जिम्माल, महेश, जगत, लछिमा आदिको चिनारी र प्रमुख समस्याको परिचय छ ।

परिच्छेद ५ देखि परिच्छेद १३ सम्म यस उपन्यासको मध्य भाग हो । परिच्छेद १ देखि ४ सम्म ललितको गरिबीवस्था, जिम्माल कान्छाको सामन्ती प्रवृत्ति, हरिशंकरको छलियपान, भारतमा नेपालीहरू जानुपर्ने बाध्यता र त्यहाा महेश एवम् जगतजस्ता युवाहरूले खराब प्रवृत्तिका विरुद्ध देखएको जागरुकता तथा सचेतनाका विभिन्न कार्यक्रमहरूले उपन्यासमा कथावस्तुको सूत्रपात गरेका छन् भने ५ परिच्छेद देखि १३ परिच्छेदसम्म आएका लंगुरधारी पण्डित जिम्माल कान्छा, सीमाजस्ता पात्रहरूले हाम्रो समाजमा बााचेका त्यस्ता द्रव्यपिशाचहरूको प्रतिनिधित्व गर्दछन्, जसले पैसाका खातिर वर्षौंदेखि आ˜नो चेलीहरूलाई वेश्याकोठीहरूमा बेच्ने काम गर्दैआएका छन् ।

यसै मध्य भागमा लछिमा, काली र दुर्मतीहरूको बेश्यालयहरूमा भएको दुरावस्थालाई चित्रण गरिएको छ । भारतमा कार्यरत नेपालीहरूको संस्था नेपाली एकता समाजका कार्यकर्ताहरूले बेश्याकोठीहरूमा छापा मारेर लछिमा, काली र दुर्मतीलाई मुक्त गर्दछन् एकता

समाज को महेश र एकता समाज साग भर्खर भर्खर संबद्ध हुन पुगेका खलवीर ती युवतीहरूलाई आ^नो गाउा हुइदुङ लिएर जान्छन् । लछिमाको दाजु समेत रहेको खलवीर र महेशहरुको लंगुरधारी पण्डित, जिम्माल र सीमाजस्ता समाजका कलङ्कहरूसाग बदला लिएर बेचिएका चेलीहरूलाई सामाजिक न्याय र सम्मान प्रदान गर्ने कार्यक्रम हुनु तर यसमा उनीहरूलाई सफलता प्राप्त नहुनु, पञ्चायतको बफादार चाकर प्रधानपञ्च लंगुरधारी पण्डितले पुलिस प्रशासनको सहायता लिएर महेश र खलवीरको चाहना पूरा हुन नदिनु आदि यस उपन्यासका विभिन्न सङ्कटावस्थाहरू हुन् । यस भागमा कथानकमा व्यतिक्रम छ । महेश र खलवीरमाथि कम्युनिष्टको आरोप लगाइनु, प्रहरीहरूबाट बच्नु, लछिमा, काली र दुर्मती पुनः बेश्यालयमा फर्किनु, जनतालाई खलवीरले आ^नै ठाउामा बसेर सचेत र सङ्गठित गर्नु, पञ्चायत विरुद्ध ठूलै आन्दोलन हुनु र पञ्चायत ढल्नु नै यस उपन्यासको चरम भाग हो । लंगरधारी पण्डित लगायत चेली बेच्ने दुष्टहरूलाई कालो मोसो दलेर सजाय दिइनुले यस्तो भान गराउाछ कि उपन्यासले अब विश्राम लियो तर त्यस्तो हुन्न । १४ परिच्छेददेखि १७ सम्म यस उपन्यासको अन्त्य भाग हो । खराब चरित्र अंगालेकाहरूलाई सजाय दिलाइसकेपछि महेश र खलवीर पुनः हराएका चेलीहरूको खोजीमा जानु, एकता समाजको सहयोगले हराएका चेलीहरूलाई बेश्यालयबाट पुनः मुक्त गरिनु, हरिशंकरलाई आ^नो कार्यप्रति पश्चाताप हुनु, बदलाको भावनाले ग्रसित मिस लब्ली बनेकी लछिमालाई बदला लिन थाल्ने हो भने एक दिन सिङ्गो नेपाल नै बर्वाद हुने कुरा सम्भाइनु एवम् खलवीर चेलीहरूलाई लिएर आ^नो ठाउातिर उत्पीडनका विरुद्ध सङ्घर्ष गर्ने अदम्य साहस बोकेर उकालो लागेपछि उपन्यास समाप्त हुन्छ अर्थात् संयोगात्मक अवस्थामा यो टुङ्गिन्छ । यसरी 'कालो टीका' उपन्यासको कथावस्तुले पूर्णताः प्राप्त गरेको छ र कथानकको सहज विकास भएको छ ।

यसैगरी 'कालो टीका' उपन्यासको कथानकमा आङ्गिक एकता पाइन्छ । उपन्यासको समय घटना मुख्य कथावस्तुसाग अन्वित भएका छन् । कुनै पनि घट्नाबीचबाट निकालिएमा उपन्यास अपूर्ण र अपाङ्ग बन्दछ ।

'कालो टीका ' को कथावस्तुले पाठकलाई प्रशक्त कुतुहलता जगाएको छ । विदेशको वेश्यालयबाट फिर्ता ल्याइएका लछिमा, दुर्मती र काली गाउाबाट पुनः हराउादा पाठकको मनमा तिनीहरू कहाा गए होलान् भनी जान्ने इच्छा हुन्छ । हरिशंकर र नर्मदाको प्रसङ्ग पनि कम मनोरञ्जनकारी र रोचकतापूर्ण छैन ।

कथानकको केन्द्र लछिमा हो र सबै घट्नाहरू लछिमाको औचित्य र अनैचित्यमा केन्द्रित छन् । उपन्यासका सबै घटनाहरू स्वभाविक र घट्नसक्ने खालका छन् । यसबाहेक कथावस्तुमा पर्याप्त रोचकता र मौलिकता छ । त्यसैगरी यस उपन्यासमा द्वन्द्व पनि महत्वपूर्ण छ । लाले र बाटुलीको मनमा धनी र गरिबको द्वन्द्व छ । लगुंरधारी पण्डित र जिम्मालको मानसपटलमा खराब मानसिकताको द्वन्द्व छ भने लछिमा बद्लाको भावले वर्षौंदेखि अनेक विचारको द्वन्द्वमा रुमलिएकी छ ।

यसरी कथानकका मूलभूत गुणहरू– एकान्विति पूर्णता, सम्भाव्यता, सहज आङ्गिक विकास, कुतूहलता, रोचकता र द्वन्द्व यस उपन्यासमा पाइने हुनाले यो कथानकप्रधान उपन्यास हो ।

## ख) पात्र

कुनै पनि आख्यानात्मक कृतिमा घट्ने घटनाहरू पात्र (चरित्र) सित सम्बन्धित हुन्छन् । 'कालो टीका' यद्यपि घट्नाप्रधान उपन्यास हो तापनि पात्रहरूको समेत महत्वपूर्ण भूमिका छ । यसमा साना ठूला गरी जम्मा २८ भन्दा बढी पात्रहरू छन् तापनि प्रमुख भूमिका खलवीर, महेश, लछिमा लंगुरधारी पण्डित, जिम्माल कान्छा, हरिशंकर , सीमा , जगत आदि पात्रहरूको रहेको छ । यी पात्रहरूलाई शैली वैज्ञानिक दृष्टिले क्रमशः लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गरेर यसरी हेर्न सकिन्छ :

### 'कालो टीका' उपन्यासको पात्रविधान तालिका

| क्र.सं. | पात्र | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | खलवीर | पुरुष | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २ | लछिमा | स्त्री | प्रमुख | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ३ | लंगुरधारी पण्डित | पुरुष | सहायक | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ४ | जिम्माल कान्छा | पुरुष | सहायक | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ५ | जगत | पुरुष | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ६ | महेश | पुरुष | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ७ | हरिशंकर | पुरुष | सहायक | प्रतिकूल, | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अनुकूल | | | | |
| ८ | सीमा | स्त्री | सहायक | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ९ | नर्मदा | स्त्री | गौण | अनुकूल | गतिहीन | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १० | ललित | पुरुष | गौण | अनुकूल | गतिहीन | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ११ | लाले | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत | मञ्चीय | बद्ध |
| १२ | बाटुली | | गौण | अनुकूल | गतिहीन | वर्गगत | मञ्चीय | बद्ध |
| १३ | काली | स्त्री | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १४ | दुर्मती | स्त्री | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १५ | लाहुरे थापा | पुरुष | गौण | अनुकूल | गतिहीन | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १६ | जमुना | स्त्री | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १७ | सिर्जना | स्त्री | गौण | अनुकूल | गतिहीन | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १८ | बाबुलाल | पुरुष | गौण | अनुकूल | गतिहीन | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १९ | रामे | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत | नेपथ्य | मुक्त |
| २० | सौमाली | स्त्री | गौण | अनुकूल | गतिहीन | वर्गगत | नेपथ्य | मुक्त |
| २१ | पुन्टी | स्त्री | गौण | अनुकूल | गतिहीन | वर्गगत | नेपथ्य | मुक्त |
| २२ | कैली | स्त्री | गौण | अनुकूल | गतिहीन | वर्गगत | नेपथ्य | मुक्त |
| २३ | काले | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत | नेपथ्य | मुक्त |
| २४ | स्युजे | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत | नेपथ्य | मुक्त |
| २५ | घ्वापे | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत | नेपथ्य | मुक्त |
| २६ | लुरे | पुरुष | गौण | अनुकूल | गतिहीन | वर्गगत | नेपथ्य | मुक्त |
| २७ | धनबीरे | पुरुष | गौण | अनुकूल | गतिहीन | व्यक्तिगत | मञ्चीय | मुक्त |

यसप्रकार पात्रविधानका दृष्टिले 'कालो टीका' उपन्यास सशक्त छ । जीविकोपार्जन निम्ति कडा परिश्रम गर्ने, लगनशील र मिलनसार पात्रका रुपमा आएका छन् लाले, बाटुली र यी दुईका आठ जना सन्तानहरू लंगुरधारी पण्डित, जिम्माल कान्छा, हरिशंकर र सीमा जस्ता पात्रहरूले हाम्रो समाजमा बाँचेका त्यस्ता द्रव्यपिशाचहरूको प्रतिनिधित्व गर्दछन् जसले पैसाका खातिर वर्षौंदेखि आ˜ना चेलीहरूलाई वेश्यालयहरूमा बेच्ने काम गर्दै आएका छन् । लछिमा, काली र दुर्मतीहरूलाई यिनैले लगेर बेच्दछन् । महेश, खलवीर र जगत् जस्ता पात्रहरू अन्याय, अत्याचार, असमानता आदि विसङ्गतिको पक्षमा जोडतोडका साथ उभिएका छन् । उपन्यासमा अन्य त्यस्ता सहायक र गौण पात्रहरू रहेका छन् जसको अभावमा उपन्यास अपूरो र अपाङ्ग हुन पुग्दछ । समग्र उपन्यासमा यस प्रकारका बेजोड पात्रको चयन र निर्माणले 'कालो टीका' उपन्यास सबल रहेको छ ।

ग) परिवेश / देश, काल र वातावरण

'कालो टीका' उपन्यासले रोल्पा जिल्ला हुङदुङ गा.वि.स.देखि लिएर प्रवासी नेपाली समाज एवम् त्यस समाजका नेपाली जनजीवनको राम्रो चित्र उपस्थापित गरेको छ । पञ्चायत कालमा समाजका ठूलाबडा भनाउादा पञ्चहरूले सर्वसाधारण जनतामाथि गरेको अति र त्यसका विरुद्धमा जनतामा आएको चेतना एवम् विभिन्न लोभलालचमा फसाएर विदेश लगेर चेलीबेटी बेचविखन गर्ने प्रवृत्तिको जिउादो जाग्दो चित्र नै 'कालो टीका' को देश, काल र वातावरण हो ।

नयाा पुस्ता र पुराना पुस्ता अफ भनौा खराब र असल प्रवृत्तिका बीच चलेको द्वन्द्व 'कालो टीका' ले उठाएको समाजमा पाइन्छ । पुराना पुस्ताका लंगुरधारी पण्डित र जिम्मालजस्ता पात्रले निर्माण गरेको समस्या र तिनका विद्रोहमा उत्रिएका खलवीर, लछिमा, महेश र जगत्ले गरेका सङ्घर्ष पछिको सफलता हासिल गरेर नौलो समाज विकासको अवस्थालाई टेकेका छन् । जुन समाज चेतनशील भई जाग्रित हुन्छ त्यही समाज विकासतिर अग्रसर हुन्छ । चेतनशील समाज बनाउन आाटेको यथार्थ दिग्दर्शन खलवीर, जगत, महेश र जमुनाहरूले बेचिएका लछिमा,काली र दुर्मतीलाई गरेको उद्धारका प्रयासले स्पष्ट पारेको छ । खराब व्यवस्थाका विरुद्ध गरेको सङ्घर्ष र मुक्तिको यथार्थ चित्रण 'कालो टीका' उपन्यासको समाजले गरेको छ ।

प्रवासमा बसेर नेपाली मुलुक र नेपाली समाजप्रति कस्तो आस्था, श्रद्धा, प्रेम र लगाव हुन्छ भन्ने कुरालाई पनि यस उपन्यासमा चित्रण गरिएको छ । समग्रमा नेपाली समाज र त्यसको विकास एवम् चेलीबेटीलाई विभिन्न लोभलालचमा फसाएर विदेशमा लगी बेच्नेहरूलाई कडाभन्दा कडा सजायको व्यवस्थाका खातिर लागिपर्नु र त्यसैको विकासको चित्र नै मूलतः यस उपन्यासको देश, काल र वातावरण को चित्रण हो ।

यसरी 'कालो टीका' उपन्यासको लगभग आठ नौ वर्षको समयावधि अर्थात् पञ्चायतकाल अन्तको दुई चार वर्ष अघि र बहुदलिय व्यवस्थाको स्थापनाका चार-पााच वर्ष पछिको कालावधिलाई समेट्दै भारतका विभिन्न शहर पञ्जाबको बठिण्डा, दिल्ली आदिदेखि दाङको लमही, घोराही, रोल्पाको हुङ्दुङजस्ता विभिन्न ठाउामा छरिएर रहेको नेपाली समाजको जिउादोजाग्दो रुपको चित्र खिचिएको छ ।

उपन्यासमा प्रकृतिको सुन्दर, मनोहर र आकर्षक चित्र खिचिएको छ । यस क्रममा रोल्पाको सुन्दर गाउा हुङ्दुङको सूर्योदयको चित्रण, बाासखोलाको साउने कुलाको चित्रण,

हुड्दुङकै पीपलचौतारो चित्रण, वनपाखाको चित्रण आदिले प्रकृतिको मनोरम सुन्दरताले भरिएको उपन्यास समेत भएको छ । उपन्यासकारको स्वछन्दतावादी लेखन र खलवीरको स्वछन्द विचरण अनुरुप प्रकृतिको स्वछन्द मनोरम मनोहर चित्रणको उच्च विशेषता 'कालो टीका'को आ˜नो विशेषता बन्न पुगेको छ । 'कालो टीका' मा महिलाहरूमा पुरुषका तुलनामा चेतनाको विकास कमै छ  विस्तारै चेतना पलाउन र शिक्षित हुन आाटेको स्थितिमा 'कालो टीका' ले पाइला टेकेको छ ।

'कालो टीका' उपन्यासको अभिष्ट स्वछन्दतावादी आदर्शमा रमाउने भए पनि यसको समाज समाजको यथार्थ चित्राङ्कन तर्फ निर्देशित रहेको प्रष्टै भेट्न सकिन्छ ।

### घ) भाषाशैली

'कालो टीका' उपन्यासको भाषाशैली ज्यादै उत्कृष्ट छ । यसको भाषामा तत्सम संस्कृत शब्दको सुव्यवस्थित, सहज र स्वभाविक रुपले प्रयोग भएको छ । बोलीचालीको नेपाली भाषा स्तरीय र मझौला खालको एवम् निम्न स्तरको पनि छ । समग्रमा प्रयुक्त नेपाली व्यवहारिक भाषा उत्कृष्ट छ । श्रृङ्गारिक, आलङ्कारिक र व्यवहारिक निचोडले मथेका अनुभवबाट विस्तृत विचारको चोटिलो प्रयोग स्तरीय भाषामा वेधक हुने गरी प्रस्तुत गरिएको छ । कताकति प्रवासी नेपाली स्थानिय भाषाको प्रयोग, कताकति हिन्दी, अरबी शब्दको प्रयोग र आगन्तुक शब्द प्रयोग, मिश्रित शब्दावलीको प्रयोग, कताकतै मात्र चामलमा ढुङ्गा बिझेझैं एक दुई ठाउामा भए पनि समष्टिमा शब्दप्रयोगको मनोहर विनोदी, सालङ्कृत र प्रसादमय माधुर्य आलोक फिजाएको छ । क्रियाविहीन वाक्यगठन र पदविचलनको प्रयोगले भाषामा सिगार गर्न, आलङ्कारिक प्रयोगको सुषमा भर्न र कवितात्मक माधुर्यको साहित्यिक सौष्ठव छर्न उपन्यासकार सिद्धहस्त बनेका छन् । यस्ता प्रयोगले यो उपन्यास भावात्मक, काव्यात्मक र शैलीका दृष्टिले लावण्यमय बन्न पुगेको छ । यस्तै वाक्यगठनमा आलङ्कारिता , अनुप्रासमयता र माधुर्यपूर्ण भाषा प्रयोग हुनु उनको विशिष्ट शैली सिपको उपज हो ।

संरचनाको दृष्टिले कथावस्तु र घट्नाक्रमलाई विभिन्न परिच्छेदहरूमा आबद्ध गरेर प्रस्तुत गरिएको छ । आदि, मध्य र अन्त्य मात्रै होइन कथानकका पााचवटा विकासका सैद्धान्तिक रुपले सशक्त संगठन भएको यसको कथानक पूर्वीय पञ्चसन्धिका आधारमा समेत बेजोड छ । मूलतः वर्णनात्मक तृतीय पुरुष र वाह्य दृष्टिबिन्दुमा यो उपन्यास संरचित छ । ठाउा ठाउामा पत्रात्मक शैली, अखबारीय शैली, संवादमा नाटकीय, मार्मिकता, सहजता,

स्वाभाविकता, विनोदमयता र मनोहर प्रकृतिका सुष्मापूर्ण चित्रणले यो उपन्यासको शैली निक्कै नै उत्कृष्ट प्रभावोत्पादक र आकर्षक किसिमको हुन पुगेको छ ।

## ङ) उद्देश्य

- मानिसलाई फ्रायडको मनोविश्लेषणसिद्धान्त अनुरुप हेरिनुपर्दछ र यसरी हेर्दा मानिसको साङ्गोपाङ्गो अध्ययन हुनसक्ने लक्ष्यको प्रयोगभूमि 'कालो टीका' उपन्यास भएको छ ।
- मानिस बाह्य बनावट, रुप आकृति र प्रकृतिले मात्र पूर्ण छैन त्यसको पूर्णताका लागि त उसलाई आन्तरिक मनोदशा, आन्तरिक प्रकृति र प्रवृत्तिका दृष्टिले पनि नियाल्नु पर्छ । यसरी बाह्य रुप र आन्तरिक प्रकृति–प्रवृत्ति सबैको समष्टि यथार्थ रुप नै मान्छे हो भन्ने मानिसलाई हेर्ने कलात्मक दृष्टिको प्रयोग यस उपन्यासमा भएको छ ।
- समाज स्वस्थ भएपछि मात्र मान्छे स्वस्थ हुनसक्छ भन्ने युगीन यथार्थ समाजवादी चेतना यस उपन्यासका माध्यमबाट मुखरित भएको छ ।
- मनोवैज्ञानिक सिद्धान्तअनुरुप कुण्ठा, विकृति आदिको विकसित रुप मनोरुग्णता हो र यो सीमित कुरामा अल्झेर दुःखदायी हुन्छ सीमित समस्याको दुःखद् रुग्णतालाई समुचित समाधान दिएर स्वस्थता प्रदान गर्न सकिन्छ भन्ने दृष्टि लछिमाको प्रस्तुति प्रयोगले मनोरोगको स्वस्थताको समाधान मनोप्रयोगको उचित समाधान हो भन्ने प्रस्तुति नै यसको मूल उद्देश्यकथन भएको छ ।
- पितृसत्तात्मक समाजको विकृति नै नारीहरूको दयनीय अवस्था तिनीहरू प्रतिको दमन र बर्वर व्यवहारिकता हो यसर्थ यस विरुद्ध जुर्मुराउनु पर्छ, क्रान्ति र सङ्घर्ष गर्नुपर्छ एवम् नारीअस्मिता र अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्छ । आफ्नो हक आफ्नो अधिकारप्रति नारी आफै सचेत भएर लागि पर्नुपर्छ भन्ने नारीवादी सोच र नारी आस्तित्ववादी सङ्घर्ष लछिमामार्फत चालिनु, विद्रोह र सङ्घर्षको तीव्र फुङ्कार गर्न युगीन नारी चेतनाका दृष्टिले सबभन्दा सान्दर्भिक समुपयुक्त भएकाले त्यसैको प्रयोग उपन्यासमा हुनु युगीन नारी चेतनाका दृष्टिले सार्थक भएको छ ।
- परम्परा मान्छेले मान्छेका लागि बनाएको हो र परम्पराले मान्छेकै हित र भलो गर्नुपर्छ । परम्परा अमानवीय र मानवीयताका विरुद्ध हुनहुदैन । यसर्थ परम्पराले मानवको हित र कल्याण गर्नुपर्छ भन्ने तीव्र चेतनाबोध प्रसार गर्नु पनि यस उपन्यासको उद्देश्य रहेको छ ।

- चेतना मान्छेका हितका निम्ति, कल्याणका निम्ति, सहयोग, सेवा एवम् लक्ष्यको निम्ति प्रयोग हुनसक्नु पर्दछ भन्ने मानवतावादी शङ्खघोष गर्नु पनि यस उपन्यासको आफ्नो लक्षित प्रयोजन हो ।
- भौतिक, शैक्षिक र चेतनाको विकासजस्ता विकासका तीन कडी नै मानव समाजको विकासका लागि अपरिहार्य हुने कुरालाई प्रष्ट पार्नु पनि 'कालो टीका' उपन्यासको उद्देश्य हो ।
- स्वछन्द देखावटी प्रेमभन्दा पनि आत्मिक प्रेम, गरिमामय प्रेम वा आदर्श प्रेम नै वास्तविक प्रेमको रुप हुनसक्ने कुरालाई उपन्यासले प्रष्ट पारेको छ ।
- प्रवासमा बसेका नेपालीहरूको आर्थिक विकासका लागि सङ्घर्ष देखाउनु पनि उपन्यासको महत्वपूर्ण उद्देश्य हुन पुगेको छ । प्रवासमा बसेका यस्ता नेपाली हातमुख जोड्न धौ-धौ परेका, सामान्य दिनचर्या व्यतीत गरेका, निम्न र मध्यम वर्गसम्म उन्नति पक्षमा लम्किएका शैक्षिक चेतना पनि बढाउन थालेका विकासका खुड्किलामा अघि बढेका आदि यथार्थहरूको दिग्दर्शन पनि प्रस्तुत उपन्यासको मूल उद्देश्य भएको छ ।
- आत्मिक समर्पणको प्रेम, उच्च व्यवहारिकताभित्रको आदर्श मित्रता, अभिभावकको अनन्य माया र समाजको आदर्श यात्रा नै जीवनमा आवश्यक कुराहरू हुन् भन्ने देखाउनु पनि 'कालो टीका' उपन्यासको उद्देश्य हो ।
- उपन्यासले चेलीबेटी बेचविखनको समस्यालाई मार्मिक रुपले प्रस्तुत मात्र गरेको छैन यसका विरुद्ध सचेत र सङ्गठित ढङ्गले सङ्घर्ष गर्नुपर्ने कुरालाई समेत उठाएको छ । सामजिक उत्पीडनको यस रुपका विरुद्ध सचेत र सङ्गठित सङ्घर्षको उद्घोष नै यस उपन्यासको महत्वपूर्ण विशेषता हो । सामाजिक परिवर्तनको दिशातिर समाजलाई उत्प्रेरित गर्नु यस उपन्यासको मुख्य उद्देश्य रहेको छ ।
- कुनै पनि चेलीबेटीहरूलाई बेचिनै नदिने वातावरण तयार पार्नु, चेलीबेटी बेचविखनमा लागेका मानिसहरूलाई कडा कारवाही गर्नु, उनीहरूलाई चौतर्फी रुपमा हतोत्साहित पार्नु, भारतका सबै वेश्यालयहरूबाट चेलीलाई नेपाल फर्काउनु, उनीहरूको लागि पूर्ण पुनर्बासको व्यवस्था गराउनु, उनीहरूलाई सम्मानपूर्वक बाँच्ने वातावरणको सिर्जना गर्नुजस्ता काम एक्लैले असम्भव हो । यो काम कुनै सामाजिक संगठनले गरेर पनि

सम्भव हुन सक्दैन यसको लागि त सरकार नै अगाडि सरी कदम चाल्नुपर्छ भन्ने कुराको घोष गर्नु उपन्यासको उद्देश्य देखिन्छ ।

- उपन्यासले बदलाको भावनाले काम गर्दा कसैको पनि भलो नहुने कुरालाई समेत बताएको छ ।

समग्रमा भन्नुपर्दा देश र समाजका यथार्थ घट्नाका पृष्ठभूमिमा विसङ्गत जीवनको लम्बाइ, चौडाइ र गहिराइको घनत्वपूर्ण प्रयोगवादी प्रयोग नै भनाू  विसङ्गतिवादी जीवनदर्शनलाई जीवनभोगाइको प्रयोगात्मक शैलीमा प्रस्तुति दिनु नै 'कालो टीका' उपन्यासको अभीष्ट रहेको छ ।

**च) दृष्टिबिन्दु**

यस उपन्यासलाई समाख्यानमार्फत अगाडि बढाइएको छ र यसको समाख्याता उपन्यासकार स्वयम् हुन् । उपन्यासकारले घटित घटनाको वर्णन 'ऊ' वा 'त्यो' का रुपमा आफू प्रत्यक्षदर्शी र सर्वदर्शीका रुपमा प्रस्तुत गर्दछन् । यसरी प्रस्तुत गर्ने क्रममा हरेक घटनालाई आफु वस्तुनिरपेक्ष रही नाटकीय रुपमा औपन्यासिक कलात्मक ढङ्गले घटनाको वर्णन गर्दछन् । पात्रका चिन्तन, सवेंग, विचार, भावना क्रिया कलाप आदि सबैलाई बुझेर वस्तुगत नाटकीय शैलीमा अन्य पुरुष दृष्टिबिन्दु मार्फत समग्र उपन्यास प्रस्तुत गर्छन् । घटनाक्रम, परिस्थिति र यथार्थको सर्वदर्शी भएर लेखकले समग्र उपन्यासलाई प्रस्तुत गरेका छन् । यस क्रममा लेखकको दर्शन लेखक आफैले सोझै भन्नुभन्दा पनि आफै नभनी महेश, खलवीर, जगत , लछिमाजस्ता पात्रहरूमार्फत तिनीहरूको प्रत्यक्ष कथनका रुपमा प्रस्तुत गरेका छन् । काल्पनिक कथा र घट्नालाई समाजका यथार्थ विसङ्गतिका पृष्ठभूमिमा पात्रीय यथार्थ र वर्णनमार्फत तटस्थ अन्य पुरुष दृष्टिबिन्दुमा उपन्यासकार प्रस्तुत गर्छन् । बीच-बीचमा पात्रीय सवांद र कथनले चरित्र र घटनाक्रम जीवन्त भए पनि मूलतः यसमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**(छ) द्वन्द्व**

उपन्यासमा द्वन्द्वले सशक्तता, जीवन्त, ओजस्विता र गतिशीलता प्रदान गर्ने काम गर्दछ । यसर्थ उपन्यासमा द्वन्द्वको प्रयोग महत्वपूर्ण मानिन्छ । यस दृष्टिले 'कालो टीका' उपन्यासमा

भएको द्वन्द्व हेर्दा यसमा दुई किसिमको द्वन्द्व रहेको छ । त्यो हो एक सामाजिक संरचना र अर्को नयाा सोच एवम् चिन्तनको सामाजिक संरचना । यी दुवै बीच बाह्‍य सङ्घर्ष चर्किएको छ । भनाू पुरानो पुस्ताको परम्परित, रुढीवादी, संकीर्ण चिन्तनको कार्य रुप र नयाा पुस्ताको वैज्ञानिक, चेतनामूलक, परिवर्तित विकसित सोचले पुरानो पुस्तासाग सङ्घर्षको द्वन्द्वात्मक रुप यसरी हेर्दा लगुंरधारी पण्डित, जिम्माल कान्छा, हरिशंकर र सीमाजस्ता पात्रहरू पुरानो, सामन्तवादी रुढीवादीको संवाहक बनेर षड्यन्त्रपूर्ण वातावरणमा जीवन जिउने र जिउन लगाउने प्रवृत्तिमा वाहक बनेका छन् भने खलवीर, जगत, महेश र लछिमा युगीन चिन्तनमूलक चेतना, स्वतन्त्रता हक र अधिकारको ख्याल गर्दै थोपिएका षडयन्त्र फाल्दै षड्यन्त्रका नाइकेको समाप्त गरी परिवर्तित परिवेश भोग्ने चिन्तनबाट निर्देशित छन् । सामन्तवादी पुस्ताले मनपरी चलाएको र लछिमा एवम् खलवीर जस्ताको बिग्रिएको जीवनको रुपमा सङ्घर्ष नै प्रमुख छ र सङ्घर्षको चर्को रुपको सामना गर्दा लछिमा मनोविकृत, विक्षिप्त र मनोरुग्ण हुनपुग्छे । यसर्थ यी दुई पुस्ता बीचको चर्को द्वन्द्वले एउटा निष्कर्ष निकाल्छ – जीवन बहुमूल्य छ र मार्मिक भएकोले यसलाई खेलााची र खेलका रुपमा लिइनु हुादैन । यही निर्णय 'कालो टीका' उपन्यासको बाह्‍य द्वन्द्वले प्रष्ट पार्छ ।

आन्तिरिक द्वन्द्व मनोद्वन्द्व हो । यो लछिमाको र हरिशंकरको सोच र द्वन्द्वले उसलाई मनोरुग्ण बनाएर एक चर्को द्वन्द्व रुपमा भूमिका निर्वाह गर्न बाध्य बनाएको छ । जुन द्वन्द्व तीव्र भयावह कोलाहलपूर्ण र ओजस्वी गुणको मार्मिक र प्रभावात्मक छ । समग्रमा द्वन्द्वका दृष्टिले उपन्यास सबल र उत्कृष्ट हुनपुगेको छ ।

**ज) शीर्षकको सार्थकता**

शीर्षकले सोलोडोलो समग्र कृतिकै अभिधात्मक, व्यञ्जनात्मक, ध्वन्यात्मक र प्रतीकात्मक अर्थ वहन गरेको छ । विषयवस्तुको शारीरिक संगठनको शीर्ष निर्माण नै शीर्षक विधान हो । 'कालो टीका' शीर्षकलाई हेर्दा यो शीर्षक विषयवस्तुको केन्द्रीय प्रतिनिधित्वअनुरुप र विषयवस्तुको संगठनको उपयुक्त शीर्ष निर्माणअनुरुप समुपयुक्त र औचित्यपूर्ण हुनपुगेको छ । विभिन्न बहाना देखाएर अर्थात् लोभलालचमा फसाएर बेश्यालयमा बेचिएका नेपाली नारीहरूको उद्धार भई नेपाल फर्कदा उनीहरू समाजका कलङ्क अर्थात् कालो टीका लगाइएका भनी चिनिन्छन् । कालो टीका लगाएर अर्थात् कलङ्कित भएर बााच्न विवश हुन्छन् । दुष्टहरूको फन्दामा परेर एकपल्ट निधारमा कालो टीका लागिसके पछि जिन्दगीभर नारीहरूले

त्यसको पीडालाई खपेर बााच्न बाध्य हुनुपर्छ यिनै मार्मिक यथार्थलाई मार्मिक ढङ्गले नेतृत्व निर्वाह गर्ने भई दिएकोले घटना एवम् पात्रविधानअनुरुप शीर्षक सार्थक रहेको छ ।

### ५.५.५ निष्कर्ष

यस प्रकार वि.सं. २०५६ सालमा प्रकाशित 'कालो टीका' उपन्यास कथानक पात्र, परिवेश, भाषा, शैली, उद्देश्य , दृष्टिबिन्दु, द्वन्द्व आदिको आधारमा सबल र अब्बल रहेको छ । यथार्थवादका आधारमा यो एक उत्कृष्ट यथार्थवादी उपन्यास हो भने प्रस्तुत उपन्यासबाट विसङ्गतिवादीको सफल प्रयोग गर्ने उत्कृष्ट उपन्यासकारका रुपमा स्थापित भएका छन् । उदय जी.एम. । उपन्यासमा एक हृदयसम्म मनोविश्लेषणको समेत सटीक प्रयोग भएको छ र मनोविश्लेषणका विभिन्न प्रयोगको आधारमा 'कालो टीका' उत्कृष्ट रहेको छ । समाज, प्रकृति, घटना, वर्णन र जीवनका पक्ष पक्षान्तर सबै कोणबाट मानवीय जीवनलाई समेटेर जीवनको लम्बाइ, चौडाइ र गहिराइको घनत्वपूर्ण तेश्रो आयामिक प्रयोग गर्दा जीवन नमिलेझै नमिलाएर प्रयोगवादीको प्रयोगसमेत उपन्यासकारले गरेका छन् । विविध भाव वा सन्देशहरू अभिव्यक्त गरी आ^नो अवस्था र क्रियाकलापप्रति सचेत हुनु तथा भविष्यप्रति उत्तरदायी बन्न सबैमा आग्रह गरिएका दार्शनिक चिन्तनका स्वरहरू समकालीन परिवेशको प्रतिनिधित्व गर्न सफल देखिन्छ उपन्यास । यस उपन्यासले उदय जी.एम.भित्र औपन्यासिक प्रतिभा पर्याप्त छ भन्ने कुराको सङ्केत गर्दछ । आ^नो प्रथम प्रयासमा नै उदयले एउटा गम्भीर र मार्मिक समस्यालाई आ^नो कृतिको केन्द्रीय विषय बनाएर सामाजिक जागरणको सन्देश दिन खोजेका छन् । यो उनको आधुनिक नेपाली उपन्यासको श्रीवृद्धिमा उल्लेख योगदान हो । यसर्थ स्रष्टा उदय जी.एम.लाई आधुनिक नेपाली साहित्यका एक उल्लेखनीय उपन्यासकारका रुपमा लिन सकिन्छ ।

# छैठौं परिच्छेद

# उपसंहार

'उदय जी.एम.को जीवनी, व्यक्तित्व तथा कृतित्वको अध्ययन' शीर्षकको यो शोधग्रन्थ स्नाताकोत्तर तहमा नेपाली विषयको दशौंा पत्रको प्रयोजनस्वरुप तयार गरिएको छ । यस शोधग्रन्थलाई जम्माजम्मी छ अध्यायहरूमा विभाजन गरिएको छ । नागरिकता प्रमाणपत्रअनुसार वि.सं. २०२८ साल असार १६ गते रोल्पा जिल्लाको हुड्दुङ गा.वि.स.मा जन्मेका उदय जी.एम.को बाल्यकाल सुखदै बितेको पाइन्छ । पिता निजमान र माता खीरमाली घर्तीका जेष्ठ सन्तानका रुपमा जन्मेका उनले घरमै बसी स्वाध्याय गरेपश्चात् अलि ठूलो उमेरमा मात्र औपचारिक शिक्षाका निम्ति विद्यालय प्रवेश गरेको देखिन्छ । औपचारिक रुपमा त्यति ठूलो उच्चशिक्षा हासिल नगरे तापनि साहित्य, इतिहास आदिको उनलाई विशेष ज्ञान छ ।

सामान्य किसान परिवारमा जन्मिएका उनको आर्थिक अवस्था सन्तोषजनक नै रहेको छ। विभिन्न पत्रपत्रिकाहरूमा स्तम्भ लेखन गरी सुखी परिवारसाग मध्यमस्तरीय जीवनयापन् गरिरहेका उदय जी.एम.ले सानै उमेरदेखि पढ्दा पढ्दै र रोल्पाका जङ्गल जङगलमा डुल्दा डुल्दै आ˜नो लेखनको प्रारम्भ गरिसकेका थिए । उनको औपचारिक साहित्यक यात्रा 'शुभकामना गोञ्जालो तिमीलाई' शीर्षकको कविता २०४९ सालमा छापिएपछि आरम्भ भएको हो । साहित्यक क्षेत्रका साथ साथै उनी समाजसेवा र पत्रकारिताका क्षेत्रमा समेत सक्रिय छन् । सामाजिक, साहित्यक, राजनीतिक आदि व्यक्तित्वका धनी जी.एम.ले हाल यिनका अतिरिक्त व्यवस्थापक, सम्पादक, सहसम्पादक र सल्लाहकारजस्ता क्षेत्रमा समेत संलग्नता देखाएको पाइन्छ ।

हालसम्म साहित्यकार उदय जी.एम.ले साहित्यका कविता, गजल, मुक्तक, निबन्ध, उपन्यास, गीत, नाटक, कथा, लघुकथा, जस्ता विविध विधामा कलम चलाएको पाइन्छ तर बढी मात्रामा उनी निबन्ध विधामा सक्रिय देखिन्छन् । हालसम्म उनका 'पञ्जाबदेखि रोल्पासम्म' लामो कविता (२०४९), 'कालो टीका' उपन्यास (२०५६), 'मौसम का हरफहरू' संयुक्त कवितासङग्रह (२०५९), 'उनका गजल' गजलसङग्रह (२०५९) र 'पुच्छर नभएका हनुमान' हस्यव्यग्य सङग्रह (२०५९) गरी जम्मा पााचवटा पुस्तककार कृतिहरू प्रकाशित देखिन्छन् । यी

कृतिहरूका अतिरिक्त उनका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न पत्रपत्रिकाहरू विभिन्न रचनाहरू प्रकाशित भई सकेका छन् ।

उदय जी.एम.का समग्र रचनाहरूलाई अध्ययन गर्दा उनको साहित्यिक लेखन वि.सं. २०४४ सालबाट प्रारम्भ भएको र हालसम्म निरन्तर अगाडि बढिरहेको देखिन्छ । उनका हालसम्मका साहित्यिक रचनाहरूमा अन्याय, अत्याचार र शोषणका विरुद्धको स्वर पाइन्छ । यसका साथै उनका रचनाहरूमा मानवीय प्रेम, विसङ्गतिको चित्रण, स्वच्छन्द भावना, व्यङ्ग्यात्मकता, राष्ट्रप्रेमको भावना, प्रकृतिको चित्रण र प्रगतिवादी विचार पनि पाइन्छ । यिनलाई नै उनका साहित्यिक प्रवृत्ति मान्न सकिन्छ । समग्रमा स्वच्छन्द मानवतावादी तथा प्रगतिवादी विचार नै उनको मूल साहित्यिक प्रवृत्ति हो भन्न सकिन्छ । लामो समयदेखि साधना गर्दै साहित्यिक एवम् पत्रकारिता क्षेत्रमा तल्लीन् रही उल्लेखनीय योगदान पुऱ्याएकाले उदय जी.एम.लाई राप्ती साहित्य परिषद्बाट २०५८ सालमा राप्ती साहित्य पुरस्कार, नेपाल पत्रकार महासंघ दाङ शाखाबाट २०६४ सालमा नारायणप्रसाद शर्मा पत्रकारिता प्रतिभा पुरस्कार, दाङ उद्योग वाणिज्य संघबाट २०५६ सालमा आर्थिक पत्रकारिता पुरस्कार एवम् प्रगतिशील लेखक सघंबाट २०६६ सालमा गोविन्द चिस साहित्य पुरस्कार एवम् २०६७ सालमा नेपाल पत्रकार महासंघ दाङ शाखाबाट पत्रकारिता प्रतिभा पुरस्कारद्वारा सम्मानित पनि गरिएको छ । साहित्यिक साधनामा मात्र सीमित नरहेर विभिन्न साहित्यिक सघं सस्थाहरूसाग सम्बन्धित रहेर साहित्य को श्रीवृद्धिमा सक्दो सहयोग पुऱ्याउदै आइरहेका छन् ।

उनी आफू भाव र परिष्कारका निम्ति विभिन्न श्रष्टाहरूद्वारा सिर्जित स्तरीय साहित्यक कृतिहरूको अध्ययन पनि गर्दै आइरहेको कुरा स्वीकार गर्दछन् । आफूले अध्ययन गर्दाका गुरुहरू जीवराज आचार्य र महेन्द्र आचार्यबाट लेखनको प्रेरणा लिएर महाकवि देवकोटा, गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ, हाास्यव्यङ्ग्यकार भैरव अर्याल, ताना शर्माबाट आफू प्रभावित भएको कुरा गर्छन् । यिनको अध्ययनशीलताको कारण रचनाको गुणस्तर कायम गर्दै जानुमा पर्याप्त मद्दत पुगेको देखिन्छन् ।

वर्तमान जीवनमा व्याप्त विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेर सुसङ्गति खोज्ने प्रयास गरेका छन् । वर्तमान नेपाली जीवनले भोग्नुपरेका जटिल परिस्थिति, अनैतिकता, नारावादिता, आडम्बरप्रियता, स्वार्थन्धता, सामन्ती संस्कार, यान्त्रिकता, अकर्मण्यता, अनुदारता, विखण्डनवादिता, अनुशासनहीनता, उदण्डता र शत्रुतापूर्ण प्रवृत्तिप्रति कटु व्यङ्ग्य प्रहार गरेर देश र जनताप्रति जिम्मेवार, नैतिक, कर्त्तव्यपरायण, समतावादी, सहयोगी स्वावलम्बी, समुन्नत, सुखी र शान्त आदर्श समाजको निर्माण गर्ने प्रयास गरेका छन् । साहित्यक तथा साहित्येत्तर

दुबै क्षेत्रमा उनले गरेको र हाल गरिरहेको योगदान प्रशंसनीय छ । सिङ्गो राष्ट्रकै साहित्यक गतिविधिमा उनले गरिरहको कार्य वर्तमान पिढीका लागि प्रेरणाको स्रोत बनेको छ भन्दा दुई मत नहोला । उनका प्रारम्भिक चरणका रचनाहरू त्यति परिमार्जित नदेखिए तापनि पछिल्लो एक दशकदेखि उनले देखिएको सिर्जनधर्मिता प्रतीको सक्रियता र प्राप्त हुदै आएको परिष्कृतिले नेपाली साहित्यको विकासमा धेरै आशावादी हुन सकिने सम्भावनाको ढोका खोलिदिएको देखिन्छ ।

**भावी शोधकर्ताका लागि सम्भाव्य शोध शीर्षकहरू**

- निबन्धकार उदय जी.एम.का निबन्धहरूको शैली वैज्ञानिक अध्ययन ।
- कवि उदय जी.एम.का काव्यकृतिमा अभिव्यञ्जित राष्ट्रियता ।
- उदय जी.एम.का गीत गजलमा पाइने जीवनदर्शनको अभिव्यक्ति ।
- उदय जी.एम.को उपन्यास 'कालो टीका'को अध्ययन ।
- मुक्तक विधामा उदय जी.एम.को स्थान ।

# सन्दर्भग्रन्थ सूची


## संस्कृतग्रन्थ विवरण

- गौतम, कुलचन्द्र– 'अमरकोश' पं. बालकृष्ण आचार्य (टीकाकार) वाराणसी : यशोदा पुस्तकालय ।
- विश्वनाथ– 'साहित्य दर्पण' , सत्यव्रत सिंह (व्या.) वाराणसी : चौखम्बा विद्या भवन ।

## नेपाली पुस्तक विवरण

- अधिकारी, हेमाIराज- 'पूर्वीय समालोचना सिद्धान्त' छैठौं संस्करण, काठमाडौं, साझा प्रकाशन २०५६ ।
- उदासी, टीकाराम– 'युगीन समवेदनाको सहयात्रा : उनका गजल' उनका गजल, प्र.स. काठमाडौं, अतिरिक्त प्रकाशन, २०५९ ।
- उपाध्याय, केशवप्रसाद– 'साहित्यप्रकाश' पाा.सं. काठमाडौं, साझा प्रकाशन, २०४९ ।
- उपाध्याय, केशवप्रसाद- पूर्वीय साहित्य सिद्धान्त, ते.स., काठमाडौं, साझा प्रकाशन, २०५५ ।
- खरेल, रुद्र– 'पुच्छर नभएका हनुमान : समसामयिक समाजको यथार्थ चित्र', पुच्छर नभएका हनुमान, प्र०स० काठमाडौं, सहस्राब्दी प्रकाशन, २०५९ ।
- गिरि, अमर– 'कालो टीका सामाजिक यथार्थको मार्मिक चित्र,' कालो टीका, प्र.सं., काठमाडौं अतिरिक्त प्रकाशन, २०५६ ।
- गिरि, अमर– 'नेपाली गीत संगीतको क्षेत्रमा राप्तीको योगदान' रापतीका गीत, प्र.सं., काठमाडौं, अतिरिक्त प्रकाशन, २०६० ।
- जी.एम., उदय–'उनका गजल', प्र.सं., काठमाडौं, अतिरिक्त प्रकाशन, २०५९ ।
- जी.एम., उदय– 'कालो टीका', प्र.सं., काठमाडौं, निरन्तर प्रकाशन, २०५६ ।
- जी.एम., उदय–'पञ्जाबदेखि रोल्पासम्म', प्र.सं., पञ्जाब, विवश विरही, २०४९ ।
- जी.एम., उदय –'पुच्छर नभएका हनुमान', प्र.सं., काठमाडौ, सहस्राब्दी प्रकाशन, २०५९ ।

- जी.एम., उदय –'मौसमका हरफहरू', प्र.सं., काठमाडौं, अतिरिक्त प्रकाशन, २०५९ ।
- जोशी, ताराप्रसाद –'भूमिका', नेपाली कवितासङ्ग्रह, तृ.सं., काठमाडौं, मोहनप्रसाद, २०४३ ।
- त्रिपाठी, वासुदेव–'भूमिका महाकवि देवकोटा र उनका महाकाव्य' कुमारबहादुर जोशी (लेखक), काठमाडौं, सहयोगी प्रकाशन, २०३९ ।
- त्रिपाठी वासुदेव–'विवरण', काठमाडौं, भानु प्रकाशन, २०२८ ।
- त्रिपाठी, वासुदेव र अन्य–'नेपाली कविता भाग १', साझा प्रकाशन, २०४९ ।
- त्रिपाठी, वासुदेव र अन्य (सम्पा.)–'नेपाली कविता भाग ४', ते.सं., काठमाडौं साझा प्रकाशन, २०५४ ।
- त्रिपाठी, वासुदेव र अन्य–'नेपाली वृहत् शब्दकोश', काठमाडौं, ने. रा. प्र. प्र., २०५२ ।
- त्रिपाठी, वासुदेव र अन्य–'वृहत् नपाली शब्दकोश', २०४० ।
- थापा, हिमांशु– 'साहित्य परिचय', दो.सं., ललितपुर, साझा प्रकाशन, २०५० ।
- थापा, हिमांशु– 'साहित्य परिचय', दो.सं., काठमाडौं, साझा प्रकाशन, २०४२ ।
- देवकोटा लक्ष्मीप्रसाद–'लक्ष्मी निबन्धसङ्ग्रह', नवौं संस्करण, काठमाडौं, साझा प्रकाशन, २०४० ।
- पुरी, गोबिन्द चानन–'गजल एक अध्ययन', नई दिल्ली, सी. आर. पब्लिकेशन, २०४१ ।
- पोखेल, भानुभक्त–'सिद्धान्त र साहित्य', विराटनगर, श्याम पुस्तक भण्डार, २०४० ।
- पोखेल, बालकृष्ण र अन्य –'नेपाली वृहत् शब्दकोश', पा.सं. ।
- बराल, इश्वर–'सयपत्री', नवौं सस्करण, काठमाडौं, साझा प्रकाशन, २०४६ ।
- बराल इश्वर–'छरिएका समीक्षा', साझा प्रकाशन, ललितपुर , २०५६ ।
- बन्धु, चुडामणि –'अनुसन्धान तथा प्रतिवेदन लेखन', रत्न पुस्तक भण्डार, काठमाडौं, २०५२ ।
- भट्टराई, गोबिन्दराज–'सागै बसौं यो रात', साझा प्रकाशन २०४६ ।
- भुषाल, गुणाकर–'आधुनिक नेपाली आख्यान', दो.सं., काठमाडौं, क्षितिज प्रकाशन,२०६१ ।
- रिमाल, डिल्लीराम–'प्रज्ञा ७७', नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

- लुइटेल, खगेन्द्रप्रसाद र अन्य –'नेपाली कवि र कविता', काठमाडौं, विभु रिभु प्रकाशन, २०५८ ।
- शर्मा, गोपीकृष्ण–'नेपाली निबन्ध परिचय', पाा.सं., काठमाडौं, रत्न पुस्तक भण्डार, २०४८ ।
- शर्मा, गोपीकृष्ण र दाहाल, रामप्रसाद–'नेपाली कविता र निबन्ध', दो.सं., काठमाडौं, विद्यार्थी पुस्तक भण्डार, २०५७ ।
- शर्मा शरदचन्द्र– 'नेपाली साहित्यको इतिहास', काठमाडौं, त्रि.वि.पा.वि.के., २०३७ ।
- श्रेष्ठ, दयाराम र मोहनराज– 'नेपाली साहित्यको संक्षिप्त इतिहास', छैठौा संस्करण, काठमाडौं, साझा प्रकाशन, २०५९ ।
- सुवेदी, राजेन्द्र– 'स्रष्टा-सृष्टि, द्रष्टा-दृष्टि', प्र.सं., काठमाडौं, साझा प्रकाशन, २०४३ ।


## हिन्दी पुस्तक विवरण


- द्विवेदी, हरिहरनाथ– 'निबन्ध सिद्धान्त और प्रयोग', पटना बिहार, हिन्दी ग्रन्थ अकादमी, १९७१ सन् ।
- 'नलिन', जयनाथ- 'हिन्दी निबन्धकार', दिल्ली, रामलालपुरी, आत्माराम एण्ड सन्स, १९६४ सन् ।
- 'नादर', रामदास- 'उर्दू काव्यशास्त्रमें काव्यका स्वरुप', नई दिल्ली, कुमार प्रकाशन, २०३१ ।
- 'बामन', शिवराम आप्टे- 'संस्कृत हिन्दी कोश', वाराणसी, मोतीलाल बनारसीदास, २०५० ।
- मुस्तफा, मुहम्मद- 'उर्दू हिन्दी शब्दकोश' प्र.सं., उत्तरप्रदेश, सूचना विभाग, २०१६ ।
- वर्मा, धीरेन्द्र- 'हिन्दी साहित्य कोश', प्रथम भाग, दो.सं., वाराणसी, ज्ञानमण्डल लिमिटेड, २०२० ।
- सहायक, रघुपति 'फिराक'- 'उर्दू भाषा और साहित्य', प्र.सं., उत्तर प्रदेश, सूचना विभाग, २०१९ ।


## स्नातकोत्तर शोधपत्र विवरण

- पौडेल, रघुनाथ- 'बालकृष्ण पोखरेलको निबन्धकारिता', त्रि.वि. मा प्रस्तुत एम.ए. शोधपत्र, २०५१ ।
- रिमाल, केदारनाथ- 'मोदनाथ प्रश्रितको निबन्धकारिता', त्रि.वि. मा प्रस्तुत एम.ए. शोधपत्र, २०४९ ।
- लुइटेल, कल्पना- 'कृष्णचन्द्रसिंह प्रधानको निबन्धकारिता', त्रि.वि. मा प्रस्तुत एम.ए. शोधपत्र, २०५३ ।

## पत्रपत्रिका विवरण

- उदासी, टीकाराम- 'राप्तीको समकालीन कविताको भावभूमि, आाखीझ्याल, वर्ष १, अङ्क १, २०५९ माघ-चैत्र, पृष्ठ १२ ।
- एकिना, अगाध- 'मोफसलका सुन्दर कविताहरु', जनएकता, २०४९, चैत्र ३ ।
- खरेल, एम.पी.- 'राजनैतिक विकृतिप्रतिको तिखो प्रहार : पुच्छर नभएका हनुमान', हााक साप्ताहिक, २०६० वैशाख ३ ।
- खरेल, एम.पी..- 'सङ्कटकालीन पीडाको प्रतिविम्ब : मौसमका हरफहरु', हााक, साप्ताहिक, २०५९, वैशाख ३ ।
- खरेल, रुद्र- 'पुच्छर नभएका हनुमान : समसामयिक समाजको यथार्थ चित्र', तेस्रो सहस्राब्दी मासिक, वर्ष २, अंक ८, चैत्र २०५९ ।
- जी.एम., उदय- 'अर्थहीन युद्ध', रातो लालटिन त्रैमासिक, वर्ष १, अंक १, साउन-असोज २०५७ ।
- जी.एम., उदय- 'भारतमें नेपालीयों पर बढ रहे अन्याय, अत्याचार और मुक्तिका विकल्प', नेपाली एकता मासिक, नयाा दिल्ली, वर्ष १२, अंक १०, अक्टुबर १९९३ ।
- जी.एम., उदयप्रसाद- 'शुभकामना गोञ्जालो तिमीलाई', नेपाली एकता मासिक, नयाा दिल्ली, वर्ष ११, अंक १२, डिसेम्बर १९९२ ।
- विरही, विवश- 'पूाजीवादको गर्भाशयमा साम्यवादको गर्भाधारण', महिमा साप्ताहिक, काठमाडौं, वर्ष १०, अंक १६, २०५८ साउन २६ ।
- विरही, विवश- 'शुभकामना गोञ्जालो तिमीलाई Û', महिमा साप्ताहिक, काठमाडौं, वर्ष १०, अंक १७ ।

पहिलो परिच्छेद

# शोध-परिचय

दोस्रो परिच्छेद

# उदय जी.एम.को जीवनी

## तेस्रो परिच्छेद

# उदय जी.एम.को व्यक्तित्व

चौथो परिच्छेद

# उदय जी.एम.को साहित्ययात्रा, चरणविभाजन र चरणगत प्रवृत्तिहरू

## पाँचौं परिच्छेद

# उदय जी.एम.का कृतित्वको अध्ययन विश्लेषण

छैठौँ परिच्छेद

# उपसंहार